# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**पीताम्बर अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

पीताम्बर अधिकारीको जन्म वि.सं २००५ श्रावण २१ गते पिता षडानन्द र माता कौशलादेवी अधिकारीका माइला पुत्रका रूपमा कोशी अञ्चलअन्तर्गत भोजपुर जिल्लाको केउरेनीपानी गा.वि.स.-२ धारापानी मा भएको हो । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर र पदमोदय क्याम्पसबाट १ वर्षे बी.एड. तहसम्मको अध्ययन पूरा गरेका अधिकारी हाल प्राध्यापन र लेखन पेसाका साथै धार्मिक संस्थामा पनि संलग्न हुँदै आएका छन् । हाल उनी त्रिभुवन विश्वविद्यालय पाटन संयुक्त क्याम्पस काठमाडौंमा नेपाली विषयको सह-प्राध्यापकको रूपमा प्राध्यापनरत छन् । त्यस्तै गरी अद्वैत नामक धार्मिक संस्थामा सह-सभापतिका रूपमा पनि संलग्न रहँदै आएका छन् ।

अधिकारीको साहित्यिक व्यक्तित्व बहुआयामिक देखिन्छ । उनी मूलतः कवि हुन् । त्यसैगरी उपन्यासकार, सम्पादक, समालोचक र लेख/निबन्धकारका रूपमा पनि उनी परिचित छन् । साहित्येतर क्षेत्रमा पनि उनले थोरै मात्रामा भए पनि कलम चलाएको देखिन्छ । अधिकारीले फुटकर कवितादेखि लिएर खण्डकाव्यस्तरका काव्यकृतिको रचना गरेका छन् । उनका आधा दर्जन जति फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् भने उनका **अन्तिम विचार** खण्डकाव्य (२०३९) **रावण** (२०५८), **सेते** (२०५८) गरी तीनवटा खण्डकाव्यहरू प्रकाशनमा आएका छन् । उनको एउटा मात्र उपन्यास **झोडाभित्र** प्रकाशित छ । सम्पादनतर्फ अद्वैत नामक धार्मिक संस्थाबाट प्रकाशित हुने मुखपत्र **साक्षात्कार** पत्रिकाको सम्पादन पनि उनीबाट हुँदै आएको छ । यसरी स्रष्टा, द्रष्टा र सम्पादकका रूपमा रही अधिकारीले नेपाली भाषा र साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । प्रस्तुत शोधपत्रमा अधिकारीको यिनै जीवनी व्यक्तित्व र कृतित्वका विविध पक्षलाई अध्ययनको विषय बनाइएको छ ।

## १.४ समस्याकथन

नेपाली भाषासाहित्यको विकासमा पीताम्बर अधिकारीले कवि, उपन्यासकार, सम्पादक, व्याकरणकारका रूपमा रहेर उल्लेखनीय योगदान पुऱ्याएका छन् । यिनका आधादर्जन जति पुस्तकाकार कृति प्रकाशित छन् । त्यस्तै गरी पत्र पत्रिकामा फुटकर कविता, लेख, निबन्ध र समालोचनाहरू पनि प्रकाशित छन् । यसरी पीताम्बर अधिकारीले नेपाली साहित्यमा सङ्ख्यात्मक भन्दा पनि गुणात्मक दृष्टिले उत्कृष्ट कृतिहरू प्रदान गरेर नेपाली साहित्यलाई समुन्नत बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यति हुँदाहुँदै पनि उनका बारेमा सामान्य रूपमा चर्चा भए पनि उनको जीवनी, व्यक्तित्व एवम् कृतित्वका बारेमा कहीँ कतै हालसम्म चर्चा भएको पाइँदैन । यस्ता उल्लेखनीय प्रतिभाका बारेमा ठोस रूपमा अध्ययन हुन नसक्नु नेपाली साहित्यकै समस्याको विषय हुन पुगेको छ । प्रस्तुत शोधकार्यमा अधिकारीको

जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षलाई प्रकाशनमा ल्याउनका लागि निम्नानुसारका समस्याहरूको निष्कर्ष निकाल्ने प्रयास भएको छ -

(क) पीताम्बर अधिकारीको जीवनी के-कस्तो रहेको छ ?

(ख) पीताम्बर अधिकारीको व्यक्तित्व के-कस्तो छ ?

(ग) पीताम्बर अधिकारीको कृतित्व के-कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरूको समाधानार्थ अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको ठोस, विस्तृत एवम् व्यवस्थित रूपमा अध्ययन गर्नका लागि निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ -

(क) पीताम्बर अधिकारीको जीवनीको अध्ययन गर्नु,

(ख) पीताम्बर अधिकारीको व्यक्तित्वको अध्ययन गर्नु ,

ग) पीताम्बर अधिकारीको कृतित्वको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

पीताम्बर अधिकारीले आफ्ना सिर्जनात्मक रचनाहरूमार्फत् नेपाली भाषा-साहित्यको विकासमा अमूल्य योगदान पुऱ्याए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वका कुनै पनि पक्षमा आजसम्म समुचित अध्ययन हुन सकेको छैन । नेपाली साहित्यको इतिहासको चर्चा गर्ने क्रममा र उनका कृतिहरूका भूमिका एवम् केही पत्रपत्रिकामा बाहेक अधिकारीका बारेमा चर्चा गरिएको पाइँदैन । यिनका लेख रचनाहरूको अध्ययन, विश्लेषण र मूल्यनिर्धारण गर्ने काम पनि हालसम्म कहीँ कतै भएको पाइँदैन । प्रस्तुत शोधपत्र तयारीका क्रममा पूर्वअध्येताहरूले उनका बारेमा गरेका चर्चा र उनका कृतिको भूमिकालाई कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ-

नकुलकाजीले **झोडाभित्र** (२०३८) उपन्यासको भूमिकामा उक्त उपन्यासको बारेमा सामान्य चर्चा गरेका छन् । यसमा उनले अधिकारीलाई सामाजिक उपन्यासकारको रूपमा चिनाएका छन् ।

भरत घिमिरेले **अन्तिम विचार** (२०३९) खण्डकाव्यको भूमिकामा यथार्थ ज्ञान गर्न सजिलो छ भनेर टिप्पणी गरेका छन् ।

हेमाङ्गराज अधिकारीले **सिङ्गो नेपाली व्याकरण** (२०४४) भन्ने पुस्तकको भूमिकामा पीताम्बर अधिकारी र उनको प्रस्तुत कृतिका बारेमा सामान्य चर्चा गरेका छन् ।

घटराज भट्टराईद्वारा सम्पादित **लेखककोश** (२०५६) मा पीताम्बर अधिकारीका **झोडाभित्र** उपन्यास र **सिङ्गो नेपाली व्याकरण** कृति प्रकाशित भएको सूचना दिइएको छ । यसमा उनलाई वार्णिक छन्दका कवि, सामाजिक उपन्यासकार र व्याकरणका रचयिता र धार्मिक चिन्तक भनिएको छ ।

माथिका सामग्रीका आधारमा पीताम्बर अधिकारीको बारेमा सामान्य अध्ययन भए पनि हालसम्म उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत, व्यवस्थित र प्रमाणिक अध्ययन हुन सकेको पाइँदैन । अतः यस शोधपत्रमा उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षका बारेमा अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

विशेषतः कविता,उपन्यास व्याकरण र सम्पादन कार्यमा आफ्नो योगदानलाई जीवन्त तुल्याउने अधिकारीका बारेमा यस अघिका अध्ययन पर्याप्त नभएको हुँदा यस शोधको औचित्य रहेको छ । यस शोधपत्रमा अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यथासम्भव सुव्यवस्थित रूपमा अध्ययन गरिएको हुँदा अधिकारीको साहित्यिक योगदानका बारेमा सम्पूर्ण अध्येताहरूलाई जानकारी हुने भएकाले प्रस्तुत शोधकार्य स्वतः औचित्यपूर्ण देखिन्छ । साथै अधिकारी र उनका बारेमा थप अध्ययन

गर्न चाहने जिज्ञासु पाठकहरूलाई मार्गदिर्नेशन गर्नमा समेत प्रस्तुत शोधकार्यबाट पर्याप्त मात्रामा सहयोग हुने देखिन्छ । तसर्थ प्रस्तुत शोधकार्यबाट पीताम्बर अधिकारीलाई नेपाली साहित्यमा चिनाउँदै उनको साहित्यिक योगदानको मूल्याङ्कन समेत गरिएकाले यस शोधकार्यको औचित्य स्वतः प्रस्टिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य पीताम्बर अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यहाँ उनका जीवनका आरोह-अवरोह एवम् व्यक्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनका काव्यकृति, प्रमुख फुटकर कविता, लेख/निबन्ध र फुटकर समालोचनाको पनि अध्ययन गरिएको छ । त्यसैगरी काव्येतर कृतिको अध्ययन पनि यहाँ गरिएको छ । उनका कृतिहरूको गहन अध्ययन/विश्लेषण गर्न नसक्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । अधिकारीको जीवनी र व्यक्तित्व पक्षको अध्ययनका सन्दर्भमा उनी र उनका आफन्तहरूबाटै धेरै भन्दा धेरै सामग्रीहरू जुटाइएको छ । अग्रजहरूद्वारा लिखित व्यक्तित्व र कृतित्वसँग सम्बन्धित शोधपत्र तथा अधिकारीका पुस्तकाकार कृतिका अग्रभागमा रहेका लिखित भूमिका र मन्तव्यलाई पनि शोधकार्यमा सहायक सामग्रीका रूपमा लिइएको छ । त्यस्तै कृतित्व पक्षका लागि अधिकारीका प्रकाशित पुस्तकाकार कृति र फुटकर लेख रचनाहरूको अध्ययनबाट सामग्री जुटाइएको छ । प्राप्त सामग्रीलाई आवश्यकता अनुसार जीवनीपरक समालोचना पद्धति, सम्बद्ध विधा सिद्धान्तका साथै तुलनात्मक, अनुसन्धानात्मक, ऐतिहासिक र विश्लेषणात्मक विधिको  उपयोग गरी विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत  शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ ।

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : पीताम्बर अधिकारीको जीवनी

३. तेस्रो परिच्छेद : पीताम्बर अधिकारीको व्यक्तित्व

४. चौथो परिच्छेद : पीताम्बर अधिकारीका कृतित्व

५. पाँचौ परिच्छेदः उपसंहार

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

# दोस्रो परिच्छेद

# पीताम्बर अधिकारीको जीवनी

## २.१ जन्म र जन्मस्थान

पीताम्बर अधिकारीको जन्म २००५ साल श्रावण २१ गते बिहिबार नागपञ्चमीका दिन अपराह्न ५ बजे भएको हो । उनी हालको भोजपुर जिल्लाको केउरेनीपानी गा.वि.स. -२ मा पर्ने धारापानी भन्ने ठाउँमा जन्मेका हुन् ।[ज्ञ]

## २.२ पुर्खा र वंश परम्परा

पीताम्बर अधिकारी कश्यप गोत्रीय ब्राह्मण कुलमा जन्मिएका हुन् । उनको पुर्ख्यौली थलो काभ्रेको दाप्चा हो त्यहाँबाट उनका पुर्खाहरू बसाइँ सरी भोजपुरको दिङ्लामा बसोवास गर्नथालेका हुन् ।[द्द] त्यहाँ उनका पुर्खाहरू लगभग दुईसय वर्ष अगाडिदेखि नै बसोवास गर्दै आएका छन् । पीताम्बर अधिकारीको पुर्खाको सम्बन्धमा खोजबिन गर्दा उनी भन्दा तीन पुस्ता अगाडिसम्मको जानकारी उनी स्वयम्बाट प्राप्त भएको छ । यिनी नन्दीकेशरका पनाति रघुनाथका नाति र षडानन्द अधिकारीका छोरा हुन् ।[घ]

पीताम्बर अधिकारीको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । उनका बाबु षडानन्द पण्डित थिए । पिता षडानन्द र माता कौशलादेवी अधिकारीका कोखबाट जन्मका दृष्टिले चौथो सन्तानका रूपमा उनी जन्मिएका हुन् र जीवित सन्तानका दृष्टिले चाहिँ यिनी तृतीय सन्तान हुन् ।[ढ्ढ]

---

[ज्ञ] पीताम्बर अधिकारीबाट प्राप्त मौखिक जानकारी अनुसार ।

[द्द] ऐजन ।

[घ] ऐजन ।

[ढ्ढ] ऐजन ।

## २.३ नामकरण

पीताम्बर अधिकारीको न्वारनको नाम पीताम्बर नै हो ।[छ] उनको नाम नक्षत्र अनुसार राखिएको हो । यिनको नक्षत्र उत्तर फाल्गुनी हो। यिनका बाबु षडानन्द पण्डित भएकाले बाबुले नै उनको नाम राखिदिएका थिए ।[ट] यिनको राशि कन्या हो ।

## २.४ दाजुभाइ तथा दिदीबहिनी

पीताम्बर अधिकारीका एउटी दिदी, एउटी बहिनी, दुई दाजु र तीनभाइहरू भए । यिनी तीन वर्षको हुँदा माइला दाजु र बहिनीको बिफर रोगले असामयिक देहावसान भयो । त्यस्तै कान्छो भाइ दैवराजको १६ वर्षको उमेरमा हैजा रोगले निधन हुन पुग्यो । त्यसैले पिता षडानन्द र माता कौशलादेवीका ८ जना सन्तानमध्ये हाल ५ जना मात्र जीवित छन् ।[ठ]

पीताम्बरकी एकमात्र दिदी माधवीको विवाह दिङ्ला केउरेनीपानीका पुष्पलाल लम्सालसँग भएको हो । २०१२ सालमा पुष्पलालको मृत्यु भएपछि हाल उनी काशीवास छन् । जेठा दाजु दुर्गाप्रसाद दिङलाको सीताराम संस्कृत प्रधान पाठशालाका पूर्व गुरु हुन् । ४ छोरा र ५ छोरीका बाबु दुर्गाप्रसाद हाल काठमाडौं स्थित घट्टेकुलोमा बसोवास गर्छन् । साहिँलो भाइ श्याम पत्रकार छन् । उनका परिवार हाल काठकाडौंको सिनामङ्गलमा बसोवास गर्छन् । काइँला भाइ दण्डपाणि निजामती सेवातर्फ नायव सुब्बा छन् । एक छोरा एक छोरीका बाबु दण्डपाणि हाल आफ्ना परिवारसहित काभ्रेको धुलिखेलमा बसोवास गर्दछन् ।[ड]

---

[छ] ऐजन ।

[ट] ऐजन ।

[ठ] ऐजन ।

[ड] ऐजन ।

## २.५ बाल्यकाल र पालनपोषण

पीताम्बर अधिकारीले बाल्यावस्थामा आफ्ना बाबु र आमाबाट पर्याप्त माया र ममता पाएका थिए । पिता षडानन्द र माता कौशलादेवी अधिकारीका कोखमा जन्मका दृष्टिले चौथो र जीवित सन्तानका दृष्टिले तृतीय सन्तानका रूपमा यिनको जन्म भएको हो । उनकी आमाको तत्कालीन चलनअनुसार बालविवाह भएको थियो । पीताम्बरको बाल्यावस्था भोजपुरमै बितेको हो । बाल्यावस्था मानव जीवनको पहिलो अवस्था हो । यस उमेरका जुनसुकै बालबालिकाहरू पनि बालसुलभ आचरण मनोरञ्जन र खेलमा रमाउने गर्दछन् । यसै अनुरूप अधिकारी पनि यस्ता बालसुलभ आचरणबाट टाढा रहेनन् । बालककालमा उनको स्वभाव अत्यन्त चञ्चल थियो वा उनकै शब्दमा उडन्ते थियो । उनी खेलहरू खेल्नु अत्यन्त मन पराउँथे । खेलतर्फ उनको विशेष रुचि भने पौडी खेल्नु र रूख चढ्नु थियो ।[ढ]

पीताम्बर तीनवर्षको हुँदा गाउँमा बिफर रोग फैलिएको र त्यतिबेला उनका एकदाजु र एक बहिनीको मृत्यु भएको थियो ।[ज्ञण] त्यतिबेला उनी लगायत परिवारका सम्पूर्ण सदस्यलाई बिफर रोग लागेको र भाग्यवश परिवारको अन्य सदस्यहरू बिफरको आक्रमणबाट जोगिएका छन् । २०६३ सालमा अधिकारीले आँखा जचाउँदा त्यतिबेला उनले आफ्नो आँखाका नानीभित्र बिफर लाग्दाको सानो खत भएको थाहा पाए । त्यो देखेर डाक्टर पनि छक्क परेछन् । सौभाग्यवश बिफरबाट उनको आँखा जोगिएछन् । त्यसैगरी ८ वर्षको हुँदा यिनी आउँमासीको प्रकोपले ३ महिनासम्म थलिएका थिए ।[ज्ञज्ञ] यसरी पीताम्बर अधिकारीको बाल्यकाल उपर्युक्त सुख दुःखका जटिल क्षणहरूलाई पारगर्दै बितेको देखिन्छ ।

---

[ढ] ऐजन ।

[ज्ञण] ऐजन ।

[ज्ञज्ञ] ऐजन ।

## २.६ व्रतबन्ध

पीताम्बर अधिकारीको बाल्यकाल भोजपुरको केउरेनीपानीमा नै बितेको थियो । उनको व्रतबन्ध संस्कार २०१३ सालमा ८ वर्षको उमेरमा घरमा नै वैदिक विधिअनुसार भव्यताका साथ सम्पन्न भएको थियो ।[ज्ञद्द]

## २.७ शिक्षादीक्षा

पीताम्बर अधिकारीको जन्म सामान्य शिक्षित परिवारमा भएको थियो । उनको बाबु पण्डित थिए भने आमा साक्षर मात्र थिइन् ।[ज्ञघ] बाबु पण्डित भएकाले सधैंजस्तो आफ्नो काममा व्यस्त रहन्थे तर पनि उनले सानैदेखि छोराको प्रारम्भिक शिक्षामा ध्यान दिएको पाइन्छ । त्यस समयमा अहिलेजस्तो यत्रतत्र विद्यालयहरू थिएनन् । त्यसकारण अधिकारीले बाल्यावस्थामा औपचारिक शिक्षण संस्थामा अध्ययन गर्न पाएनन् । प्रथमतः ५ वर्षको उमेरमा आफ्नै बाबु षडानन्दको काखमा उनले अक्षरारम्भ गरेका थिए ।[ज्ञद्ध] त्यति सानै उमेरमा नेपाली श्लोक भनेर बिहेमा रात कटाउन सक्ने क्षमता पनि उनमा थियो । श्लोकमै गफ गर्न पनि उनी तयार हुन्थे ।

पीताम्बरको उमेर बढ्दै जाँदा उनको औपचारिक शिक्षाको थालनी भने २०१५ सालमा १० वर्षको उमेरबाट मात्र सुरु भयो । त्यतिबेला उनी पढ्नुपर्छ भन्ने विचार लिएर आफै विद्यालय गएका थिए । उनको पहिलो औपचारिक शिक्षण संस्था दिङ्लाको सीताराम संस्कृत प्रधान पाठशाला हो ।[ज्ञछ] उनले त्यहीँबाट २०२० सालमा पूर्व मध्यमाको अध्ययन पूरा गरेका हुन् । त्यसपछि उनी मध्यमा पढाइका लागि

---

[ज्ञद्द] ऐजन ।
[ज्ञघ] ऐजन ।
[ज्ञद्ध] ऐजन ।
[ज्ञछ] ऐजन ।

काठमाडौं आएर वाल्मीकि विद्यापीठमा भर्ना भई त्यहीँबाट उनले २०२१ सालमा प्रथम श्रेणीमा मध्यमा र २०२३ सालमा प्रथम श्रेणीमै शास्त्री परीक्षा उत्तीर्ण गरेका हुन् । त्यसपछि उनी स्नातकोत्तर तहको अध्ययतर्फ नलागी २०२४ मा शिक्षक भएर ताप्लेजुङ गए । २०२४ देखि २०३० सालको बीचमा यिनी विभिन्न विद्यालयहरूमा शिक्षकको रूपमा कार्यरत रहे । विद्यालयमै कार्यरत रहेका बेला २०३० सालमा उनले प्राइभेट परीक्षार्थीका रूपमा त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरे ।[ज्ञट] त्यसैगरी २०३२ सालमा उनले पद्मोदय हाइस्कुलमा सञ्चालित एकवर्षे बी.एड. को पढाइ पनि पूरा गरेका थिए ।

पीताम्बर पठनपाठनका कार्यलाई अनिवार्य ठान्दछन् र उनले स्वाध्यनलाई निरन्तरता दिँदै आएका छन् ।[ज्ञठ] धार्मिक पुस्तकहरू लगायत पत्रपत्रिका किनेर पढ्ने बानी उनको छ । आफूले मात्र नभई परिवारका अन्य सदस्यलाई समेत धार्मिक पुस्तक र पत्रिपत्रिका पढ्न उनी सधैँ प्रेरणा र प्रोत्साहन दिन्छन् । यसरी उनमा विद्यार्थी जीवनदेखि नै पैदा भएको लगनशीलताका साथ अध्ययन गर्ने अभिरुचि हालसम्म कायमै रहेको पाइन्छ । अधिकारी पढाइमा सानैदेखि निकै प्रतिभाशाली थिए र पारिवारिक प्रेरणाबाट नै उनले पढाइमा राम्रो सफलता प्राप्त गरेका हुन् ।[ज्ञड]

## २.८ विवाह, सन्तान र दाम्पत्य जीवन

पीताम्बर अधिकारीको शुभ विवाह २२ वर्षको उमेरमा २०२७ साल जेठमा भएको हो । उनको विवाह भोजपुरको केउरेनीपानी गा.वि.स. १ निवासी काशीनाथ लम्साल र खडगकुमारी लम्सालकी १५ वर्षीया पुत्री राधादेवी लम्सालसँग वैदिकविधि अनुसार भव्यतका साथ सम्पन्न भएको थियो ।[ज्ञढ] पीताम्बर अधिकारी उनकी

---

[ज्ञट] ऐजन ।

[ज्ञठ] ऐजन ।

[ज्ञड] ऐजन ।

[ज्ञढ] ऐजन ।

श्रीमती राधादेवी अधिकारीको कोखबाट तीन छोरा र तीन छोरी गरी जम्मा ६ जना सन्तानहरूको जन्म भएको छ । तीमध्ये हाल तीन छोरा र दुई छोरी गरी ५ सन्तान जीवित छन् भने एक छोरी ४ वर्षको उमेरमा निमोनिया रोगले परलोक भएकी थिइन् ।[द्दण] विवाह भएको तीन वर्षपछाडि पहिलो सन्तानका रूपमा २०३० सालमा सुपुत्री ताराको जन्म भएको हो । व्यवस्थापन विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेकी ताराको विवाह विराटनगर पोखरिया-४ निवासी पुष्कर गौतमसँग भएको छ । एकछोरा र एक छोरीकी आमा तारा हाल महेन्द्र मोरङ क्याम्पसमा व्यवस्थापन विषयकी प्राध्यापकका रूपमा कार्यरत छिन् । २०३४ सालमा दोस्रो सन्तानका रूपमा माइली सुपुत्री सुशीलाको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेकी सुशीलाको विवाह पर्वत रानीपानीका टीकाराम काफ्लेसँग भएको छ । दुई पुत्रकी आमा सुशीला हाल पाटन संयुक्त क्याम्पसमा नेपाली विषयको प्राध्यापकका रूपमा कार्यरत छन् । अधिकारीको तेस्रो सन्तानका रूपमा २०३७ सालमा जुम्ल्याहा सन्तान १ छोरा रमेश एक छोरीको जन्म भएको थियो ।[द्दज्ञ] विज्ञान विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका रमेश हाल प्रधानमन्त्रीको कार्यालयमा अधिकृत पदमा कार्यरत छन् भने छोरीको ४ वर्षको उमेरमा निमोनिया रोगले मृत्यु हुनपुग्यो । त्यसैगरी २०४२ सालमा चौथो सन्तानका रूपमा माइला छोरा उमेशको जन्म भएको हो । अहिले उनी व्यवस्थापन विषयमा स्नातक तहमा अध्ययन गर्दै छन् र अन्तिम सन्तानको रूपमा २०४५ सालमा कान्छो छोरा निमेषको जन्म भयो हाल उनी चिकित्साशास्त्र विषय लिएर स्नातक तहमा अध्ययन गर्दैछन् ।[द्दद्द]

हाल ६० औं वसन्त पार गरिसकेका अधिकारीले आफ्नो जीवनमा कठिन काम कहिल्यै गर्नु परेन । उनलाई पारिवारिक समस्या वा झै झमेलाहरू कहिल्यै

---

[द्दण] श्रीमती राधादेवी अधिकारीबाट प्राप्त मौखिक जानकारी ।

[द्दज्ञ] ऐजन ।

[द्दद्द] ऐजन ।

आइ परेनन् । यति लामो जीवनमा  पति-पत्नीका  बीच कहिल्यै मनोमालिन्य भएन ।[द्घ] राधादेवी नारीसुलभ गुण भएकी नारी हुन् । पीताम्बर पनि ज्यादै शान्त, सरल र सन्तोषी स्वभावका छन् । त्यसैले यी दुवै पति पत्नीका बीच पारस्परिक सहयोगको भावना छ । राधादेवी श्रीमानको खानपिन र जीवनचर्यामा ध्यान दिने गर्छिन् । पति जागिरेका रूपमा र धार्मिक कार्यमा सधैँ व्यस्त रहने हुनाले उनकी पत्नीले नै सन्तानको हेरचाह तथा घरव्यवहार गर्छिन् । [द्ध] पीताम्बर श्रीमती लगायत छोरा, छोरी, ज्वाइँ ,नाति, नातिनीहरूको व्यवहारबाट सन्तुष्ट छन् । हाल उनी मध्यपुर ठिमी नगरपालिका-१५ कौशलटारको आफ्नो निवासमा श्रीमती राधादेवीसहित ३ जना छोराका साथ बसेर बुढ्यौली जीवन आनन्दका साथ बिताइरहेका छन् ।[द्छ] यसरी पीताम्बर अधिकारीको दाम्पत्य जीवन सुखद र सफल रहेको देखिन्छ ।

## २.९ पारिवारिक वियोग

पीताम्बर अधिकारीले आफ्नो ६० वर्षीय जीवनयात्रामा आफ्ना परिवारका धेरै सदस्यहरूसँगको विछोडको पीडा खप्नु पर्‍यो । प्रथमतः उनका ६ दाजुभाइ र २ दिदीबहिनीमध्ये माइला दाजुको २००६ सालमा ६ वर्षको उमेरमा र बहिनीको जन्मेको चार महिनामा बिफररोगले मृत्यु भएको थियो ।[द्ट] त्यसको १० वर्षपछि २०१६ सालमा कान्छो भाइ दैवराजको हैजा रोगका कारण असामयिक देहावसान भएको थियो । त्यसपछि २०३८ सालमा उनका बाबु षडानन्दको देहान्त भयो त्यसकोलगत्तै २०४१ सालमा उनकी ४ वर्षीया छोरीको निमोनिया रोगल निधन भयो । यसरी एकपछि अर्को परिवारका सदस्यहरूसँगको वियोगको पीडा खप्नुपरेका

[द्घ] ऐजन ।

[द्ध] पीताम्बर अधिकारीबाट प्राप्त मौखिक जानकारी अनुसार ।

[द्छ] ऐजन ।

[द्ट] ऐजन ।

अधिकारीले फेरि २०६० सालमा आमाको देहावसानको पीडा खप्नुपऱ्यो ।[द्ठ] मातृभक्त पीताम्बर आमाको देहान्तबाट निकै विचलित भएका थिए । यसरी पीताम्बर अधिकारीले आफ्नो ६० वर्षे जीवनयात्रामा माता, पिता, एकदाजु, एकभाइ, एक बहिनी र एक पुत्री वियोगको पीडा समेत बेहोर्नु परेको देखिन्छ ।

## २.१० बसोवास

भोजपुर जिल्लाको केउरेनीपानी गा.वि.स.-२ मा पर्ने धारापानीमा जन्मेका पीताम्बर अधिकारीको बाल्यकाल आफ्ना आमाबुबाका साथ भोजपुरमै बितेको हो ।[द्ड] उनले पूर्वमध्यमासम्मको अध्ययन त्यहीकै सीताराम संस्कृत प्रधान पाठशालाबाट गरेका हुन् । त्यसपछि मध्यमा तहको पढाइका लागि उनी काठमाडौं आएर तत्कालीन राजकीय संस्कृत महाविद्यालय र हालको वाल्मीकि विद्यापीठमा भर्ना भई त्यहाँ स्थित तीनधारा संस्कृत छात्रावासमा बस्न थाले । त्यहीँबाट उनले २०२३ सालमा शास्त्री तहसम्मको पढाइ पूरा गरेका हुन् ।[द्ढ] त्यसपछि उनको जागिरे जीवन सुरु भयो । जागिरे जीवनका क्रममा उनले नेपालका विभिन्न जिल्लाहरूमा बसोवास गरेको पाइन्छ । प्रथमतः २०२४ सालदेखि सुरु भएको जागिरे जीवनका क्रममा उनले ताप्लेजुङ, मोरङ, सुनसरी, भोजपुर आदि ठाउँहरूमा बसोवास गरेको पाइन्छ ।[घण] सानै उमेरदेखि चञ्चल स्वभावका अधिकारी कहीँ पनि स्थिर भएर बस्न सक्दैनथे । २०३० सालमा उनी पुनः काठमाडौं आएर काठमाडौंको रामकोट स्थित रामकोट मा.वि. मा शिक्षक भई काम गर्न थाले । यस क्रममा उनी काठमाडौंको बागबजारमा डेरा गरी बस्न थाले । २०३० देखि २०३९ सालसम्मको उनको काठमाडौं बसाइ डेरामा नै भयो । २०४० सालमा उनले मध्यपुरठिमी-१५

---

[द्ठ] ऐजन ।

[द्ड] ऐजन ।

[द्ढ] ऐजन ।

[घण] ऐजन ।

कौशलटारमा घर बनाएर हाल उनी र उनको परिवार त्यहीँ बसोवास गर्दै आएका छन् ।[घज्ञ]

## २.११ साहित्यिक प्रेरणा र प्रभाव

पीताम्बर अधिकारी सिर्जनाका क्रममा कविता, उपन्यास, लेख, निबन्ध, समालोचना जस्ता विधामा प्रवृत्त भएका छन् भने दार्शनिक विषयवस्तुमा आधारित ग्रन्थहरू लेखनका साथै अनुवाद कार्यमा पनि उनी प्रवृत्त भएको पाइन्छ । यस्ता कृतिहरूको सिर्जनागर्नमा उनी विभिन्न व्यक्ति, घटना र परिवेशबाट प्रेरित र प्रभावित भएका छन् ।[घ६] आफ्ना बाबुआमा, गुरुहरू तथा तत्कालीन कवि साहित्यकारहरूबाट समेत प्रभावित भई उनी कविता सिर्जनामा लागेका हुन् । उनकी आमा नेपाली परम्परा र संस्कृतिमा आस्था राख्थिन् । भानुभक्तको रामायण दैनिक वाचन गर्ने गर्थिन् । त्यस्तै उनका बाबु षडानन्द पनि दिन दिनै रामायण, महाभारत चण्डी र अमरकोश आदिको वाचन गर्थे । बाल्यावस्थादेखि आमा र बाबुको धार्मिक आस्थाको व्यक्तित्वबाट प्रभावित भई उनी पनि कविता सिर्जनामा लागेको हुन् ।[घघ]

पीताम्बर अधिकारी पूर्वीय दर्शनबाट प्रभावित सर्जक हुन् । उनको वेदान्तीहरूसँगको सङ्गत र स्वाध्ययनका कारण उनमा पूर्वीय दर्शनको निकै गहिरो प्रभाव परेको छ । यिनी त्यतिबेलाका प्रख्यात वेदान्ती विद्वान् क्षितीशचन्द्र चक्रवर्तीका चेला हुन् । डा. क्षितीशचन्द्रको दार्शनिक चिन्तनबाट अत्यन्त प्रभावित भएर नै उनी २०३४ सालदेखि हालसम्म अद्वैत संस्थामा संलग्न हुँदै आइरहेका छन् ।[घद्ध] त्यसैगरी अधिकारी कतिपय समकालीन कविहरू तथा साहित्यिक

---

[घज्ञ] ऐजन ।

[घ६] ऐजन ।

[घघ] ऐजन ।

[घद्ध] ऐजन ।

कृतिहरूबाट पनि प्रभावित भएको पाइन्छ । उनमा देवकोटाको प्रवाहमय शैली, लेखनाथको दार्शनिक कवित्व, गोपालप्रसाद रिमालको तीव्र भावुकता, बालकृष्ण समको वैचारिकता, वासुदेव त्रिपाठीको अध्ययन क्षेत्रको व्यापकता र हेमाङ्गराज अधिकारीको वैषमिक वर्गीकरण र विश्लेषणको प्रभाव परेको छ । [घछ] यसरी पीताम्बर अधिकारीको साहित्यिक सिर्जनामा आमाबाबु तथा विद्वान् एवम् समकालीन स्रष्टाहरूको प्रभावपरेको देखिन्छ ।

## २.१२ रुचि, स्वभाव र सत्सङ्ग

पीताम्बर अधिकारी आध्यात्मिक विचार राख्ने व्यक्ति हुन् । उनको विशेष रुचि सत्सङ्ग र धार्मिक क्रियाकलापमा रहेको छ । सृष्टि र जीवनबारे अन्वेषण गर्ने दर्शन उनलाई मनपर्छ ।[घट] त्यस्तै विभिन्न ठाउँको भ्रमण गर्न पनि उनलाई त्यत्तिकै मनपर्छ । गीत सङ्गीतमा उनलाई नैतिकता र जागृतीमूलक गीतहरू मनपर्छ । अधिकारी खाना खानमा अत्यन्त सजिला छन् । उनी घरमा जस्तो खाना बनेको भए पनि मीठो मानेर खान्छन् । उनको मुख्य खाना दाल भात र तरकारी नै हो त्यस्तै भुटेको मकै र मुलाको साग उनलाई अत्यन्तै मनपर्छ ।

लवाइमा उनी आफूलाई आरामदायी हुने कपडा लगाउनुपर्छ भन्ने धारणा राख्दछन् । सकेसम्म सफा र राम्रा कपडा लगाउन उनी मन पराउँछन् ।[घठ] सरल स्वभाव भएका पीताम्बर सधैँ हंसमुख रहन्छन् । आफ्ना आफन्त र साथीभाइलाई पनि उनी सधैँ प्रसन्न देख्न चाहन्छन् । उनी आफ्ना कारणले अरूलाई दुःख दिन चाहँदैनन् र कसैले अरूलाई हेपेको हेर्न पनि सक्दैनन् ।[घड] पिकनिक जान जुवातास खेल्न उनलाई मन पर्दैन । चुरोट, बिँडीको सेवन पनि उनी गर्दैनन् । सामान्यत “के

[घछ] ऐजन ।
[घट] ऐजन ।
[घठ] ऐजन ।
[घड] ऐजन ।

हुँदैछ भन्ने जान्न खोजे पनि समाचार आवश्यक छैन । प्लेटोले ठीकै भनेका हुन् यो झुटो संसारको पनि फोटो टि.भि के हेर्नू उनी भन्दछन् ।[घढ]

पीताम्बर विद्वान् तथा साधु सन्तसँग सङ्गत गर्न र प्रवचन सुन्न मन पराउँछन् । त्यस्तैगरी उनको सङ्गत समकालीन विद्वान् तथा साहित्यकारहरू वासुदेव त्रिपाठी, रमेश भट्टराई, ठाकुर पराजुली, निनु चापागाइँ, दैवज्ञराज न्यौपाने आदिसँग भएको पाइन्छ भने क्याम्पस पढाउने समय अतिरिक्त खाली समय उनी सत्सङ्गमा व्यस्त रहन्छन् ।[द्धण]

## २.१३ जागिरे जीवन

पीताम्बर अधिकारीको जागिरे जीवन शास्त्री तहसम्मको अध्ययन पश्चात् २०२४ सालबाट सुरु भएको हो ।[द्धज्ञ] उनले २०२३ सालमा काठमाडौंको तत्कालीन नेपाल राजकीय संस्कृत महाविद्यालयबाट शास्त्री तहको परीक्षा उत्तीर्ण गरेका हुन् । त्यसपछि उनी स्नातकोत्तर तहको अध्ययनतर्फ नलागी विभिन्न शिक्षण संस्थाहरूमा आबद्ध भए । यस क्रममा उनले ताप्लेजुङको हाङपाङ मा.वि., मेदिबुङ मा.वि., भोजपुरको दिङ्ला मा.वि. सुनसरीको सुनसरी प्रा.वि. सुनसरीकै प्रकाशपुर नि.मा.वि., र मोरङको लेटाङ नि.मा.वि मा प्र.अ. भएर ५/६ वर्षसम्म काम गरेका थिए ।[द्धद्द] त्यसपछि वि.सं. २०३० को अन्तमा उनी काठमाडौ. आए र पुनः रामकोट मा.वि. मा शिक्षक भए । त्यति बेला उनले शिक्षण पेसालाई नछाडी स्नातकोत्तर तहको पढाइ प्राइभेट परीक्षा दिएर पूरा गरे । स्नातकोत्तर तहको पढाइ समाप्तिसँग सँगै उनको जागिरे जीवन स्कुलबाट क्याम्पसतर्फ मोडियो । २०३३ सालमा उनी अस्थायी प्राध्यापक भएर पुल्चोक स्थिति त्रि.वि. इन्जिनियरिङ क्याम्पसमा गएर त्यहाँ केही

---

[घढ] ऐजन ।

[द्धण] ऐजन ।

[द्धज्ञ] ऐजन ।

[द्धद्द] ऐजन ।

महिना कार्यरत रहे । त्यसको लगत्तै उनी २०३३ कै भदौ महिनामा कीर्तिपुर स्थित त्रि.वि. शिक्षाविभागमा प्राध्यापक भएर गए । त्यहाँ लगभग ६ महिना जतिको समय अध्यापन गरिसकेपछि २०३४ सालमा पाटन संयुक्त क्याम्पसमा उप-प्राध्यापक भएर गएका हुन् र हाल उनी त्यहीँ सह प्राध्यापकको रूपमा कार्यरत छन् ।[द्घ]

## २.१४ सम्मान तथा पुरस्कार

पीताम्बर अधिकारी सम्मान तथा पुरस्कारको अपेक्षा नराखी साहित्य सिर्जना गर्ने व्यक्ति हुन् । नेपाली साहित्यमा पुरस्कारको लागि हुने होडबाजीलाई उनले विकृति ठानेका छन् । आफूलाई सम्मानित गराउन कतिपय लेखकले आफ्नै पैसा खर्च गरी टीका लगाउने र दोसल्ला ओढाउने गरेको उनले देखेका छन् ।[द्ढ] उनको विचारमा पुरस्कार दिने व्यक्तिले मुहार नहेरी कृति र योगदानको मुहार हेर्नुपर्छ । यदि कृति र योगदानको मुहार नहेरी व्यक्तिको मुहार हेरेर पुरस्कार दिइयो भने त्यो पुरस्कार खोसेर ल्याउनुपर्छ भन्ने उनको मान्यता रहेको छ ।[द्छ] उनले नेपाली साहित्यको उन्नति र विकास नहुनाको प्रमुख कारणमध्ये एक कारणका रूपमा गलत ढङ्गबाट दिइने पुरस्कारलाई पनि मानेका छन् । यति हुँदाहुँदै पनि उनले जीवनमा एक पटक पुरस्कार पाएका छन् । वि.सं २०३६ सालमा भएको राष्ट्रिय कविता महोत्सवमा ‘नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका’ शीर्षकको कवितामा उनले प्रमाणपत्रसहित तृतीय पुरस्कार प्राप्त गरेका छन् । त्यसबाहेक उनले हालसम्म अन्य कुनै पुरस्कार तथा सम्मान पाएका छैनन् ।[द्ट]

---

[द्घ] ऐजन ।

[द्ढ] ऐजन ।

[द्छ] ऐजन ।

[द्ट] ऐजन ।

## २.१५ भ्रमण

पीताम्बर अधिकारीले औपचारिक रूपमा कुनै देशको भ्रमण गरेका छैनन् । अनौपचारिक रूपमा उनले नेपाल र भारतका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । शिक्षण पेसा अपनाउने क्रममा उनले नेपालको ताप्लेजुङ, सुनसरी, मोरङ आदि जिल्लाको भ्रमण गरेका छन् भने धार्मिक कार्यक्रमको सिलसिलामा नेपालका १४ अञ्चलमध्ये कर्णाली अञ्चलबाहेक अन्य सबै अञ्चल भित्र पर्ने जिल्लाहरूको विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । त्यसैगरी उनले देश बाहिर भारतको कलकत्ता र काशीको भ्रमण गरेका छन् । अधिकारीले नेपाल र भारत बाहेक अन्य देशको भ्रमण गरेका छैनन् ।

## २.१६ आर्थिक अवस्था

पीताम्बर अधिकारीको पिताको आर्थिक अवस्था सामान्य थियो। उनको घरमा आर्थिक अभाव पनि थिएन र सम्पन्नता पनि थिएन । बाबु षडानन्द पण्डित थिए र उनको पेसा कृषि थियो ।[द्धठ] कृषि नै मुख्य पेसा भएकोले अन्न त प्रशस्त हुन्यो तर बिक्री गर्ने ठाउँ थिएन । कृषिबाहेक आय आर्जनको अन्य कुनै स्रोत नभएकाले पैसा कम हुन्थ्यो । त्यसैले खान प्रशस्त भए पनि लगाउन कठिन थियो । पैसाको अभावका कारण बाल्यावस्थामा उनले जुत्ता चप्पल कहिल्यै लगाएनन् । नित्य स्नान गरेर कपडा फर्ने गर्थे तर कपडा भने मैला हुन्थ्यो । जब उनले जागिरे जीवन सुरु गरे तब उनको आर्थिक अवस्था सबल बन्दै गयो । हाल उनी भक्तपुरको कौशलटारमा ७ अना जग्गामा ६ कोठाको दुईतले घर बनाएर आफ्ना परिवारसहित बस्दै आएका छन् ।[द्धड] यसरी पीताम्बर अधिकारीको जीवनको पूर्वाद्धमा आर्थिक अवस्था सामान्य रहे पनि हाल मध्यम खालको छ ।

---

[द्धठ] ऐजन ।

[द्धड] ऐजन ।

## २.१७ जीवनका केही बिर्सन नसक्ने क्षण

मान्छेको जीवनमा बिर्सन नसक्ने क्षण दुई तवरले आउँछन् । एउटा सफलता एवम् खुसीको बेलामा आउँछ भने अर्को असह्य बज्रपात र असफलताको बेला आउन सक्छ । अधिकारीको जीवनमा यी अवस्था घटेका छन् । प्रथम तः कुरा २०२५ सालको हो त्यतिबेला उनी ताप्लेजुङमा नि.मा.वि. शिक्षकको रूपमा कार्यरत थिए । सोही समयमा अत्याधिक वर्षातका कारण ताप्लेजुङको धेरै ठाउँमा पैरो गएको र बाढी चलेको रहेछ । त्यतिनै बेला उनी एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा बाढीले एउटा खोलाको फड्के उनको पेतालाले छोड्नासाथ तमोर नदीमा पुगछे ।[द्धढ] ४० वर्ष पुरानो त्यस्तो डरलाग्दो घटना अधिकारीको दिमागमा अझै ताजै छ । त्यस्तै उनको जीवनको अर्को बिर्सन नसकिने घटना वि.सं २०३६ सालको हो । जतिबेला उनले राष्ट्रिय कविता महोत्सवमा 'नदी र पाखरा हाम्रा भाग्य रेखा नेपालका' भन्ने शीर्षकमा कविता वाचन गरेर तृतीय पुरस्कार प्राप्त गर्न सफल भएका थिए । जब उनले राजा र रानीको हातबाट पुरस्कार लिए त्यसपछि राजा, रानी र युवराजसँगै बसेर नाटक हेर्ने शुभअवसर पनि उनलाई त्यहाँ मिलेको थियो । दरबारको अनुशासन होला कोही चलेनन् । कोही हास्दा पनि हाँसेनन् सबैको अनुहार प्रतिक्रियाहीन देखिन्थ्यो । सँगै बसेको हुनाले उनी पनि चल्न चल्मलाउन पाएनन् । अढाई घण्टाको समय बाधेर राखेको जस्तो अनुभव उनलाई त्यहाँ भएको थियो ।[छण]

## २.१८ जीवन दर्शन

कुनै पनि साहित्यकारको जीवन जगत्लाई हेर्ने दृष्टिकोण आ-आफ्नै खालको हुने गर्दछ । सोही अनुरूप पीताम्बर अधिकारीको जीवन दर्शन अद्वैत वेदान्त दर्शनबाट प्रभावित छ । उनी आत्मज्ञान विना जीवन असफल हुन्छ भन्दछन् ।

---

[द्धढ] ऐजन ।

[छण] ऐजन ।

आत्मज्ञान प्राप्त गर्न सक्नु र सबैको आत्मालाई चिन्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने उनको आदर्श रहेको छ । उनको विचारमा जीव भनेको ईश्वर नै हो । यो संसारमा ऊ नाटक गर्न ओर्लिएको हो । आफ्नै ईश्वरीय महिमा भुलेर सानो मान्छेमै जन्म, मरण, हाँसो आँसुको नाटक गरेको बेला पनि ऊ महान् ईश्वर नै हो । प्रत्येक व्यक्तिले आफूले आफूलाई बुझ्ेर सानो चित्त, कमजोर विचार त्याग्नुपर्छ । कोही ठूलो र केही सानो वास्तवमा छैन । त्यसैले व्यवहारमा नाटक बिर्गान पनि हुँदैन । जीवनको मुख्य उद्देश्य आफ्नो महिमा जगाउनु खराब र कमजोर चरित्रलाई त्याग गर्नु हो भन्दछन् ।

# तेस्रो परिच्छेद

# पीताम्बर अधिकारीको व्यक्तित्व

## ३.१ व्यक्तित्व निर्माणका प्रमुख आधार

मान्छेको व्यक्तित्व उसको जीवनका विभिन्न आरोह-अवरोह, पीर वेदना हर्ष-खुसी तथा क्रियाप्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका बहन गरेका हुन्छन् । मानिसको व्यक्तित्व निर्माणमा उसका चारित्रिक क्रियाकलापको अझ उल्लेख्य भूमिका रहन्छ । पीताम्बर अधिकारीको व्यक्तित्व निर्माणमा विद्यार्थी जीवनदेखि विभिन्न विद्यालय, महाविद्यालय एवम् विश्वविद्यालयहरूको साहित्यिक क्रियाकलापले आर्जन गरेको चारित्रिक क्रियाकलापको ठूलो योगदान रहेको छ । उनमा निहिति व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

## ३.२ शारीरिक व्यक्तित्व

शारीरिक व्यक्तित्वका दृष्टिले पीताम्बर अधिकारी लाम्चो अनुहार भएका, दुब्ला-पातला, ५ फिट ५ इन्च अग्ला तथा गहुँगोरो वर्णका छन् । सधैँ हसिलो र अत्यन्त चनाखो देखिने अधिकारी भेटघाट र कुराकानीमा अत्यन्तै सरल र मिलनसार छन् ।[छज्ञ] उनको विनम्र, उपकारी तथा स्वाभिमानी स्वभाव अनुहारबाटै झल्कन्छ । चौडा निधार, टम्म मिलेका दाँत, सलक्क परेको नाक ठीक्कका आँखा, ठूला ठूला कान, प्रायः फुलेको पातलो केश र अनुहारमा सानामा बिफर लाग्दाको दाग भएका अधिकारी स्वस्थ चनाखा र प्रतिभाशाली देखिन्छन् । ६० वर्ष पार गर्दै गरेका अधिकारीलाई हेर्दा उनको मुहारमा बुढ्यौलीपन केही मात्रामा देखिए पनि उनको

---

[छज्ञ] ऐजन ।

श्रवण, दृष्टि र स्मरण शक्तिमा कुनै कमी आएको छैन ।उनी अझै अत्यन्त फूर्तिला छन् । दाह्री जुँघा काटिरहने र निधारमा सधैँ रातो टीका लगाइरहने पीताम्बर झट्ट हेर्दा अध्ययनशील, विद्वान्, उज्याला र प्रतिभाशाली व्यक्तित्वका धनी देखिन्छन् ।

## ३.३ व्यक्तित्वका विविध आयाम

### ३.३.१ शिक्षक तथा प्राध्यापक व्यक्तित्व

एउटा असल र दक्ष शिक्षकमा हुनुपर्ने गुणहरू पीताम्बर अधिकारीमा विद्यार्थी अवस्थाबाटै देखा परेको बुझिन्छ । अधिकारीले आफ्नो ६० वर्षे जीवन यात्रामा करिब ३५ वर्ष शिक्षकको रूपमा बिताइ सकेका छन् ।[छद] शिक्षणजस्तो पवित्र र उत्तर दायित्वपूर्ण पेसामा लागेका अधिकारी शास्त्री तहसम्मको अध्ययन पूरागरेपछि २०२४ सालदेखि यो पेसामा संलग्न भएका हुन् । शास्त्री पढ्दा नै उनी प्रतिभासम्पन्न अध्ययनशील, लेखनकला, वक्तृत्व कला आदि सबैमा निपुण भएको पाइन्छ ।[छघ] विद्यार्थीहरूलाई सम्झाउन र बुझाउन सक्ने कला उनमा त्यतिखेर नै विकास भएको बुझिन्छ । प्रतिभा सम्पन्न भएकाले तत्कालीन समयमा गुरुहरूबाटै उनको प्रशंसा भएको पाइन्छ ।

पीताम्बर अधिकारीको समग्र कार्य क्षेत्रलाई हेर्दा उनले शिक्षण पेसालाई नै आफ्नो कर्मक्षेत्र बनाएको देखिन्छ । २०२४ देखि उनी अनवरत रूपमा शिक्षण पेसामा नै क्रियाशील देखिन्छन् । हाङपाङ मा.वि. ताप्लेजुङबाट शिक्षक भई जागिरे जीवन सुरु गरेको उनले मेदीबुङ मा.वि. ताप्लेजुङ, दिङ्ला मा.वि. भोजपुर, सुनसरी प्रा.वि. सुनसरी, लेटाङ नि.मा.वि. मोरङमा प्र.अ. भएर ५/६ वर्षसम्म काम गरेका थिए । यसरी २०२४ बाट सुरु भएको उनको विद्यालय स्तरको शिक्षण यात्रा २०३२ सम्म कायम रहयो । यति नै बेला उनले आफ्नो विद्यालय स्तरको शिक्षण पेसालाई

---

[छद] ऐजन ।

[छघ] ऐजन ।

निरन्तरता दिँदै प्राइभेट स्नातकोत्तर पूरा गरे । त्यसपछि उनले पुल्चोक इन्जिनियररिङ क्याम्पस ललितपुर, त्रिभुवन विश्वविद्यालय शिक्षाविभाग काठमाडौं र पाटन संयुक्त क्याम्पस ललितपुर गरी तीनवटा क्याम्पसमा प्राध्यापन गरिसकेका छन् । २०३४ सालदेखि उनी पाटन संयुक्त क्याम्पसमा नेपाली विषयको सह प्राध्यापकको रूपमा कार्यरत छन् । यसरी अधिकारीले पाटन संयुक्त क्याम्पसमा रहेर लामो समयदेखि शिक्षण सेवा गर्दै आइरहेका छन् र उनी एक कुशल , दक्ष र कर्तव्यनिष्ट शिक्षकको रूपमा परिचित छन् ।[छद्ध]

समग्रमा भन्नुपर्दा सिर्जनात्मक पक्षमा जोड, वस्तुगत दक्षता, स्पष्टवादिता, आधिकारिक बोली, प्रभावशाली व्यक्तित्व, सरल र सहज शैली जस्ता मौकिल विशेषताले गर्दा अधकारी सफल प्राध्यापकका रूपमा चिनिँदै आएका छन् ।

## ३.३.२ सम्पादक व्यक्तित्व

पीताम्बर अधिकारीले विविध क्षेत्रमा हात हालेर सफलता प्राप्त गरिसकेका छन् । ती सफल कार्यक्षेत्रमध्ये सम्पादन पनि एक हो । उनले सम्पादन कार्यको सुरुवात २०३४ सालमा अद्वैत संस्थामा संलग्न भएदेखि थालेका हुन् ।[छछ] अद्वैत संस्थाबाट प्रकाशित हुने मुखपत्र **साक्षात्कार** त्रैमासिक पत्रिकाको संम्पादन कार्य ३० वर्ष अगाडिदेखि उनले गर्दै आइरहेका छन् । त्यहीँबाट उनले सम्पादन कार्यमा दक्षता हासिल गरेर कुशल सम्पादकको रूपमा पनि उनी चिनिएका छन् । उनले सम्पादन गरेका सबै पत्रिका अद्वैत वेदान्तदर्शनमा आधारित छन् । प्रख्यात वेदान्ति विद्वान् डा. क्षितीशचन्द्र चक्रवर्ती गुरुले दिएका धार्मिक प्रवचनहरू र ती सँग सम्बद्ध रचनाहरू जताततै छरिएर रहेकाले त्यसलाई सङ्कलन गरी सम्पादन गरेर राख्ने काम

---

[छद्ध] ऐजन ।

[छछ] ऐजन ।

उनीबाट हुँदै आएको छ ।[छट] यसरी पीताम्बर अधिकारी सम्पादकको रूपमा पनि परिचित छन् ।

## ३.३.३ साहित्यिक व्यक्तित्व

सिजर्ननशील व्यक्तित्व नै पीताम्बर अधिकारीको महिमाशाली एवम् प्रमुख व्यक्तित्व पनि हो । विद्यार्थी जीवनदेखि नै उनले सिर्जनामा रुचि लिन थालेको देखिन्छ । हालसम्म उनका पाँचवटा पुस्तकाकार कृतिहरू र केही फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । तिनै कृतिहरुको माध्यमबाट उनले नेपाली साहित्यको श्रीबृद्धि गर्नमा योगदान पुऱ्याएका छन् ।

पीताम्बर अधिकारी बहुमुखी साहित्यकार हुन् । उनले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । पद्यतर्फ उनले फुटकर कविता र खण्डकाव्य सिर्जना गरेका छन् भने गद्यतर्फ उपन्यास, फुटकर समालोचना र केही लेख निबन्धहरू प्रस्तुत गरेका छन् । यसैगरी उनी अनुवाद तथा भाषा व्याकरण लेखनतर्फ पनि प्रयत्नशील रहेका छन् । उनको बहुमुखी साहित्यिक व्यक्तिका प्रमुख पाटाहरू बारे यहाँ चर्चा गरिएको छ ।

### (क) कवि

पीताम्बर अधिकारी नेपाली साहित्यमा कविका रूपमा सुपरिचित छन् । उनका थुप्रै फुटकर कविता र तीनवटा खण्डकाव्य प्रकाशित छन् । आफ्नो साहित्यिक यात्राको सुरुदखि नै कवितासिर्जनामा रुचि राख्न थालेका पीताम्बर अधिकारीको सबैभन्दा पहिलो प्रकाशित कविता **उद्‌बोधन** हो ।[छठ] यो कविता वि.सं.२०३५ को **युवा** त्रैमासिक पत्रिकाको अङ्क २ मा प्रकाशित छ । यसै कविताबाट उनी भित्रको कवित्व प्रस्फुटित हुन थालेको हो । त्यसपछि उनले विभिन्न

---

छट ऐजन ।

छठ पीताम्बर अधिकारी, 'उदबोधन', **युवा त्रैमासक**, (वर्ष ६,अङ्क १०, २०३५,श्रावण- आश्विन ) , पृ. २३।

पत्रिपत्रिकाका माध्यमबाट क्रमशः आफ्ना कविता रचनाहरू प्रस्तुत गर्दै आएका छन् । **संचेतना** र **युवा** जस्ता विभिन्न पत्रिकाहरूमा उनको कविता छापिएका छन् । उनका पुस्तकाकार काव्य कृतिका रूपमा **अन्तिम विचार**, **रावण** र **सेते** खण्डकाव्य प्रकाशित भएका छन् भने कविताहरूको खेस्रा सङ्ग्रह कविता कुसुम अप्रकाशित नै छ । उनले हालसम्म पनि कविता सिर्जनामा अत्यधिक रुचि लिएको पाइन्छ । यसरी थुप्रे कविता र तीनवटा खण्डकाव्य कृतिका माध्यमबाट पीताम्बर अधिकारी नेपाली साहित्यका सफल कवि व्यक्तित्वका रूपमा स्थापित हुन् पुगेका छन् ।

### (ख) लेखक/निबन्धकार

पीताम्बर अधिकारी आफ्नो साहित्यिक यात्राका क्रममा प्रारम्भदेखि नै लेखक तथा निबन्धकारका रूपमा पनि परिचित हुँदै आएका छन् । उनी सर्वप्रथम वि.सं २०३५ सालको **बिहङगम दृष्टि** त्रैमासिक पत्रिकामा 'मसान नाटक र गोपालप्रसाद रिमाल' शीर्षक लेख प्रकाशित गरेर यस क्षेत्रमा प्रवेश गरेका हुन् ।[छड] यसपछि क्रमशः उनका लेखहरू 'मुक्ति', 'पशुपतिक्षेत्र', 'ललिता'जस्ता विभिन्न पत्रिकाहरूमा छापिएका छन् । त्यसैगरी निबन्धकारको रूपमा पनि उनले फुटकर रचना प्रकाशित गरेका छन् । उनले प्रकाशित गरेको एकमात्र फुटकर निबन्ध 'देशभक्ति' हो ।[छढ] यो फुटकर निबन्ध वि.सं २०४५ असोज-कार्तिक महिनाको बालक पत्रिकामा प्रकाशित छ । यसरी पीताम्बर अधिकारी साहित्यमा लेखक तथा निबन्धकारको रूपमा पनि परिचित छन् ।

### (ग) उपन्यासकार

पीताम्बर अधिकारीले आफ्नो सिर्जनायात्राका क्रममा एउटा औपन्यासिक रचना पनि प्रस्तुत गरेका छन् । **झोडा भित्र** उनको एक मात्र उपन्यास हो । यो

---

[छड] पीताम्बर अधिकारी, 'मसान नाटक र गोपालप्रसाद रिमाल', **बिहङ्गम दृष्टि त्रैमासिक** (वर्ष १,अङ्क १,२०३५), पृ.११-१६

[छढ] पीताम्बर अधिकारी, 'देशभक्ति', **बालक**, (वर्ष २४,अङ्क ४, २०४५, असोज-कातिक) , पृ. ३१ ।

उपन्यास वि.सं २०३८ मा प्रकाशित भएको थियो । यो उपन्यास सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यसबाहेक उनले अरू उपन्यासहरू लेखेनन् तापनि यही एकमात्र कृतिले पनि उनको उपन्यासकार व्यक्तित्वको परिचय दिएको छ ।

**(घ) समालोचक**

पीताम्बर अधिकारी समालोचक व्यक्तित्वको रूपमा पनि परिचित छन् । समालोचकका रूपमा उनले फुटकर रचना प्रकाशित गरेका छन् । उनले गरेको एकमात्र फुटकर समालोचना 'कोइराला र मैनाली' हो । यो फुटकर समालोचना वि.सं२०५० साल फागुन-चैत्र महिनाको **मिर्मिरे** पत्रिकामा प्रकाशित छ ।[टण] यसमा कोइरालालाई मनोवैज्ञानिक कथाकार र मैनालीलाई सामाजिक कथाकारको रूपमा चिनाइएको छ । यसरी उनी समालोचनाका क्षेत्रमा पनि संलग्न देखिन्छन् ।

## ३.३.४ भाषा व्याकरणकार व्यक्तित्व

पीताम्बर अधिकारीले साहित्य सिर्जनाका साथै नेपाली भाषा र व्याकरणको अध्ययनमा पनि कलम चलाएका छन् । उनी नेपाली भाषा र साहित्यलाई असाध्यै माया गर्छन् । नेपाली बोल्दा र लेख्दा यसका शुद्धतामा ध्यान दिनुपर्छ भन्ने उनको धारणा रहेको छ । उनी आफ्ना सम्पर्कमा आउने लेखकहरूलाई शुद्ध लेख्नुपर्छ भन्ने सल्लाह दिन्छन् ।[टञ] उनी नेपाली विषयका शिक्षक हुन र आफ्ना विद्यार्थीहरूले भाषा व्याकरणका सम्पूर्ण ज्ञान एउटै पुस्तकबाट प्राप्त गर्न सकून भन्ने उद्देश्यले उनले **सिङ्गो नेपाली व्याकरण** नामक पुस्तक लेखेका हुन् । यो पुस्तक वि.सं २०४४

---

[टण] पीताम्बर अधिकारी, 'कोइराला र मैनाली', **मिर्मिरे ,** (वर्ष २२, अङ्क ६, २०५० फागुन-चैत्र ) , पृ. ११४ ।

[टञ] धनप्रसाद सुवेदीबाट प्राप्त जानकारी ।

सालमा प्रकाशित भएको हो ।[२६] यसरी प्रस्तुत कृतिका माध्यमबाट उनले आफ्ना भाषा व्याकरणकार व्यक्तित्वको परिचय दिएका छन् ।

### ३.३.५ धार्मिक/आध्यात्मिक व्यक्तित्व

पीताम्बर अधिकारी धार्मिक/आध्यात्मिक व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनले हिन्दू अध्यात्मदर्शनको पर्याप्त अध्ययन गरेका छन् । त्यसैगरी पूर्वीय वेदान्त दर्शनको अध्ययन पनि उनले गरेका छन् । उनले सानै उमेरदेखि नै धर्म कर्ममा अत्यन्त विश्वास राख्थे र ५/६ वर्षको उमेदेखि श्रीमद्भागवत पुराणको कथा सुन्थे र रामायाणको वाचन सजिलै गर्दथे । त्यहीबाट पनि उनलाई धार्मिक क्षेत्रमा बढी रुचि जाग्यो । थोरैमा धेरै कुरा भन्न सक्ने तथा सार खिच्न सक्ने क्षमता उनमा देखिन्छ । उनले व्रतबन्ध गरिसकेपछि दैनिक पञ्चायनको पूजा गर्थे ।यसरी सानै उमेरदेखि धार्मिक/ अध्यात्मिक व्यक्तित्वको रूपमा परिचित अधिकारीमा पछि गएर प्रख्यात वेदान्ति विद्वान् डा.क्षितीशचन्द्र चक्रवर्तीको वेदान्त दर्शनप्रति रुचि जाग्यो । उनले यस संस्थामा रहेर २०३४ सालदेखि सभापतिको कार्यभार पनि वहन गर्दै आएका छन् र नेपालका धेरै जिल्लाहरूको सत्सङ्ग समारोहमा उनले भाग लिएका छन् । हाल उनी यस धर्ममा सक्रिय रूपमा लागिरहेका छन् । यसरी अधिकारीको धार्मिक व्यक्तित्वलाई पनि नियाल्न सकिन्छ ।

### ३.३.६ बहुभाषिक व्यक्तित्व

पीताम्बर अधिकारीका व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये बहुभाषिक व्यक्तित्व पनि एक हो । उनले नेपाली, अङ्ग्रेजी, हिन्दी र संस्कृत गरी चार भाषाको ज्ञान हासिल गरेका छन् ।

---

[२६] पीताम्बर अधिकारी, **सिङ्गो नेपाली व्याकरण,** दोस्रो संसकरण (काठमाडो.: २०४४ पवित्र प्रिन्टिङ्ग पेस) पृ. १६८ ।

### ३.३.७ अभिभावक व्यक्तित्व

पीताम्बर अधिकारी एक कुशल अभिभावकका रूपमा पनि परिचित छन् । तीन पुत्रहरू र दुई पुत्रीहरूका पिता उनले आफ्ना छोराछारीहरूलाई उचित शिक्षादीक्षाको व्यवस्थ मिलाएका छन् । आफ्ना सन्तानका लागि जे जति उत्तरदायित्व बहन गर्नुपर्ने हो त्यो गर्दै आएका छन् । पतिपत्नीका बीचमा स्नेहको भावना भएकाले उनको दाम्पयत्य जीवनमा पनि सौहार्द्धपूर्ण बन्न पुगेको पाइन्छ भने पारिवारिक रूपमा मात्र होइन, उनले असल अभिभावकको दायित्व अन्य क्षेत्रतिर पनि बहन गरेका छन् । घरायसी सल्लाहदेखि लिएर विविध कुरामा सुझाव दिने गुण उनमा रहेको पाइन्छ ।[टघ] समग्रमा भन्दा एक असल पिता, पति र एक सहयोगी व्यक्तिमा हुनुपर्ने आदर्शमय सर्वसुलभ गुण अधिकारीमा पाइने भएकाले उनी एक सच्चा अभिभावकका रूपमा ग्रहण गर्न योग्य छन् ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतिलेखनका बीच अन्तःसम्बन्ध

पीताम्बर अधिकारीले नेपालका विभिन्न विद्यालय तथा क्याम्पसमा अध्ययन, अध्यापन गरी आफ्नो करिब ६० वर्षे जीवन पूरा गरिसकेका छन् । यस अवधिमा उनले धेरै अनुभव बटुली आफूलाई प्राज्ञिक क्षेत्रमा एक सक्षम व्यक्ति बनाइसकेका छन् । जीवनका आरोह-अवरोह अनुरूप नै उनमा भिन्न भिन्न किसिमको व्यक्तित्वको निर्माण भएको देखिन्छ भने तिनको केही प्रभाव आफ्ना कृतिहरूमा कतै कतै देखिन्छ पनि ।

अधिकारीको जीवन भोगाइले कवि, समालोचक, सम्पादक, अनुवादक आदिका रूपमा स्थापित गराइसकेको छ । उनी आफ्नो जीवन निर्वाह गर्ने सन्दर्भमा जुन जुन ठाउँमा पुगेर जे जस्ता अनुभव बटुले उनको व्यक्तित्व पनि तद्अनुरूप नै फस्टाउँदै गएको पाइन्छ ।

---

[टघ] रमेश अधिकारीबाट प्राप्त मौखिक जानकारी अनुसार ।

उदार भावना एवम् सहृदयी लेखक पीताम्बर अधिकारीको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कवि व्यक्तित्वमा नै भोगाइका क्रममा देख्नु र सहनु परेका सामाजिक, सांस्कृतिक तथा राजनैतिक विसङ्गति, अन्याय, अत्याचारप्रति उनको साहित्यकार व्यक्तित्वले विद्रोहको स्वर सुसेलेको पाइन्छ । अर्थात् उनका सबै प्रकारका लेख रचनामा नेपाली जनजीवनले भोग्नु परेका विविध व्यवधान तथा सुख-दुःखप्रति प्रतीक एवम् बिम्बको सहायताले विद्रोह व्यक्त गरिएको छ । अधिकारीको बाल्यकालदेखि नै साहित्यप्रतिको झुकावले उनको जीवनी व्यक्तित्व र कृतित्वका बीच अन्तः सम्बन्ध रहेको देखिन्छ ।

## ३.५ निष्कर्ष

पीताम्बर अधिकारीको जन्म २००५ सालमा भोजपुर जिल्ला केउरेनीपानीको धारापानी भएको हो । उनले बाल्यकालदेखि नै प्रतिभाका धनी र तीक्ष्ण बुद्धि भएका थिए । अधिकारीले हरेक क्षेत्रमा सङ्घर्ष गरेर आफ्नो विशिष्ट व्यक्तित्वको निमाृण गरेको पाइन्छ । बहुमुखी व्यक्तित्वका धनी अधिकारीको अन्य व्यक्तित्वको तुलनामा साहित्यिक व्यक्तित्व र जागिरे व्यक्तित्व प्रभावशाली देखिन्छ । उनी २०२४ सालदेखि शिक्षण सेवामा संलग्न भएका छन् । अधिकारीमा विद्यार्थी जीवनदेखि नै साहित्यिक अनुराग अङ्कुरित भएको पाइन्छ । उनको विस्तृत लेखनक्षेत्र फैलिएको विधा कविता भए पनि उपन्यास, निबन्ध, समालोचना जस्ता साहित्यका विविध विधामा कलम चलाएर आफ्नो साहित्यिक व्यक्तित्वको अद्वितीय क्षमताको प्रस्फुटन गरेको देखिन्छ । अधिकारीका रचनाहरूमा आफ्नो जीवन भोगाइका यथार्थ अनुभूतिहरू र अध्ययन अध्यापनबाट प्राप्त भावबोधहरू प्रतिबिम्बित भएको पाइन्छ । उनका कविताहरूमा जीवनको यथार्थको चित्रण पाइन्छ । नेपाली समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनीतिक विकृति, गरिबी र विद्रोह जस्ता भाव उनका कवितामा प्रस्तुत भएका छन् । अधिकारीले लेखनका सन्दर्भमा विभिन्न क्षेत्र ओगटेको पाइन्छ । उनले ज्ञानविज्ञान र समाजमा विद्यमान विविध यथार्थ पक्षहरूबाट आफ्नो लेखनक्षेत्र

ओगटेर साहित्यको क्षत्रेमा आफूलाई सफल व्यक्तित्वका रूपमा देखाएका छन् । यसरी बहुमुखी व्यक्तित्वका तथा प्रतिभाका धनी अधिकारीले विभिन्न तरिकाबाट भाषा, साहित्य तथा शिक्षण सेवामा समर्पित रहिआएको पाइन्छ ।

# चौथो परिच्छेद

## पीताम्बर अधिकारीका कृतिहरूको अध्ययन

## ४.१ कृति विवरण

पीताम्बर अधिकारी १५ वर्षको उमेरदेखि साहित्य रचनातर्फ प्रवृत्त भएको देखिन्छ । अध्ययनका क्रममा विभिन्न ठाउँको बसाइ र साहित्यिक वातावरणका कारण साहित्य सिर्जनामा अभिमुख भएका उनले २०२० सालतिरबाट कविताहरू लेखेर साहित्य सिर्जनामा प्रवेश गरेका हुन् । उनले शास्त्री पढ्दा पर्याप्त मात्रामा कविता र अन्य लेखहरू लेख्ने गरेको बुभिन्छ ।[टद्ध] संस्कृत अध्ययन गर्दा विभिन्न वार्णिक र मात्रिक छन्दहरूको ज्ञान आवश्यक हुने र सम्बधित छन्दहरूमा नेपाली भाषाका श्लोकहरू बनाई अध्ययन गर्ने गर्दा यस्तो प्रक्रियाबाट उनलाई कविता लेखन कार्यमा बलियो सहयोग मिलेको र यसबाहेक खास कुनै व्यक्तित्वको प्रेरणा नरहेको बुभिन्छ ।[टछ] प्रकाशनको हिसाबले २०३५ सालको **युवा** पत्रिकामा ‘उद्‌बोधन’ शीर्षकको कविता प्रकाशन गरेर उनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् र हालसम्म पनि साहित्य सिर्जनामा निरन्तर सक्रिय देखिन्छन् । यसरी २०३५ सालदेखि सुरु भएको लामो साहित्यिक यात्राका क्रममा आधादर्जन जति फुटकर कविता र पाँचवटा पुस्तकाकार कृतिहरू पनि प्रस्तुत गरेका छन् । यस क्रममा उनले साहित्यिक र साहित्येतर दुवैथरि कृतिहरू लेखेको पाइन्छ । साहित्यतर्फ उनले कविता काव्य, उपन्यास तथा समालोचनामा कलम चलाएका छन् भने साहित्येतर विधाहरूमा चाहिँ उनले भाषाव्याकरणमा कलम चलाएको पाइन्छ । उनका समग्र कृतिहरूको विवरण यसप्रकार छ-

---

[टद्ध] दैवज्ञराज न्यौपानेबाट प्राप्त जानकारी ।

[टछ] पीताम्बर अधिकारीबाट प्राप्त जानकारी ।

**साहित्यिक कृतिहरू**

क) **झोडाभित्र** (उपन्यास, २०४३८)

(ख) **अन्तिम विचार** (खण्डकाव्य, २०३९)

(ग) **रावण** (खण्डकाव्य, २०५८)

घ) **सेते** (खण्डकाव्य, २०५८)

**साहित्येतर कृति**

(क) सिङ्गो नेपाली व्याकरण (२०४४)

यस खण्डमा पीताम्बरका हालसम्म प्रकाशित सबै कृतिहरूको विवेचना गरिएको छ । यस क्रममा प्रथमतः उनका पुस्तकाकार साहित्यिक कृतिहरू तथा फुटकर कविता र लेख निबन्धहरूको विवेचना गरिएको छ । त्यसपछि उनको साहित्येतर कृतिको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

## ४.२ उपन्यासकार पीताम्बर अधिकारी र उनको *झोडाभित्र* उपन्यासको विवेचना

पीताम्बर अधिकारीले साहित्यका विविध विधामा कलम चलाएर ख्याति प्राप्त गरेका छन् । ती धेरै विधामध्ये उपन्यास पनि एक मुख्य विधा हो । उपन्यासकारको रूपमा उनले एउटै मात्र उपन्यास **झोडाभित्र** (२०३८) प्रकाशित गरेका छन् । यही एउटा मात्र उपन्यासले पनि उनी उपन्यासकारको रूपमा परिचित बन्न पुगेका छन् । यस उपन्यासको अध्ययन गर्ने क्रममा मैले उपन्यासकार अधिकारीसँग उक्त उपन्यासको बारेमा छलफल गर्दा उनले **झोडाभित्र** उपन्यास लिलबहादुर क्षेत्रीको **बसाइँ** उपन्यासको उत्तरार्द्ध विषयलाई लिएर लेखेको बताए । त्यसैले प्रस्तुत उपन्यास सामाजिक यथार्थवादी धाराबाट अधिकारी प्रभावित भएर लेखेको बुझिन्छ । यस उपन्यासमा पञ्चायती व्यवस्थामा भूमिहीन **सेते** जस्ता पात्रहरूले भोग्नु परेका

कारुणिक पारिवारिक जीवनलाई प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी तत्कालीन नेपाली समाजमा भूमिहीन जनताहरूको प्रतिनिधि पात्रका रूपमा सेतेलाई स्थापित गरी उपन्यासकारले सेतेप्रति सहानुभूति प्रकट गरेका छन् । उनी आधुनिक नेपाली उपन्यासको क्षेत्रमा सामाजिक यथार्थवादी धारालाई उन्नतशील बनाउन सफल देखिन्छन् । यहाँ अधिकारीको एउटामात्र प्रकाशित उपन्यास झोडाभित्रको उपन्यासका मुख्य तत्त्वको आधारमा अध्ययन गरिएको छ ।

### ४.२.१ रचना र प्रकाशन

**झोडाभित्र** साहित्यकार पीताम्बर अधिकारीको एकमात्र औपन्यासिक कृति हो । उनले तत्कालीन सामाजिक विषयवस्तुमा आधारित भएर यो उपन्यासको रचना गरेका हुन् । प्रस्तुत उपन्यास २०३८ सालमा विवेचना प्रकाशन झापाबाट प्रकाशित भएको थियो ।

### ४.२.२ शीर्षकविधान

**झोडाभित्र** उपन्यासको शीर्षक दुई शब्दको योगबाट निर्मित छ झोडा र भित्र । 'झोडा' भन्नाले तराईको चारकोशे झाडी र 'भित्र' भन्नाले त्यहीँ जङ्गल फाँडेर बस्न विवश, दुःखी-गरिब नेपालीहरू भन्ने बुझाउँछ । अर्को शब्दमा भन्दा नेपालको पहाडको तल र तराईको माथि बीच भागमा पूर्व पश्चिम फैलिएर रहेको जङ्गललाई भूगोलमा चारकोशे झाडी भनिन्छ । स्थानीय बोलीचालिको भाषामा त्यहीँ नै झोडा हो ।

**झोडाभित्र** उपन्यासमा गरिब र निम्नवर्गका नेपालीहरूले समाजमा जीवन जिउनका लागि गरेका कष्टपूर्ण, यात्रालाई देखाइएको छ । केही पैसा कमाएर जीवनमा नयाँ घाम ल्याउन सकिन्छ कि भन्ने आशामा आफ्नो जन्मथलो पहाड छाडेर तराईतिर लागेका सेतेका परिवारलगायत अन्य धेरै परिवारको सामाजिक यथार्थलाई अङ्कन गर्न सफल यस उपन्यासको शीर्षक अभिधात्मक छ । उपन्यासका

सम्पूर्ण घटना र मोडहरू पनि **झोडाभित्र** नै घट्नुले यस उपन्यासको शीर्षक सार्थक देखिन्छ । शीर्षक र घटनाबीच तादाम्य छ ।

## ४.२.३ संरचना

**झोडाभित्र** उपन्यास लघु आयाममा संरचित उपन्यास हो । जम्मा ५१ पृष्ठमा रचना गरिएको यस उपन्यासलाई नाम नदिएका १० खण्ड वा परिच्छेदमा बाँडिएको छ । उपन्यासमा एउटा खण्डको समाप्तिपछि सङ्केत चिह्नका रूपमा तीनवटा थोप्ला (. . .) दिइएको छ भने अर्को खण्ड सुरु गरेको सङ्केतकका रूपमा पानाको माथिल्लो भागको केही स्थान छोडिएको छ । यसरी १० खण्डमा बाँडिएको यस उपन्यासको छैटौँ खण्ड अलिक लामो भए पनि अन्य सबै खण्ड छोटा छोटा छन् र प्रत्येक खण्ड दुःखान्तमा टुङ्गिएको छ ।

## ४.२.४ कथावस्तु

प्रस्तुत **झोडाभित्र** उपन्यास सामाजिक विषयवस्तुमा आधारित सामाजिक उपन्यास हो । यसमा पञ्चायतकालीन नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । यसमा तत्कालीन समाजमा रहेका विकृति, विसङ्गति, गरिबी र अत्याचारी प्रवृत्तिहरू प्रस्तुत भएका छन् । उपन्यासकारले यसमा २०१७ पछि नेपालमा पञ्चायती शाषकहरूको प्रवृत्ति हावी हुँदै जाँदा नेपाली जनताहरूले झेल्नु परेका समस्याहरूलार्य राम्ररी प्रस्तुत गरेका छन् । उपन्यासको कथावस्तुमा नेपालको गाँडे घाउ जस्ता समस्याग्रस्त झोडा र त्यहाँ जीविकोपार्जनका लागि अति सामान्य भूमि पाइने आशाले पाशो लगाइएका दीनहिन नेपालीहरू आउने गर्दथे र पछि त्यहाँका मुखियाहरूबाट पीडित हुन्थे भन्ने कुरा रहेको छ ।[टट] तीमध्ये सेतेको परिवार पनि एक हो । अलिकति नयाँ ठाउँमा कमाउन सकन्छि र सुविधा पनि पाइन्छ भन्ने उत्सुकताले र अलिकति बाध्यताले उसको परिवार पहाडबाट तराईतरि जाने निश्चय

---

[टट] पीताम्बर अधिकारी, 'भूमिका', **झोडाभित्र** (झापाः विवेचना प्रकाशन, २०३८), पृ. क ।

गरी झर्छन् । कोशी टापूमा पुग्छन् । त्यहीँ बेला झोडा खुलेको हल्ला बाटोमा सुनेर तिनीहरू त्यतैतिर लाग्छन् । सरकारी संयन्त्र वनको सुरक्षामा लाग्छ । केही बाठाहरू कमाउन थाल्छन् । कोही यसैलाई राजनीति गर्ने थलो पार्दछन् । गरिबहरू केही होला कि भन्ने अर्धसत्यमै काम गर्दछन् । यसरी दिशाहीन सङ्घर्षमा जिन्दगी अघि बढ्दैछ र भविष्य अन्योलमा छ । यो उपन्यास छापिसकेर पनि तीन वर्ष प्रेसमै सड्न पुग्यो । यो अपराध मैले किन गरे त्यसको स्पटीकरण मसँग अवश्य छ ।[टठ] भनेर यसको भूमिकामा नै उपन्यासकार अधिकारीले भनेका छन् । २०३५ सालमा छापिएको यो उपन्यास तत्लकालीन राजनीतिक परिवेशका कारण २०३८ सालमा प्रकाशित भएको थियो । यस उपन्यासमा पञ्चायतकालीन नेपाली साहित्यकारहरू कसरी आफ्नो लेख रचनाहरू प्रकाशित गर्नबाट वञ्चित हुन्थे र नेपाली जनताको पक्षमा आफ्ना विचारहरू राख्न वञ्चित हुन्थे भन्ने कुरा पनि प्रस्टसँगै देखिन्छ ।

नेपालीहरू एकसरो लुगा लगाउन र एक छाक पेटभर खान नपाएर एक ठाउँबाट अर्को ठाउँमा अनि पहाडबाट तराई र भित्री मधेसका घनाजङ्गल फाँडेर त्यहीँ अस्थायी बास बस्दथे भन्ने कुरा प्रस्तुत उपन्यासमा देखाइएको छ । **झोडाभित्र** शब्दले पनि भित्रि मधेसका सालघारीका एकान्त स्थानहरूलाई बुझाएको छ जुन स्थानमा गरिब जनताहरू काठका झुपडी बनाएर आफ्नो दुःखी जीवन बिताउँथे भन्ने कुरा देखाइएको छ । उपन्यासको आदिदेखि अन्त्यसम्म सेतेकै केन्द्रीयतामा मुख्य कथावस्तु बगेको छ । सहायक पात्रहरूका माध्यमबाट सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यका साथसाथै सुधारको सन्देश लिएर प्रासङ्गिक कथावस्तु पनि समावेश गरेको पाइन्छ । विभिन्न पात्रहरूले भोग्नु परेका निम्न आर्थिक अवस्था, सामाजिक परिवेश, वर्गीय द्वन्द्व समेतलाई समावेश गरी यसको कथावस्तु निर्माण गरिएको छ । कथावस्तु अत्यन्त दुःखद स्थितिमा पुगेर टुङ्गिएको छ । यो उनको

[टठ] ऐजन, पृ. ख ।

सामाजिक विषयवस्तुमा आधारित उपन्यास भएकाले यसमा ग्रामीण भेगका नेपालीहरूका समस्याहरूलाई यथार्थ रूपमा चित्रण गरिएको छ ।

## ४.२.५ चरित्र

उपन्यासमा पात्रहरूको प्रयोग गरिने हुँदा पात्र उपन्यासको मुख्य तत्त्व हो । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थितरूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र भनिन्छ ।[टड] पात्रहरूको प्रयोगले उपन्यासमा जीवन्तता ल्याउने काम गर्दछ । कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गतिदिने माध्यम नै चरित्र हुन् । चरित्रहरू उपन्यासको सारतत्व तथा विचारलाई संवाहन गर्ने माध्यम हुन् ।[टढ] पात्रहरूको संवाद कार्य र गतिमा कथावस्तुको विस्तार हुनुका साथै विचार उद्देश्यको पनि विस्तार भई रहेको हुन्छ । वास्तवमा पात्रहरू विचार सम्प्रेषणका माध्यम हुन् ।[ठण] उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवनको विभिन्न सन्दर्भबाट टिपिन्छन् । यसकारण तिनमा जीवनका विभिन्नताको आरोप गरिएको पाइन्छ । कथानक र वातावरण अनुसार पात्रहरूका गुणहरू फेरिने हुँदा उपन्यासमा गतिशील र गतिहीन, आदर्श र यथार्थ, अर्न्तमुखी, र बहिर्मुखी , गोला र च्याप्टा , सार्वभौम र आञ्चलिक, प्रारम्भिक र मौलिक पात्रहरूको प्रयोग हुन्छ । चरित्रका प्रकारहरूको वर्गीकरण गर्दा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव जीवन चेतना, आसन्नता र आबद्धतालाई प्रमुख स्थान दिइएको पाइन्छ ।[ठज्ञ] उपन्यासकारले पात्रहरू समाजबाट लिन्छन् तर ती जस्ताको तस्तै नलिएर लेखकको सिर्जनात्मक कल्पनाद्वारा ढालिएर समाजका जस्तै बनेर प्रस्तुत हुन्छन् । यसरी प्रस्तुत हुँदा

---

[टड] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा,** (काठमाडौं: साझा प्रकाशन २०५६) पृ. ४० ।

[टढ] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र**, (काठमाडौं: साझा प्रकाशन, २०५६) , पृ. ४३ ।

[ठण] ऐजन, पृ. ३० ।

[ठज्ञ] मोहनराज शर्मा शैलीविज्ञान (काठमाडौं : ने.रा.प्र.प्र., २०४८) पृ. १७४-१७५।

पात्रहरूले विभिन्न किसिमको स्वरूप र चरित्र बहन गर्दछन् । कुनै पात्र उपन्यासको आदि, मध्यम वा अन्त्य कुनै खास भागमा देखिने गर्दछन् । यसरी हेर्दा प्रस्तुत उपन्यासमा पनि कुनै पात्र आदिदेखि अन्त्यसम्म कुनै बीचको भागमा र कुनै पात्र अन्त्यमा आएर देखा परेका छन् । ती पात्रहरू यसप्रकार छन् :

(क) **सेते**

सेते यस उपन्यासको प्रमुख पुरुष पात्र हो । पहाडमा खान नपुगेर श्रीमती र एउटा छोरा र एउटी छोरीसहित जङ्गल फाँडेर जीविको पार्जन गर्ने उद्देश्यले तराईको **झोडाभित्र** पसेको एक गरिब वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । गरिब भए पनि ज्यालादारी गरेर आफ्नो जहान र छोरा छोरीको पालन पोषण गर्ने सेते परिश्रमी छ । ऊ सधैं पसिना बगाएर भनौ या साहू महाजनका घर खेतमा हलिया जस्तो तल्लो स्तरको काम गरेर आफ्ना दैनिक समस्या समाधान गर्दछ । सेते मधेसमा गएर धान फलाउँछ । दसैंमा छोरा, छोरी र श्रीमतीलाई नयाँ लुगाले सिगार्नुका साथै मीठो खाना ख्वाउँछ । राम्रोसँग फलेको धानबालीमा सरकारका भरौटेहरूले गाईवस्तु लगाउँदा प्रतिकार गर्न गएको सेतेले उनीहरूसँग अनेक बिन्ती गरेर बाली बचाउन चाहन्छ तर केही जोड नचलेपछि निराश हुन्छ । ऊ लिङ्गका आधारमा पुलिङ्ग, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनका आधारमा वर्गीय र आसन्नताका आधारमा हेर्दा मञ्चीय पात्र हो ।

**ख) पुतली**

पुतली यस उपन्यासकी नारी पात्र हो । उपन्यासमा सेतेको श्रीमतीको रूपमा उपस्थित पुतली गरिब वर्गको प्रतिनिधित्व गर्ने पात्रको रूपमा पनि देखा परेकी छे । सेतेले पहाडबाट मधेसको **झोडाभित्र** पस्ने सल्लाह गर्दा त्यसलाई स्वीकार गरी मधेस पसेकी पुतली सङ्घर्षशील नारी पात्र हो । मधेसमा पुगेपछि लोग्ने स्वास्नीको बीचमा झगडा हुँदा कुटाइ खानु परेपनि ऊ लोग्ने बिरामी हुँदा सेवा चाकरीमा

तल्लीन रहन्छे । डम्बरे र थकाली बुढाले सेतेसँग झगडा गरेको कुराथाहा पाएपछि पुतली रिसले आँखा नदेखी भयङ्कर चित्कार गर्दै भोको सिंहिनीको जस्तो गरी थकालीको घाँटी समाउन पुग्छे । सेतुपाध्याले सेतेको घरमा आएर पैसा माग्दा सेतेले घोर्ले बाख्री बेचेर पैसा दिन सहमित जनाए पनि कडा स्वभावकी पुतली आफ्नो गर्धन काटे पनि घोर्ले बाख्री कसैलाई नदिने निर्णय गर्छे । सेतु पाध्या जस्ता समाजका सामन्ती र शोषकहरूको विरोध गर्ने पुतली विरोधी र क्रान्तिकारी स्वभावकी नारी पात्र हो । दसैं खर्चका लागि बुलाकी बेचेर भए पनि रमाइलो गर्नुपर्छ भन्ने पुतली रोमान्टिक स्वभावकी नारी पात्र हो । यसरी समग्रमा भन्नुपर्दा लिङ्गका आधारमा ऊ स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख नारीपात्र, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गीय र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

**(ग) सेतु पाध्या**

सेतुपाध्या यस उपन्यासको सहायक पात्र हो । ऊ उपन्यासको मध्य भाग - पाँचो अध्याय) बाट देखा परेको छ । ऊ झोडाभित्रको समाजको धनी व्यक्तिको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ सधैँ समाजमा रहेका गरिब वर्गमाथि शोषण गर्ने काम गर्दछ । प्रत्येक परिवारका व्यक्तिबाट समय समयमा विभिन्न निहु झिकी पैसा माग्ने गर्छ । ऊ सेतेको घरमा आएर जग्गा ठीक गर्ने निहुँमा पैसा माग्छ तर घोर्ले बाख्री बेचेपछि दिन्छु भन्दा छिटो दिने कोसिस गर भन्छ । पुतली घोर्ले बाख्री नबेच्ने अड्डी कसेपछि पहाडबाट आएको नयाँ केटासँग दुईसय रूपैया मागी उसका लागि जग्गाको व्यवस्था गर्ने कुरा व्यक्त गर्छ । सेतुपाध्ये एकातिर जनतालाई व्यवस्था गर्ने निहु गरी पैसा माग्छ भने अर्कोतिर पुलिस लगाएर पाकेको धानबालीमा भैंसी चराउन लगाउँछ । ऊ अरूको प्रगति र खुसी देख्न नचाहने ईर्ष्यालु स्वभावको पात्रको रूपमा प्रस्तुत भएको छ । समग्रमा भन्नु पर्दा ऊ लिङ्गका आधारमा पुलिङ्ग, कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा असत्, स्वभावका

आधारमा गतिहीन र जीवन चेतनाका आधारमा वर्गीय पात्रका रूपमा देखा परेको छ ।

**(घ) भुजेलबुढा**

भुजेलबुढा यस उपन्यासको गौण पात्र हो । ऊ उपन्यासको दोस्रो भागदेखि देखापरेको छ । उपन्यासमा उसको भूमिका गौण रूपमा रहेको छ । सेते बिरामी हुँदा उसको घरमा आएर हेरचाह गर्ने सहयोगी पात्रको रूपमा ऊ उपन्यासमा उपस्थित भएको देखिन्छ । सेतुपाध्येले घरमा आएर विभिन्न थरिका कुरा लगाउँदा हजुर भनेर सम्बोधन गर्ने भुजेलबुढा गरिब वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । सेते र पुतलीको बीचमा ठास ठुस पर्दा सम्झाइ बुझाई उनीहरूको झगडा कम गर्ने भुजेल बुढा शान्त स्वभावको पात्र हो । गरिबहरूको धानखेतमा पुलिसहरूले गाईवस्तु चराउँदा केही प्रतिक्रिया दिन नसक्ने भुजेलबुढा पनि धनी र सामन्तवर्गबाट पीडित व्यक्तिका रूपमा खडा भएको छ । यसरी हेर्दा लिङ्गका आधारमा ऊ पुलिङ्ग , कार्यका आधारमा गौण, प्रवृत्तिका आधारमा सत् र जीवन चेतनाका आधारमा वर्गीय पात्र हो ।

यसबाहेक प्रस्तुत उपन्यासमा अन्य थुप्रै पात्रहरू रहेका छन् । उपन्यासभित्र तिनीहरूको कुनै भूमिका नभए पनि तिनले उपन्यासलाई गतिदिने काम गरेका छन् । त्यस्ता पात्रहरूमा मुखियाको छोरा, गोपाले, कुटेल्नी बज्यै, डम्बरे कामी, काले दमाई, रैनी बुढी , च्याङबा र भुजेल्नी बुढी रहेका छन् ।

## ४.२.६ देशकाल, वातावरण

कुनै काम हुनका लागि उपर्युक्त स्थल उपन्यासको कार्यपीठीका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई कथान्तरमा पर्यावरण, वातावरण

र परिवृत्त, परिधिजस्ता शब्दहरूले सम्बोधन गर्ने गरिन्छ ।[७६] उपन्यासमा भित्रि मधेसका चारकोशे झाडी फाँडेर आफ्नो जीवन गुजारा गर्न बाध्य विभिन्न जातजातिहरूको चित्रण गरिएको छ । यसका मुख्य घटनाहरू **झोडाभित्र** नै घटेका छन् । त्यसैले यसको मुख्य क्षेत्र यही नै हो । उपन्यासमा बाह्य परिवेशका रूपमा सामाजिक परिवेश आएको छ । यस अन्तर्गत समाजमा सहयोग गर्नुपर्छ भन्ने भावना छ । **सेते** बिरामी पर्दा भुजेल बुढाले सहयोग गरेका छन् । आन्तरिक परिवेशको रूपमा पात्रपात्राको मनोजगत्लाई देख्न सकिन्छ ।

पञ्चायतकालीन नेपालमा हुने गरेको शोषण र अत्याचारलाई देखाउने प्रयास पनि यहाँ गरिएको छ । । **झोडाभित्र** बसोवास गर्ने सर्वसाधारण किसानहरूको समन्ती समुदायद्वारा हुने आर्थिक र सामाजिक शोषणको ज्यादै प्रखर र स्वाभाविक चित्रण गरिएकाले पञ्चायतीकालीन नेपालको चित्रण हो भन्ने बुझिन्छ । यसरी यसमा त्यस भेगका सामाजिक जीवनलाई पस्तुत गर्दै विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पनि गरिएको छ । मूलतः सेतेको कष्टपूर्ण जीवन यात्राको विषयवस्तुलाई लिएर उपन्यास सिर्जना गरिएको छ ।

## ४.२.७ संवाद

संवाद उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यसले उपन्यासलाई गतिशील र जीवन्त बनाउन अहम भूमिका खेलेको हुन्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन मात्रै होइन रोचकता र स्वाभाविकता सृष्टि गर्नमा समेत संवादको महत्त्वपूर्ण भूमिका रहन्छ । संवाद उपन्यासको नाटकीय तत्त्व हो । उपन्यासकार अधिकारीले प्रस्तुत उपन्यासमा छोटा मीठा र नाटकीय संवादको साथै वर्णनात्मक रूपको पनि प्रयोग गरेका छन् । यस्ता संवादका नमुना हुन् -

अँ

[७६] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (वाराणसीः भूमिका प्रकाशन, २०५३) , पृ. १८-१९ ।

(**झोडाभित्र** पृ. २९)

**खै** के हो के हो ? **सेते** बोल्यो

नानीले बोली के को के हुन्थ्यो ! पैसा खोजेको पैसा

(**झोडाभित्र** पृ. ३३)

यहाँ सेते र पुतलीबीचको संवाद पनि सरल रूपमा व्यक्त गरिएको छ । यसले एकातिर अशिक्षा देखाएको छ भने अर्कातिर गरिबी देखाएको छ । "के भनिस् रे आइमाई मात्तिए भने टाउकोमा टेक्छन् भन्थे आजदेखि पानी बाराबार बुझिस् अझ उसका माइतीले चारपैसा दिन सकेको भए के गर्थी ! निक्ली यो मेरो घरबाट ।"

"कसको घर अरे ? तिम्रो घर" ओठ लेप्र्याउँछे । उमेर हुन्जेल झुत्तियो अनि जा भन्ने । यी चिची र भुँडी नभए बिहान बेलुका काम गरेर जसले पनि एक पेट खान दिन्छ ?" (**झोडाभित्र**, पृ. २८)

यसरी प्रस्तुत उपन्यासमा अधिकारीले पात्र सुहाउँदो संवादको पयोग गरेका छन् । संवाद प्रयोगका दृष्टिले उपन्यास सरल, सहज र स्वाभाविक देखिन्छ ।

## ४.२.८ भाषाशैली

उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ ।[ठघ] भाषाको माध्यमबाट विभिन्न भाव वा विचार व्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो ।

यस उपन्यासमा उपन्यासकार अधिकारीले सरल भाषा र सजिलै बुझ्न सकिने शैलीको प्रयोग गरेका छन् । यो एक निश्चित ठाउँको विषयवस्तुमा आधारित हुनाले भाषामा स्थानीयपन आएको देखिन्छ । निम्न वर्गीय गाउँले किसानले बोल्ने

[ठघ] कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (दो.सं, साझा प्रकाशन, : २०५८) , पृ. ४२ ।

भाषाको प्रयोग यहाँ गरिएको छ । बीच बीचमा प्रसङ्ग अनुसार उखान टुक्काको प्रयोग गरिएकाले उपन्यास रोचक बन्न पुगेको छ । केही यस्ता उदाहरणहरू हुन्-

टाउँकोमा टेक्नु (झोडाभित्र, पृ. २८)

नेपाल गयो कपालसँगै, बर्मा गयो कर्म सँगै (झोडाभित्र, पृ. ३०)

कन्सिरी तात्नु (झोडाभित्र, पृ. ३)

सोझो औँलाले घिउ आउँदैन (**झोडाभित्र**, पृ. २६)

त्यसै गरी प्रस्तुत उपन्यासमा अधिकारीले झर्रो नेपाली शब्द र केही अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग गरेका छन् । भाषालाई सरल र सहज बनाउका लागि प्रयोग गरिएका यी शब्दहरू प्रायः पात्र अनुकूल नै छन् । उपन्यासकारले प्रयोग गरेका केही झर्रा शब्दहरू "राँडी घोर्ली थुतुनु, गधा, नापिएको, लछारपाटो" आदि त्यस्तै गरी अङ्ग्रेजी शब्द "लाइफ, हिस्ट्रि, इन्टरेष्टिङ, अडर, स्टयान्डर आदि । यसमा  प्रयुक्त भाषा ग्रामीण जीवनको विविध पक्षलाई देखाउनसक्षम छ । यसमा प्रायः सरल वाक्यको प्रयोग गरिएको छ । यसमा  प्रश्न चिह्न, विश्मयादिबोधक चिह्नको पनि प्रयोग छ वाक्य गठन प्रचलित नेपाली व्याकरण अनुसार नै छ ।

यसरी प्रस्तुत उपन्यासमा पात्र सुहाउँदो भाषा र घटना सुहाउँदो शैलीको प्रयोग अधिकारीले गरेका छन् ।

## ४.२.९ उद्देश्य

प्रयोजनविनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्दैन । उपन्यास रचनाको प्रयोजनमा कुनै न कुनै उद्देश्य निहित हुन्छ चाहे त्यो प्रत्यक्ष आरोपित भएको होस अथवा परोक्ष रूपमा अन्तर्निहित ।[७८] प्रस्तुत उपन्यासमा अधिकारीले तराईको चारकोसे झाडी फाँडेर त्यहीँ बसोवास गरेका विभिन्न जातजातिका

[७८] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** , ते.सं ललितपुर : साझा प्रकाशन, २०५२ ) पृ. ११ ।

मानिसहरूको आर्थिक र सामाजिक चित्रण गरेका छन् । उपन्यासमा उपन्यासकारले एकातिर अन्याय अत्याचारलाई देखाउने उद्देश्य राखेको देखिन्छ भने अर्कातिर ती अन्याय र अत्याचारमा परेका शोषित पीडित जनताहरूमा आक्रोश पनि जाग्दै छ भन्ने तथ्यलाईसमेत देखाइएको पाइन्छ । जबसम्म शोषण दमनको अन्त्य हुँदैन तबसम्म जनताले सुखको सास फेर्न सक्दैनन् भन्ने उपन्यासकारको धारणा छ । आफ्नै मेहनत र परिश्रमबाट सुख प्राप्त गर्न खोज्दा पनि सामन्ती र शोषकहरू बाधक बनेर निस्कन्छन भन्ने कुरा पनि उपन्यासकारले व्यक्त गर्न खोजेका छन् । सेतेका माध्यमबाट उपन्यासकारले आफ्ना कुराहरू प्रस्तुत उपन्यासमा राखेको देखिन्छ ।

### ४.२.१०. निष्कर्ष

**झोडाभित्र** आकार-प्रकारका दृष्टिले लघु आयाममा संरचित उपन्यास हो । सरल तथा सुबोध भाषाशैलीको प्रयोग गरी प्रस्तुत उपन्यास तयार पारिएको छ । सामाजिक यथार्थवादी धाराबाट प्रभावित भई उपन्यास सिर्जनामा कलम चलाउने उपन्यासकार अधिकारी नेपाली समाज भित्रका समसामयिक कारुणिक घटनाहरूलाई **झोडाभित्र** उपन्यास मार्फत् चित्रण गर्न सफल देखिएका छन् । यसमा पञ्चायती शासन व्यवस्थामा न्यायिक पक्ष कमजोर भएको र सेतु पाध्येले भ्रमपूर्ण आश्वासनका माध्यमबाट आफूलाई लाभ पुग्ने चरित्र प्रदर्शन गरेको कुरा प्रस्ट्याउँदै पञ्चायती व्यवस्थामा त्यस्तो छुट्टहरूलाई संरक्षण गरिन्थ्यो र भूमिहीनहरूप्रति असंवेदनशील थियो भन्ने विचार प्रकट गरिएको छ ।

प्रस्तुत **झोडाभित्र** उपन्यासले प्रतीकात्मक रूपमा भूमिहीनहरूलाई बुझाएको छ । उक्त शीर्षकले तिनीहरूकै पक्षमा आवाज बुलन्द गरेको छ । सेतेले पहाड छाडेर तराई पुगेको र त्यहाँ बस्दाको केही समयलाई लिएर उपन्यासको रचना गरिएको छ । सेते र प्रासङ्गिक अन्य पात्रहरूको कथावस्तुका माध्यमबाट प्रस्तुत उपन्यासमा उपन्यासकारले सामाजिक यथार्थको वर्णन गरेका छन् । पञ्चायती व्यवस्थामा

भूमिको असमान वितरणले सिर्जना गरेको गरिबीलाई उपन्यासको केन्द्रीय वस्तु बनाइएको छ । पञ्चायती व्यवस्थाका समर्थकहरूले जेजस्तो सुकै सुराकी गरे पनि त्यसप्रति आवश्यक छानविन नगरी आकस्मिक तरिकाले सोझा साधा भूमिहीनमाथि पुलिस प्रशासनले कारवाही गरेको देखाई सहानुभूति प्रकट गर्नु नै उपन्यासकार अधिकारीको सबल वैचारिक पक्ष मानिन्छ । यस उपन्यासले नेपाल भित्रका भूमिहीनहरूको भविष्यप्रति लक्षित गरी सुधारोन्मुख आवाज उठाएको छ । यसमा भूमिहीनप्रति राज्यको दायित्वलाई जिम्मेबार बनाउन सन्देश दिएको देखिन्छ । तत्कालीन पञ्चायती व्यवस्थामा भूमिसुधार गरी भूमिहीनलाई भूमि उपलब्ध गराउने ठूला-ठूला नाराप्रति यस उपन्यासका माध्यमबाट उपन्यासकारले तिखो व्यङ्ग्य गरेका छन् । पात्रअनुसारको प्राभावमय भाषा र मौलिक शैलीको प्रयोगद्वारा समाजको यथार्थ र तथ्यपरक चित्रणमा उपन्यासकार सफल देखिन्छन् । यसरी **झोडाभित्र** उपन्यास नेपाली आधुनिक उपन्यास परम्परामा पञ्चायतकालीन नेपालको सामाजिक विषयवस्तुलाई समेटेर लेखिएको एउटा महत्त्वपूर्ण सामाजिक यथार्थवादी धाराको औपन्यासिक कृति बन्न पुगेको देखिन्छ ।

## ४.३ पीताम्बर अधिकारीका खण्डकाव्यहरूको अध्ययन

### ४.३.१ *अन्तिम विचार* खण्डकाव्यको अध्ययन

#### ४.३.१.१ रचना प्रकाशन

**अन्तिम विचार** पीताम्बर अधिकारीद्वारा लिखित तथा प्रथम प्रकाशित खण्डकाव्य हो । यस काव्यमा कवि स्वयम्ले २०३९ साल जेठ ७ गतेका मितिमा भूमिका लेखेबाट यस कृतिको रचना २०३८ सालमा भइसकेको देखिन्छ ।

वि.सं.२०३८ मा लेखकका पिताको देहावसना भएपछि अन्त्यकर्मका सिलसिलामा गरुडपुराण श्रवण गरेका र त्यतिबेला कविको उमेर पनि उत्तरार्द्धतर्फ ढल्किन लागेकाले एवम् लखेक स्वयम पनि वेदान्ती चिन्तनतर्फ आकृष्ट भई अद्वैत संस्थातिर आबद्ध भएकाले पनि उनका मनमा भौतिक जगत्का तृष्णा वा चाहनाहरू

निरुत्साहित भएको देखिन्छ र उनको मानसिकता आध्यात्मतर्फ खिचिएको पनि देखिन्छ । यस काव्यमा कविका वैचारिक एवम् भावात्मक अनुभूतिहरूलाई परिष्कृत रूपमा प्रस्तुत गरिएको छ । जीवनको कलिलो उमेदेखि नै समाजसेवामा लागेका कवि त्यस समयमा आइपुग्दा पनि समाजलाई अध्यात्मतर्फ डोऱ्याउने उद्देश्यले अर्थात् मानव जीवन के हो ? संसारबाट यसको मुक्ति कसरी हुन्छ ? भनी जीवनसम्बन्धी निरन्तर उठिरहने शङ्काहरूको केही हदसम्म समाधान गर्ने ध्येयले यो वैचारिक काव्य प्रकाशन गरिएको देखिन्छ ।

प्रस्तुत काव्य प्रकाशनका सन्दर्भमा लेखक स्वयमको भनाइ यस्तो छः- " कार्तिकमा पिताजीको कामको बेला पुराण सुनें । पण्डितजीको अर्थ लगाइले मलाई कलम चलाउन मन लगायो । तर भावुकताले कविता नै बनायो ।थप घट र वक्रता समेत ल्याएकोले भावानुवाद भनेको हुँ । भगवान् व्यासको सम्पूर्ण आशय त कहाँ खोल्न सक्थे र ? तैपनि यथाशक्य प्रयास गरेको छु ।"[ठछ] यसरी कविले गरुडपुरणको प्रेतकल्पको १६ औं अध्यायमा भगवान् विष्णुले गरुडलाई दिएको उपदेशमा आफ्नो मौलिकता समेत थपेर यो कृति प्रकाशन गरेको देखिन्छ । यसका प्रकाशक भरतप्रसाद घिमिरे हुन् ।

## ४.३.१.२ शीर्षक विधान

पीताम्बर अधिकारीद्वारा लिखित **अन्तिम विचार** खण्डकाव्यको शीर्षक दुई शब्दको योगबाट निर्मित छ 'अन्तिम' र 'विचार' । गरुड पुराणमा भगवान् विष्णुले गरुडलाई दिएको उपदेश हुनाले गरुडपुराण भनिएको हो भने जीवनमा मानवले सम्झनुपर्ने र गर्नुपर्ने कर्तव्यसम्बन्धी अन्तिम सत्यको विवेचना गरिएको हुनाले गरुडपुराणमा आधारित यस काव्यलाई अन्तिम विचार भनी नामकरण गरिएको

---

[ठछ] पीताम्बर अधिकारी, 'भूमिका' **अन्तिम विचार** (भरतप्रसाद घिमिरे २०३९) ।

देखिन्छ । यसको शीर्षक विधानका सन्दर्भमा प्रस्तुत कृतिको भूमिकामा काव्यकारको भनाइ यस्तो रहेको छ :-

"मरणको समयलाई अन्तिम समय भनेकाले त्यतिबेलाको विचारलाई **अन्तिम विचार** भनेको हुँ " ।[ठट] यसबाट पनि प्रस्तुत काव्यको शीर्षकीय सार्थकता स्पष्ट हुन्छ ।

### ४.३.१.३ संरचना

प्रस्तुत खण्डकाव्यमा खण्ड वा सर्ग विभाजन गरिएको छैन । यस कृतिलाई कविले भावानुवाद भने तापनि यो पूर्णतः भावानुवाद नभएर मौलिकताको सम्मिश्रण भएको काव्य हो । त्यसैले यस काव्यले मूल गरुडपुराणको प्रेतकल्प (१६औँ अध्याय) सँग जस्ताको तस्तै मेल खाँदैन । गरुडपुराणको १६ औँ अध्यायमा १२१ श्लोकहरू रहेका छन् र ती मध्ये १२० वटा श्लोक अनुष्टुप छन्दमा रचित छन् भने एउटा श्लोक अन्य छन्दमा छ । प्रस्तुत काव्यमा भने विभिन्न छन्दका १२९ वटा श्लोकहरू रहेका छन् । यसमा संस्कृतका विभिन्न शास्त्रीय छन्दहरू अनुष्टुप, इन्द्रबज्रा, उपजाति, वंशस्थ आदि छन्दहरूको प्रयोग गरिएको छ । यसरी जम्मा १२९ पद्यहरूमा संरचित **अन्तिम विचार** खण्डकाव्य आकार प्रकारका दृष्टिले लघु प्रकृतिको छ ।

प्रस्तुत काव्यमा आख्यानीकरण गरिएको छैन । जीवनजगत्का विषयमा गरुडले जिज्ञासा राखेपछि विष्णु भगवान्ले गरुडलाई दिएको उपदेशको रूपमा यसको विषयवस्तु आएको छ । यसमा कविले विष्णु र गरुड दुई पात्रलाई उभ्याएर गरुडलाई जिज्ञासु पात्रका रूपमा र भगवान विष्णुलाई जिज्ञासा समन गर्ने पात्रका रूपमा प्रस्तुत गरेका छन् । जीवन मोक्षको विषयवस्तु यहाँ आएको छ ।

---

[ठट] पीताम्बर अधिकारी, भूमिका अन्तिम विचार (प्रकाशक भरप्रसाद घिमिरे २०३९) ।

## ४.३.१.४ विषयवस्तु

**अन्तिम विचार** खण्डकाव्य पीताम्बर अधिकारीद्वारा लिखित अनुवाद र मौलिकताको सम्मिश्रण गरिएको काव्य हो । यस खण्डकाव्यको मूल विषयवस्तु वेदव्यासद्वारा रचित गरुडपुराणको प्रेतकल्प १६ औं अध्यायबाट लिइएको हो । तर काव्यमा कविले गरुडपुराणको विषयवस्तुलाई सोभ्कै अनुवाद नगरेर आफ्नो विचारको प्रस्तुति पनि गरेका छन् । त्यसैले विषयवस्तुका दृष्टिले यस काव्यलाई अनुवाद भनिए पनि प्रस्तुतिका हिसाबले मौलिक छ ।

**अन्तिम विचार** काव्यको मुख्य विषयवस्तु गरुडपुराणको १६ औं अध्यायमा भगवान् विष्णलुले गरुडलाई दिएको उपदेशमा आधारित छ । भगवान् विष्णुसँग गरुडले " हे भगवान ! सधैँ मानव दुःखले आत्तिएका छन् । कहीँ कोही सुखी छैन । हे प्रभु कुन उपायले तिनलाई संसारबाट मुक्ति मिल्छ । दुःखमा छटपटाइरहेको मानवको उद्धार कसरी हुन्छ " भनी जिज्ञासा राखेपछि यिनै जिज्ञासाको समन गर्ने क्रममा गरुडलाई श्रोता बनाएर भगवान् विष्णुले दिएका जीवन, मोक्ष, अविधा, पाप, दया, धर्म, दान आदि सम्बन्धी कुराहरू विषयवस्तुका रूपमा रहेका छन् । यसमा कविले भगवान् विष्णुले गरुडलाई दिएको उपदेशमा आफ्ना विचारलाई पनि संयोजन गरेका छन् । यस क्रममा प्रस्तुत काव्यमा मूलका ३-४ वटा श्लोकलाई एउटै श्लोक बनाइएको छ भने कहीँ कहीँ एउटै श्लोकलाई २-३ वटा श्लोकमा विस्तार पनि गरिएको छ । त्यसैगरी जीवनको उत्तरार्द्धतिर कवि अधिकारी अद्वैत दर्शनतिर आकृष्ट भएकोले त्यसबाट प्राप्त ज्ञानलाई पनि उनले यस काव्यमा प्रक्षेपण गरेका छन् , जस्तै :

*यस्तो हुनाले धन आदि छोडी*<br>
*सत्सङ्गमा चित्त लागेर जोडी ॥*<br>
*सत्सङ्गको औषधि खानुपर्छ ।*<br>
*ज्ञानी गुरुकासँग जानुपर्छ ॥*

संसारबाट अज्ञान कसरी नष्ट हुन्छ र मोक्ष कसरी मिल्दछ भनी गरुडले राखेको जिज्ञासालाई भगवान विष्णुले समन गर्ने सन्दर्भमा कविले आफ्ना मौलिक धारणा पनि प्रस्तुत काव्यमा व्यक्त गरेका छन् । यस काव्यमार्फत् कविले संसारबाट मुक्ति वा आनन्द दिने तत्व भनेको आध्यात्मिक ज्ञान नै हो र यसबाट नै मानव जीवनको मुक्ति वा उद्धार हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । त्यसैगरी यस काव्यमार्फत् कुनै पनि विषय नजान्नु अज्ञान वा बन्धन हो भने वास्तविक जीवनजगत्का विषयवस्तुको ज्ञान हुनु नै मुक्ति हो भनेर मुक्तिको मार्ग देखाइएको छ । यस संसारबाट मोक्ष प्राप्त गर्नका लागि आध्यात्मिक ज्ञानको आवश्यकता छ भन्ने कुरा कविले यस काव्यमार्फत् प्रस्तुत गर्न खोजेका छन् । मान्छे आफ्ना काम, कर्तव्यलाई भुलेर धेरै संसारिकतातिर लाग्छ । त्यस्तो संसारिकतातिर नलागी सत्मार्गमा हिड्नुपर्छ र जीवनलाई सत्मार्गमा डोऱ्याउन सकियो भने सुन्दर संसार वा स्वर्गरूपी संसारमा पुगिन्छ तर कुमार्गतर्फ लागे नरक रूपी दुःख कष्टका भुमरीमा निरन्तर पिरोलिनु पर्दछ भन्ने सन्देश पनि कविले यहाँ दिन खोजेका छन् । विभिन्न उपमाहरू दिँदै यहाँ जीवनसम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । जसरी एउटा फूल बिहान अथवा सूर्योदयको समयमा अत्यन्त सुन्दर र मनोहर देखिन्छ तर त्यही फूल ओइलाएपछि असुन्दर बन्दछ त्यसैगरी कलियुगी मनुष्यको सय वर्षको आयु भए पनि पचास वर्ष सुतेर बित्दछ र बाँकी बाल्यावस्था, युवावस्था र कुटुम्बको भरणपोषणमा नै बित्दछ । परमार्थ अथवा परोपकारका लागि समय रहँदैन भनेर समयको महत्त्वको वर्णन पनि यस काव्यमा कविले गरेका छन् । कविले यहाँ स्वर्ग र नरकको प्रसङ्ग ल्याउँदै मान्छेले आफ्नो शरीर दुब्लायो भनेर शरीरलाई मात्र पोषण गर्दै आफ्ना काम कर्तव्य छाडेमा उसले नरकमा गएर अनेक प्रकारका यातना भोग्नुपर्छ भन्ने धारणा प्रस्तुत गर्दै मानवलाई सचेत एवम कर्तव्यपरायण बन्ने मार्गनिर्देशन दिएका छन् ।

मनुष्यको पाशविकताबाट मुक्तिको उपाय भनेको ज्ञान नै हो भन्ने कविको धारणा छ । ज्ञान नभई गरेको दान, धर्म, तीर्थ, व्रत यज्ञ, जप, तप आदि सबै

निरर्थक छन् भन्दै कविले यस काव्यमा विभिन्न दृष्टान्तहरू पनि प्रस्तुत गरेका छन् । जस्तै ज्ञान नभई जटा पालेर मात्र मान्छे, साधु बन्दैन ; जङ्गलमा बसेर तपस्या गर्नाले मात्र पनि मुक्ति हुँदैन । यदि त्यसो हुने भए जङ्गली पशुपक्षी सबै मुक्त हुनुपर्थ्यो, गङ्गा स्नानले मात्र मुक्त हुने भए गङ्गाका माछा मुक्त हुनुपर्थ्यौ भन्ने लगायतका व्यावहारिक एवम् प्राकृतिक जीवनबाट उदाहरण दिँदै हामीले गरेका जे जति कर्म छन् ती सबै ज्ञान वा विवेकले मात्र सम्भव छन् । मनुष्य शरीर भनेको परोपकारका लागि मात्र मिलेको हो ; केवल खानु, बस्नु, सुत्नु, उठ्नु र सन्तान उत्पदान गर्नु मात्र मानिसको काम होइन । यी काम त पशुहरूले पनि गरिरहेका हुन्छन् । त्यसैले पशुमा भन्दा मान्छेमा रहेको भिन्न गुण भनेको ज्ञान नै हो । ज्ञानद्वारा नै भाषाका माध्यमबाट आफ्ना विचारहरू एकअर्कामा प्रक्षेपण गर्ने विशिष्ट शक्ति प्राप्त हुन्छ । त्यही ज्ञानरूपी भिन्न विशेषतालाई प्रयोग गर्दै मानवताको गहन महिमालाई यस काव्यमा कविले दर्शाएका छन् । कविका दृष्टिमा परमात्मा भनेको आफैमा छ ; यो शरीर नै मन्दिर हो । शरीररूपी मन्दिरलाई सफा राख्न सकेमा परमात्माको बास यहीँ हुन्छ भन्दै कविले शरीर शुद्धिका उपायहरू पनि यहाँ बताएका छन् । शरीरको स्नान गर्नाले बाहिरी शुद्धि हुन्छ भन्ने हाम्रा भित्री मनमा गाडिएर रहेका अनेक विषय वासना, डाह, ईर्ष्या , भय, कामना आदि पदार्थलाई सत्यसङ्गको माध्यमले माझ्नु पर्दछ भन्ने कविको विचार छ । जसरी एउटा सुन्दर मन्दिरमा भक्तजनहरूको भीड लाग्दछ तर मन्दिर फोहर र घिनलाग्दो छ भने त्यहाँ कोही पनि आउँदैनन् । त्यसैगरी शरीररूपी मन्दिरलाई पनि अज्ञानरूपी अन्धकारबाट नष्ट पारेर ज्ञानरूपी दीप प्रज्वलन गरेमा परमात्माको निवास, शरीरमा नै हुन्छ ; ईश्वर खोज्न अत्यन्त दौडनुपर्ने आवश्यकता छैन भन्दै कविले मानव शरीरको महत्वको प्रतिपादन यस कृतिमा गर्न खोजिएको देखिन्छ । यसरी प्रस्तुत काव्यमा कविले जीवनमा गर्नुपर्ने सत्कर्मसम्बन्धी विचारलाई नै यहाँ **अन्तिम विचार**का रूपमा प्रकट गरेका छन् ।

### ४.३.१.५ भाव/विचार

**अन्तिम विचार**, खण्डकाव्यको मुख्य भाव वा विचार संसारबाट मुक्ति कसरी हुन्छ भन्ने हो । यहाँ कविले आफ्ना जीवनसम्बन्धी चिन्तन वा विचारलाई प्रस्तुत गरेका छन् । काव्यमा अभिव्यक्त विचारलाई हेर्दा कवि आध्यात्मिक ज्ञानको पक्षमा र भौतिक संसारका विरोधी देखिन्छन् । भौतिकता झुटो हो र यसले मानिसलाई संसारिकतातिर धकेल्छ भन्दै कविले आध्यात्मिक ज्ञानका पक्षमा आफ्ना विचारहरू अभिव्यक्त गरेका छन् । त्यसैगरी प्रस्तुत काव्यमार्फत् कविले सत्सङ्गरूपी ज्ञानका माध्यमद्वारा मान्छेका हृदयपटलका सम्पूर्ण अन्धकारहरूलाई समाप्त पार्नु पर्दछ र मानव जीवनलाई अत्यन्त सुन्दर बनाउनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् ।

### ४.३.१.६ लयविधान

प्रस्तुत काव्य विविध लयमा आबद्ध रहेको छ । यसमा कविले ४ वटा छन्दको प्रयोग गरेका छन् । शास्त्रीय छन्दको सचेत र उत्कृष्ट प्रयोग यसमा भएको छ । यस काव्यमा प्रयोग भएका छन्दहरू इन्द्रबज्रा, उपेन्द्रबज्रा, उपजाति र वंशस्थ हुन् । छन्द मिलाउनका लागि कतैकतै कविले वर्णविन्यासगत विचलनको प्रवृत्ति देखाएका छन् । यस्तो सामान्य विचलनबाहेक यस काव्यमा छन्दसौन्दर्यको नमुना देख्न सकिन्छ । यस काव्यमा कविले छन्दको सहज आयोजना गरको छन् । छन्दलाई साङ्गीतिकता प्रदान गर्न कविले यहाँ अनुप्रासमा विशेष ध्यान दिएको पाइन्छ । त्यसैले यस काव्यका प्रत्येक पद्य अझ बढी लयात्मक बन्न पुगेका छन् । निम्न उदाहरणहरूबाट **अन्तिम विचार** काव्यमा प्रयुक्त छन्दको विशिष्टता प्रस्ट हुन्छ ।

*जो मृत्यु आयो भनी सिद्ध गर्ला ।*
*अनन्त हो त्यो कसबाट मर्ला ? ॥*
*कुनै कुरामा अभिमान छैन ।*
*भने विकारी कहिल्यै हुँदैन ॥*

(अन्तिम विचार, पृ.२)

*रोक्नुपर्दछ आफैले आफूलाई सपार्नमा ।*
*गरेर अरूले हुन्न विशेष ज्ञानमार्गमा ।*

(अन्तिम विचार, *पृ.३)*

## ४.३.१.७ अलङ्कारविधान

**अन्तिम विचार** काव्यमा शब्दालङ्कार र त्यसमा पनि खासगरी अनुप्रासको विशिष्ट शक्ति रहेको छ । किनकि यसका अधिकांश श्लोकहरूमा साङ्गीतिक मिठासका लागि अत्यानुप्रासमा जोड दिइएको छ भने ठाउँ ठाउँमा श्रुत्यानुप्रास, वृत्यनुप्रास र छेकानुप्रासको प्रयोग पनि भएको पाइन्छ । यसैगरी प्रस्तुत काव्यमा स्वाभाविक रूपमा उपमा, रूपक, दृष्टान्त आदि अर्थगत अलङ्काहरू पनि आयोजना गरिएका छन् । यसरी उपर्यक्त विभिन्न अलङ्कारहरूको प्रयोगले काव्यको शिल्पपक्ष सुन्दर बन्न पुगेको छ । यसका केही उदाहरणहरू यसप्रकार छन् -

*उपमा - फोहोर घीनलाग्दो यो शरीर अति दुर्बल*
*पाएर के के फैँ घमण्ड गर्छ मानिस*

(**अन्तिम विचार** पृ. १:३)

*रूपक - छ भन्नु सत्ता परब्रह्मा नै हो*
*बलिरहेको जति देवता हो*
*कलङ्क हो क्यै अभिमान गर्नु*
*सदा सुखै हो शिव ठुक्क पर्नु*

(**अन्तिम विचार** , पृ. १:८ )

*दृष्टान्त - निस्कन्छन् जसरी फिल्का अगुल्टो ठोसिएपछि*
*जन्मिन्छिन त्यसरी देह अज्ञान छोटिएपछि*

(**अन्तिम विचार** पृ. ३:१५)

## ४.३.१.८ प्रतीकविधान

कुनै एउटा वस्तुका बारेमा प्रकाश पार्न उभ्याइने अर्को वस्तुलाई प्रतीक भन्ने गरिन्छ । काव्यमा आफ्ना अभिव्यक्तिहरूलाई तिख्खर बनाउन यसको प्रयोग गर्ने गरिन्छ । **अन्तिम विचार** काव्यमा पनि थुप्रै प्रतीकात्मक पद वा पदावलीहरू आएका छन् । काव्यमा प्रयोग भएका प्रतीकका केही उदाहरणहरू यसप्रकार छन्-

*पुरुषार्थ गरे मात्र यसमा ज्ञान पाउँछ*
*मनुष्य चोला डुङ्गा हो संसार पार लाउने*

(**अन्तिम विचार**, पृ.३:२१)

*बुढाइँ हो बाघजस्तो रोग छन् मार्न तत्पर*
*आयु हो चुहुने भाँडो लहै होश गरी वस*

*(**अन्तिम विचार**, पृ. ४:३३)*

*धर्म गर्ने स्वर्ग जान्छ स्वर्ग हो चुहुने घडा*
*सकिए पुण्य त्यो झर्छ फेरि संसार माझमा*

*(**अन्तिम विचार**, पृ.१६:१२७)*

## ४.३.९. बिम्बविधान

काव्यको महत्त्वपूर्ण तत्त्वअन्तर्गत बिम्बविधान पनि पर्दछ । बिम्बको शाब्दिक अर्थ प्रतिमा, छायाँ, प्रतिबिम्ब आदि हो । प्रस्तुत काव्यमा बिम्बको कुशल संयोजन गरिएको पाइन्छ । यस काव्यमा प्रयोग भएका केही बिम्बहरूलाई यसरी देखाउन सकिन्छ ।

*मेरा मेरा भनी जीव बाखो जस्तै कराउँछ*
*में में गरी उता काल बाघ बन्दै चिथोर्दछ ।*

(**अन्तिम विचार**, पृ.६.४९)

*माटो खरानी जिउमा घसी मुक्त हुने भए*
*मसानका कुक्कुर जो सदा मुक्त हुने थिए ।*

(**अन्तिम विचार**, पृ.१०:८२ )

*जङ्गली घाँस पानी नै खाई मुक्त हुने भए*
*मृग स्याल वनैमा जो सदा मुक्त हुने थिए*

(**अन्तिम विचार**, पृ.१०:८३)

उपर्युक्त उदाहरणहरूमा बाखो, बाघ, मसानका कुकुर, मृग, स्याल जस्ता बिम्बहरूको प्रयोग भएको छ । काव्यमा प्रयोग गरिएका यी बिम्बहरूले सम्बन्धित भावको अभिव्यक्तिलाई सुन्दलर पार्ने काम गरेको छ ।

## ४.३.१.१० भाषाशैली

काव्यमा भाषाशैलीको स्थान महत्वपूर्ण हुन्छ । शैली शिल्पका माध्यमले भाषाले विषयवस्तुलाई प्रवाहित  गर्दछ  भने काव्यको सिङ्गो विषयवस्तु भाषामै अडिएको हुन्छ । त्यसैले भाषाशैली काव्यमा अपरिहार्य बनेर रहेका हुन्छन् । प्रस्तुत काव्यकृतिमा प्रयुक्त भाषा सरल, सहज र सुबोध छ  । संस्कृत तत्सम शब्द र तद्भव शब्दहरूको सन्तुलित प्रयोग यस काव्यमा पाइन्छ तापनि ठाउँ ठाउँमा कविले कतिपय संस्कृतिका अप्रचलित तत्सम शब्दहरूको प्रयोग पनि गरेका छन् । त्यस्ता शब्दहरू हुन् तुरीय, जर्जर, मृगतृष्णा, षट्शास्त्र आीद । आनुप्रासिक शब्दको सौन्दर्य पनि यस काव्यमा पाइन्छ । यसमा कविले वर्णनात्मक शैलीको उपयोग गरेका छन् ।

## ४.३.१.११ निष्कर्ष

**अन्तिम विचार** कवि पीताम्बर अधिकारीको पहिलो प्रकाशित खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य मूलतः परिष्कारवादी शैलीलाई अँगालेर लेखिएको छ । समग्रमा यस काव्यका माध्यमद्वारा कवि अधिकारीले समाजमा देखिने भौतिक पक्षलाई

नाशवान् जनाउँदै मान्छेको जीवनको अस्थिरताको वर्णन गरेका छन् । भौतिक संसारका पदार्थहरूले केवल क्षणिक आनन्द दिने मात्र हुन्, वास्तविक आनन्द भनेको सत्सङ्गद्वारा ज्ञान प्राप्ति गर्नु नै हो त्यहीँ ज्ञान नै मुक्ति हो भन्दै सांसारिक विषय वासनाबाट मुक्त हुनुपर्ने भन्दे विचार यसमा व्यक्त गर्दछन् । यस कृतिको केन्द्रीय मर्म मानवलाई  भौतिक जीवनका  विकृति र विसङ्गतिबाट छुटाउनु, स्वर्ग र नरकको वर्णन गरेर समाज सुधार गर्नु र भुक्ति र मुक्ति दुवै चीज ज्ञानविना सम्भव छैन भन्दै आध्यात्मिक ज्ञानको अपरिहार्यता बताउनु हो । अन्ततः जीवनलाई पूर्वीयदर्शन अनुसार ब्रह्मानन्द अर्थात् परमात्मामा पुऱ्याउनुपर्दछ र त्यहीँ नै मुक्ति हो भनेर ईश्वरी चिन्तन र ईश्वरको र्स्वव्यापकताको महत्त्व यसमा प्रतिपादन गरिएको छ ।

प्रस्तुत काव्य शास्त्रीय छन्दको अनुशासनलाई अवलम्बन गर्दै विभिन्न अलङ्कारद्वारा सजाइएको छ । मूलतः वर्णनात्मक शैली र सरल शब्दावलीको प्रयोगमा जोड दिइएकोले प्रस्तुत काव्य सरल र सम्प्रेष्य पनि बन्न पुगेको छ ।

## ४.३.२ रावण खण्डकाव्यको अध्ययन

### ४.३.२.१ रचना र प्रकाशन

**रावण** कवि पीताम्बर अधिकारीद्वारा लिखित प्रकाशनका दृष्टिले दोस्रो खण्डकाव्य हो । उनले यो खण्डकाव्य २०२२ सालतिर लेख्न थालेको बुझिन्छ ।[ठठ] यस काव्यको प्रकाशन चाहिँ लेखक स्वयम्बाटै २०५८ साल वैशाखमा भएको थियो ।

### ४.३.२.२. शीर्षक विधान

शीर्षक काव्यको अनिवार्य तत्त्व हो । शीर्षक भन्नु नै कृतिको नामकरण हो । पीताम्बर अधिकारीद्वारा लिखित **रावण** खण्डकाव्यको नामकरण काव्यको नायकको

---

[ठठ] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

नामबाट गरिएको छ। चरित्रचित्रण, केन्द्रीय कथ्य, विषयवस्तु आदि सबै दृष्टिले हेर्दा यस खण्डकाव्यमा **रावण**को शीर्षस्थान रहेको छ । प्रस्तुत खण्डकाव्य रामायण महाकाव्यको कथानकलाई सोझै नलिएर काव्यकारले आफ्नातर्फबाट परिवर्तन गरी लेखिएको छ। यसमा **रावण**लाई नायकको रूपमा उपस्थित गरी उसका माध्यमबाट देश भक्ति र राष्ट्रवादी सन्देश दिइएको छ। संवादात्मक शैलीमा अगाडि बढेको यस खण्डकाव्यमा संवादकै माध्यमबाट रामको दूत पात्र अङ्गद **रावण**लाई युद्ध नगर्ने सल्लाह दिन्छ तर **रावण** आफूलाई आदर्शको धरातलमा उभ्याउँदै देशभक्ति, जातीयता, राष्ट्रियता र नारीसम्मानका विषयलाई महत्त्व दिँदै युद्ध गर्ने निर्णयमा पुग्छ । यसरी काव्यमा वर्णित विषयवस्तु र शीर्षकका बीच अन्तःसम्बन्ध स्थापित गरिएकाले यसको शीर्षकविधानमा सार्थकता देखिन्छ।

### ४.३.२.३ संरचना

प्रस्तुत खण्डकाव्यमा खण्ड वा सर्ग विभाजन गरिएको छैन। यो काव्य जम्मा ५८ श्लोकमा विस्तारित छ। यसमा कविले मूलतः शार्दूलविक्रीडित छन्दको प्रयोग गरेका छन् । यसरी शार्दूलविक्रीडित छन्दका जम्मा ५८ श्लोकमा **रावण** खण्डकाव्य पूर्ण भएको छ। यसरी आकार प्रकारका दृष्टिले यो काव्य लघु प्रकृतिको देखिन्छ।

### ४.३.२.४ कथावस्तु

**रावण** खण्डकाव्यको कथावस्तु रावण र अङ्गदबीचको संवादबाट अगाडि बढेको छ। रामको दूत बनेर आएको अङ्गद रावणको मित बालीको छोरो हो। रामले बालीलाई मारेर वानर राज्य सुग्रीवलाई दिलाउँदा पनि बालीको छोरो अङ्गद भने रामकै दूत बनी राम र रावणको झगडामा मध्यस्थकर्ता भएर आएकामा रावणलाई चित्त बुझ्दैन। अङ्गदले राम र रावणका बीचमा मेल होस् भन्ने चाहना राखेको छ। उसले रावणका कार्यलाई गलत देख्छ र राम सही भएको ठान्दछ । उता रावणले भने रामलाई षड्यन्त्रकारी कपटी अरूलाई फुटाएर आफ्नो स्वार्थसिद्ध गर्ने खराब

व्यक्तिका रूपमा चित्रित गर्दछ । अर्काकी श्रीमती चोरेको, जातीय नारा दिएको र आफ्नै भाइ विभीषणलाई मिलाएर राख्न नसकेको भन्दै अङ्गदले रावणको गल्ती औँल्याउँछ र रामसँग मिल्न सल्लाह दिन्छ । रावणले भने अङ्गदलाई वानरको वुद्धि नष्ट भएर आफ्नो छिमेकी राक्षस राज्यका विरुद्ध रामको पक्ष लिएको भन्दै कुनै पनि हालतमा रामसँग आत्मसमर्पण नगर्ने बताउँछ ।

रावणले सीता हरेर गल्ती गरेकोले उसले पश्चताप गर्नुपर्ने अङ्गदको सल्लाहमा आफ्नी बहिनी शुपर्णखालाई विरूपा बनाएको र त्यसैको रिसमा आफूले सीताको हरण गरे पनि उनलाई छोरी झैँ गरेर राखेको र आफूले गल्ती नगरेको रावणले तर्क गर्छ । राक्षस जातिले रामको राज्यमा कुनै बिगार गरेको थिएन तर रामले राक्षसका घरमा बिखण्डन ल्याउन खोजेको छ भन्ने रावणले आरोप लगाउँछ । रावणले आफ्नो जातीय स्वाभिमानको घमण्ड लिएका भनी अङ्गदले भन्दा आफ्नो राष्ट्रिय विरुद्ध आइलाग्नेका विरुद्ध लड्नु आफ्नो धर्म भएको भनाइ रावणको रहेको छ । राक्षसहरू स्वाभिमानी र राष्ट्रप्रेमी हुन् । देवताहरू भने कपटी, जाली छन् । देवताहरूले वानरजस्ता सोझासीधालाई झुक्याएर आफ्नो पक्षमा पारेका हुन् भन्ने रावणको भनाइ रहेको छ । रावण आफ्नो जाति र राष्ट्रका लागि जस्तोसुकै बलिदान गर्न तत्पर देखिन्छ । आफ्नो राष्ट्र र जातिको अस्तित्व रक्षाका लागि आफू मर्न र मार्न तयार रहेको तर कुनै पनि हालतमा रामसँग आत्मसमर्पण नगर्ने रावणको दृढता रहेको छ ।

संवादका क्रममा अङ्गतले रावणकै गल्ती देखाइरहन्छ भने रावण आफूलाई राष्ट्रवादी, स्वाभिमानी, बहादुर र आफ्नो जातिप्रति समर्पित योद्धका रूपमा उभ्याउँछ । रावणका दृष्टिमा राम अरूको भरमा लड्ने, षड्यन्त्रकारी र अरूको घर भड्ुँवा देखिन्छ । अन्त्यमा आफूलाई सम्झाउन आएको अङ्गदलाई रावण कुनै पनि हालतमा रामसँग नझुक्ने र आफ्नो जातीय स्वाभिमान र राष्ट्रको गौरवका लागि मार्न र मर्न तत्पर रहेको खबर पुऱ्याउन भन्छ ।

यसरी प्रस्तुत खण्डकाव्यमा अङ्गदले रामका पक्षमा कुरा गरेको छ भने रावणले आफूलाई स्वाभिमानी, राष्ट्रवादी र आफ्नो जातिप्रति प्रतिबद्ध व्यक्तिका रूपमा उभ्याएको छ । यहाँ देवताको अगुवा भएर आएको राम बाहिर हेर्दा असल देखिन्छ तर भित्र भने ऊ षडयन्त्रकारी, कपटी र अरूको बलमा आफूलाई शक्तिशाली देखाउन खोज्ने खराब पात्र हो भन्ने रावणको विचार रहेको छ । यस खण्डकाव्यको भूमिकामा काव्यकारले रामलाई अमेरिका र रावणलाई भियतनामका रूपमा उभ्याएर २०२२ सालतिर अमेरिकाले भियतनाम माथि गरेको अन्यायपूर्ण आक्रमणलाई रामले रावण माथि गरेको आक्रमणसँग तुलना गरिएको विचार व्यक्त गरेका छन् ।[ठड] तर काव्यभित्र भने कहीँ कतै पनि अमेरिका र भियतनामका बीचको युद्धको चर्चा गरिएको छैन । यसमा राम र रावण सम्बन्धमा परम्परागत बुझाइलाई आलोचनात्मक रूपमा लिँदै रावणका कामलाई होइन बरु रामका कामचाहिँ खराब थिए भन्न खोजिएको छ । यसरी रावण खण्डकाव्यमा लघु आयामभित्रै राष्ट्रियता जातीयता, राजनीति, संस्कृति, युद्ध र मानवीयता जस्ता कुराहरू समेटिएका छन् ।

## ४.३.२.५ चरित्रविधान

पीताम्बर अधिकारीद्वारा लिखित **रावण** खण्डकाव्यमा प्रत्यक्षरूपमा अत्यन्त थोरै पात्रको प्रयोग गरिएको छ तर थोरै पात्रले पनि समग्रं विषयवस्तुलाई समेटेका छन् । यस काव्यमा समाविष्ट पात्रहरूका चरित्र चित्रण निम्नानुसार गर्न सकिन्छ :

क) **रावण**

**रावण** यस खण्डकाव्यको प्रमुख पात्रको रूपमा उपस्थित छ । खण्डकाव्यमा रावणले बोलेका हरेक संवादमा देशभक्ति, राष्ट्रियता, जातीयता, मानवीयता र नारी सम्मानलाई गर्वका साथ प्रस्तुत गरिएको छ । रावणकै केन्द्रीय भूमिकामा उसैसँग संवाद गर्न रामको दूत पात्र अङ्गद उपस्थित छ । राक्षस जातिको संरक्षण गर्नु र

---

[ठड] पीताम्बर अधिकारी 'अर्पण' (भूमिका) **रावण**, (काठमाडौं: लेखक आफै २०५८) ।

नेतृत्व गर्नु आफ्नो कर्तव्य ठान्ने रावणका कुनै हालतमा रामसँग सम्झौता नगर्ने कुरा अङ्गदलाई बताउँछ । बादरलगायत आफ्ना भारदारहरू रामका पक्षमा गएर नामर्दीपन देखाएका छन् र आफ्नो, घरमा शुत्रलाई प्रवेश गराएका छन् तर म त्यस्तो काँतर होइन भन्ने तर्क पनि रावणले प्रस्तुत गरेको छ । खण्डकाव्यको समग्र कार्यव्यापारमा संलग्न रावण प्रमुख पात्र हो । खण्डकाव्यको सम्पूर्ण कथावस्तु उसकै केन्द्रीयतामा अघि बढेको छ । मानव र राक्षस जातिको युद्धमा राक्षस जातिको विजय र नेृतत्व चाहने ऊ र क्षसहरूको प्रतिनिधि पात्रको रूपमा उपस्थित छ । समग्रमा भन्नुपर्दा ऊ लिङ्गका आधारमा पुरुष कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा सत्, स्वभावका आधारमा गतिहीन र जीवनचेतनाका आधारमा वर्गीय पात्रका रूपमा काव्यमा उपस्थित छ ।

**ख) अङ्गद**

रावण खण्डकाव्यमा अङ्गद सहायक पात्रका रूपमा उपस्थित छ । ऊ खण्डकाव्यमा रामको दूत पात्र बनेर रावणसँग संवाद गरी रामसँग युद्ध नगर्न रावणलाई सुझाव दिन चान्छ । अङ्गद जति जति रावणलाई युद्ध नगर्न अनुरोध गर्दै जान्छ उतिउति रावण रामलाई नालायक भन्दै युद्ध गर्न तम्सिन्छ । अङ्गद खण्डकाव्यमा सुरुदेखि अन्त्यसम्म आफ्ना विचारमा सफल देखिँदैन । शत्रुसँग सम्झौता गर्ने र युद्धबाट डराउने व्यक्तिका रूपमा रावणका अगाडि अङ्गद प्रस्तुत भएको छ । रामसँग मिलेर रावणलाई पराजित गराउने सहयोगी पात्रका रूपमा उसलाई बुझ्न सकिन्छ । यसबाट अङ्गद राष्ट्रवाद, देशभक्ति र जातीयतावादका पक्षमा उभिएको देखिँदैन बरु प्रस्तुत खण्डकाव्यमा अङ्गदलाई व्यक्तिवादी चरित्रका उपस्थित गराइएको छ । रावणभन्दा राम बलियो र युद्ध जित्ने सम्भावना भएका कारण ऊ रामको दूत बन्दछ । यसबाट उसलाई अवसरवादी चरित्रका रूपमा पनि लिन सकिन्छ । खण्डकाव्यमा कथावस्तुको सुरुदेखि अन्त्यसम्म अङ्गद उपस्थित देखिन्छ । त्यस्तै अङ्गद लिङ्गका आधारमा पुलिङ्ग, कार्यका आधारमा सहायक,

स्वभावका आधारमा गतिहीन र जीवन चेतनाका आधारमा व्यक्तिगत पात्रका रूपमा देखापरेको छ ।

यीबाहेक प्रस्तुत काव्यमा अन्य परोक्ष पात्रहरू पनि सङ्केतित छन् । काव्यमा तिनीहरूको भूमिका गौण छ र ती सबै रावण र अङ्गदका संवादका बीच प्रसङ्गवश आएका पात्रहरू छन् । त्यस्ता पात्रहरूमा राम, सीता, विभीषण, शुर्पणखा, बाली, भरत, कैकेयी, सुग्रीव, विश्वामित्र र वशिष्ठ आदि रहेका छन् ।

### ४.३.२.६ परिवेशविधान

परिवेशविधानका दृष्टिले **रावण**, खण्डकाव्यमा यो वा त्यो ठाउँ भनेर कुनै भूगोल विशेषको उल्लेख भएको छैन तापनि रावण र अङ्गदका बीचको संवादका क्रममा लङ्काको सुन्दर वर्णन, समुद्री किनारका कुरा, साकेतका कुरा, राम फिरन्ता भएर जङ्गलमा हिँडेका कुरा आदि ठाउँहरूमा बाह्य परिवेशको रूपमा आएका छन् भने आन्तरिक परिवेशको रूपमा रामायणकालीन पृष्ठभूमिमा अमेरिका र भियतनामको बीचको युद्धको समसामयिक परिवेशलाई सङ्केत गर्न खोजिएको छ । यसरी रावण खण्डकाव्यमा कुनै विशेष भौगोलिक, परिवेशको उल्लेख गरिएको छैन । यसै गरी यस काव्यमा सामाजिक, सांस्कृतिक , प्राकृतिक परिवेश पनि प्रकट भएको छ । प्राकृतिक परिवेशको चित्रण गरिएको एउटा उदाहरण यसप्रकार छ :

*राम्रा पर्वत यी नदी र छहरा मैदान पाखा वन*
*प्यारो राक्षस जाति शान्त मुहुडा नीलो किनारी जल*
*उत्तानो छ, समुन्द्र शान्त जसको रक्षा गरी बस्दछ*
*राम्रो ठाउँ कतै छ विश्वभरमा लङ्का त्यही पर्दछ*

(**रावण**, ६: २७)

### ४.३.२.७ भावविधान

**रावण** खण्डकाव्यमार्फत् काव्यकार अधिकारीले नवीन विचारलाई प्रस्तुत गरेका छन् । काव्यमा सत् पात्रलाई नायकका रूपमा प्रयोग गर्ने परम्परालाई तोड्दै

खल पात्रका रूपमा चित्रित रावणलाई यहाँ नायक पात्रको रूपमा प्रयोग गरिएको छ । यस दृष्टिले यो काव्य परम्परित रामकथा भन्दा नितान्त विपरीत छ । खण्डकाव्यमा रावणलाई आफ्ना जाति र राष्ट्रप्रति बलिदान गर्न तत्पर बहादुर पात्रको रूपमा चित्रित गरिएको छ । यसमा राम र रावणसम्बन्धी परम्परागत धारणालाई आलोचनात्मक रूपमा हेरिएको छ र असल भनिएको रामलाई खराब र खराब भनिएको रावणलाई असल देखाइको छ । यस काव्यमार्फत् कवि अधिकारी पूर्वीय संस्कृति र मान्यताहरूलाई आलोचनात्मक रूपमा हेर्दै हाम्रा मान्यता र बुझाइहरूमा पुनर्विचार गर्नुपर्नेतर्फ सङ्केत गर्दछन् । खण्डकाव्यको भूमिकामा कविले रामलाई अमेरिका र रावणलाई भियतनामका रूपमा लिइएको र अमेरिकाले भियतनाममाथि गरेको आक्रमण मन नपरेको भनिएका आधारमा हेर्ने हो भने रामद्वारा रावणमाथि गरेको आक्रमणलाई राम्रो मानिएकामा त्यसप्रति कविका असहमति देखिन्छ । जसरी संसारको सभ्य र प्रजातन्त्रवादी भनिएको अमेरिकाले भियतनामाथि गरेको आक्रमण अन्यायपूर्ण छ भन्ने अर्थमा कविले प्रस्तुत काव्यको रचना गरेको कुरा भूमिकामा उल्लेख गरेका छन् । तर काव्यका कथावस्तुमा भने अमेरिका र भियतनामको चर्चा कतै छैन यहाँ केवल राम र रावणप्रतिको परम्परागत सोचमा परिवर्तन ल्याउनुपर्ने आग्रह प्रकट गरिएको छ ।

यसरी प्रस्तुत काव्यमा पौराणिक विश्वासलाई आलोचनात्मक ढङ्गमा हेर्दै त्यसलाई, अन्धभक्त बनेर समर्थन गर्नु हुँदैन भन्ने विचार व्यक्त गरिएको छ । आफ्ना स्वार्थका लागि अरूको सम्मान नगर्ने, अरूलाई फुटाउने र अरूको बलमा लड्ने रामभन्दा आफ्नो जाति र राष्ट्रका लागि बलिदान गर्ने रावण महान् हो भन्ने यस काव्यको निष्कर्ष रहेको छ । यसरी हेर्दा प्रस्तुत काव्यमा पौराणिक विषयलाई आलोचनात्मक ढङ्गमा हेर्दै प्रगतिशील विचार व्यक्त गरेको देखिन्छ ।

### ४.३.२.८ लयविधान

प्रस्तुत काव्यमा कविले सुरुदेखि अन्त्यसम्म शास्त्रीय शार्दूलविक्रीडित छन्दको सचेत र उत्कृष्ट प्रयोग गरेका छन् । यस काव्यका प्रत्येक पद्य चार पङ्क्तिमा पूर्ण भएका छन् । छन्द मिलाउनका लागि कतैकतै कविले वर्णविन्यासगत विचलनको प्रवृत्ति पनि देखाएकै छन् । यस क्रममा कतै ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व बनाउने, त्यस्तै कतै अजन्त अक्षरलाई हलन्त र हलन्त अक्षरलाई अजन्तका रूपमा प्रयोग गरेको पाइन्छ । यसबाहेक प्रस्तुत काव्यमा छन्द सौन्दर्यको विशिष्टता देखिन्छ । छन्दको कुशल संयोजनले काव्यमा साङ्गीतिकता सिर्जना भएको छ । कविले अनुप्रास योजनामा विशेष ध्यान दिएका छन् । त्यसैले यस काव्यका प्रत्येक पद्य अझ बढी लयात्मक बन्न पुगेका छन् । रावण काव्यमा लयको विशिष्टताको एउटा उदाहरण यसप्रकार छ-

*सानो भाइ थियो बुझेन उसले षडयन्त्र ठूलो जब ।*
*यो देखिकन आत्तियो भरत जो दौडेर आयो तब ॥*
*कैकेयी र वशिष्ठले सब कुरा खोलेर राखेपछि ।*
*आफू बाध्य भई फिऱ्यो कठिनले केही नलागेपछि ।*

(**रावण** श्लोक ४२)

### ४.३.२.९ अलङ्कारविधान

अलङ्काकारविधान दृष्टिले हेर्दा यस काव्यमा शब्दालङ्कार र त्यसमा पनि अनुप्रासको विशिष्ट शक्ति रहेको छ । यसमा प्रायशः श्लोकहरूमा साङ्गीतिक मिठासको लागि अन्त्यानुप्रासमा जोड दिइएको छ भने ठाउँ ठाउँमा अर्थालङ्कारको प्रभाव पनि रहेको छ । स्वाभाविक रूपमा उत्प्रेक्षा, उपमा, स्वभावोक्ति, अर्थान्तरन्यास, सम्भावना अलङ्कारहरू यस काव्यमा प्रयोग भएका छन् । यसमा प्रयोग भएका अलङ्कारविधानका केही उदाहरण यसप्रकार छन्-

**उत्प्रेक्षा -**

*छोरा होस् मितको उमेर कलिलो सातो गएको छ कि ?*
*अर्काको बुइमा चढेर छ कुनै लङ्का लिने दाउ कि ?*
*बाली पुत्र भई फिरन्ततिरको सन्देशको बाहक ।*
*तेस्राका हित निमित्त मित्रसित नै लड्दै छ यो नाहक ।*

(**रावण** , श्लोक २)

**उपमा-**

*सीता हुन् बिचरी सतीत्व उनको साँचो छ त्यो जान्दछु ।*
*छोरी झैं अझछन् मिलुन् पतिसँगै यै कामना गर्दछु ॥*
*बैनी शूर्पणखा विरूप गरिँदा सम्झेन यो रामले ।*
*उस्तै इज्जत राक्षसी पनि त हुन् खै देखियो कामले ॥*

(**रावण** , श्लोक १५)

**स्वभावोक्ति -**

*के अन्याय गरेछ राक्षस पसी त्यो रामको राज्यमा ।*
*मार्‍यो बान्धव नै कि खाग छरियो त्यो शान्त साकेतमा ॥*
*जस्तो राम स्वतन्त्र हो जगत्मा उस्तै छ यो **रावण** ।*
*अर्काको घर फोर्न राम अहिले **पस्तै** छ लङ्का तर*

(**रावण** , श्लोक १७)

**अर्थान्तरन्यास**

*मरै दोष थियो त राम पहिले बालीसितै मिल्दथ्यो ।*
*बाली साथ म पुग्दथें तब उहीं सीता पनि पाउँथ्यो ॥*
*यो गर्दा गुरुयोजना कपटको बेकार बन्ने थियो ।*
*बाली घात भयो र अङ्गद गई सुग्रीवको भैदियो ॥*

(**रावण** , श्लोक ५२)

**सम्भावना**

*सीमासम्म सुमद्रको छुन कहीँ आएर पाउन्थ्यो ।*
*सीता चाहिँ मरुन् तथापि डरले फर्केर आउन्नथ्यो ॥*
*पायो वानर सैन्यसाथ बलियो टेवा जसै अङ्गद ।*
*लङ्काका जित्न बढेर साहस उठ्यो पाजी फिरङ्गी अब ॥*

(**रावण** श्लोक ५४)

यसरी विभिन्न अलङ्कारको प्रयोगले गर्दा प्रस्तुत काव्यको शिल्पपक्ष सुन्दर बन्न पुगेको छ ।

## ४.३.२.१० बिम्बविधान

कविताको महत्त्वपूर्ण तत्त्वअन्तर्गत विम्बविधान पनि पर्दछ । बिम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिबिम्ब आदि हो । सामान्यत कुनै दृश्य वस्तुको मानसिक चित्रलाई बिम्ब भनिन्छ ।[ठढ] बिम्बधिानका दृष्टिले हेर्दा यस काव्यमा अनेक बिम्बहरूको प्रयोग भएको छ । काव्यमा प्रयोग भएका बिम्बका केही उदाहरण यस प्रकार छन् :

*खोला बग्दछ रक्तको समरमा चोक्टा लुछ्री स्यालले ।*
*मर्लान वीर जहाँ दुवै तरफका संसारका चालले ॥*

(**रावण** , श्लोक २२)

*राम्रा पर्वत यी नदी र छहरा मैदान पाखा वन ।*
*प्यारो राक्षस जाति शान्त मुहुडा नीलो किनारी जल ॥*

(**रावण**, श्लोक २७)

माथिको उदाहरणमा खोला, रक्त, चोक्टा स्याल, पर्वत, नदी, छहरा, मैदान, वनपाखा, राक्षस आदि अनेक बिम्बहरूको प्रयोग गरिएको छ । काव्यमा प्रयोग

[ठढ] खगेन्द्रप्रसाद लुइटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौँ : नेराप्र.प्र. २०६० पृ. १२६ ।

गरिएका यही बिम्बहरूले सम्बन्धित भावको अभिव्यक्तिलाई सुन्दर पार्ने काम गरेको छ ।

### ४.३.२.११ प्रतीकविधान

कुनै एउटा वस्तुको बारेमा प्रकाश पार्न उभ्याइने अर्को वस्तुलाई प्रतीक भन्ने गरिन्छ । काव्यमा आफ्ना अभिव्यक्तिलाई तिक्खर बनाउन यसको प्रयोग गर्ने गरिन्छ रावण काव्यमा पनि प्रतीकको सहज प्रयोग भएको पाइन्छ । प्रस्तुत काव्यको प्रमुख पात्र रावण नै प्रतीकात्मक छ । लङ्काका निम्ति मर्न र मार्न तयार छु भन्ने कुरा काव्यमा रावणका तर्फबाट व्यक्त गरिएको छ । त्यसैगरी कविले भूमिकामा उल्लेख गरेअनुसार रावण भियतनामीहरूको वीरताको प्रतीक हो भने विभीषण वंशघात र आत्मघातका प्रतीतकका रूपमा यहाँ चित्रित छन् । यसरी प्रतीक प्रयोगका दृष्टिले पनि प्रस्तुत काव्य सफल देखिन्छन् ।

### ४.३.२.१२ कथनपद्धति

खण्डकाव्यको महत्त्वपूर्ण तत्त्वहरूमध्ये कथनपद्धति पनि एक हो । कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । कथन खासगरी तृतीय पुरुष, प्रथम पुरुष र कहिलेकाहीँ द्वितीय पुरुषमा पनि कथित हुन सक्छ । प्रस्तुत खण्डकाव्यमा संवादात्मक कथनपद्धतिको प्रयोग गरिएको छ । रावण र अङ्गदका बीचको संवादबाट काव्य सुरु भएर ती दुईबीचको संवादमै यो टुङ्गिएको छ । त्यसैले यो काव्यमा कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धति अवलम्बन गरिएको छ अथवा दुई पात्रबीचको संवादात्मक ढाँचा नै यस काव्यमा अँगालिएको मूल कथन ढाँचा हो ।

### ४.३.२.१३ भाषाशैली

काव्यमा भाषाशैलीको स्थान महत्त्वपूर्ण हुन्छ । शैलीले सिँगारिएको भाषाका माध्यमबाट कविले विषयवस्तुलाई प्रवाहित गर्दछ । त्यसैले भाषाशैली काव्यमा

अपरिहार्य बनेर रहेको हुन्छ । यस दृष्टिले भन्नुपर्दा प्रस्तुत खण्डकाव्यमा सरल सहज र सुबोध भाषाशैलीको प्रयोग भएको छ । काव्यमा प्रचलित संस्कृत तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दहरूको समायोजन पाइन्छ । यस काव्यमा पुत्र, स्त्री, समुद्र, लम्पटता, अर्ध, मूर्धा, नीति, सतीत्व, जगत्, साकेत, ताडका, जननी आदि तत्सम, आवरू भेजेथे आदि आगुन्तक र लिखुरे, भङ्जाह, झोक्राउनु जस्ता नितान्त बोलचालमा प्रचलित भाषाको पनि प्रयोग पाइन्छ । काव्यमा प्रयोग भएका तत्सम शब्दहरू पनि पाठकको रुचि अनुकूल नै छन् । गेयात्मकता, अनुप्रासीयता र सरल वाक्यात्मक अभिव्यक्तिको प्रयोगले गर्दा प्रस्तुत काव्य अत्यन्त सुन्दर बन्न पुगेको छ । संवादात्मक कथन ढाँचा अँगालिएको र शब्दालङ्कारको समुचित प्रयोगले पनि प्रस्तुत काव्यको भाषा आकर्षक बन्न पुगेको छ ।

### ४.३.२.१४ निष्कर्ष

रावण कवि पीताम्बर अधिकारीको दोस्रो प्रकाशित खण्डकाव्य हो । यसमा रामायणको कथावस्तुका आधारमा कविले आफ्नो विचार व्यक्त गरेका छन् । प्रस्तुत काव्यमा कविले रावणलाई प्रमुख एवम् सत् पात्रको रूपमा उपस्थित गराई नवीन सान्दिर्य सिर्जना गर्ने प्रयास गरेका छन् । रामायणको नायक राम मात्र नभएर रावण पनि हुन सक्ने आफ्नो व्यक्तिगत तर्क प्रस्तुत काव्यमा गरिएको पाइन्छ । प्रगतिशील चिन्तनका पृष्ठभूमिमा कविले परम्परित रामायणलाई परिमार्जित गर्नुपर्ने तर्फ सङ्केत गरेका छन् । त्यसैगरी काव्यकारले यस काव्यको भूमिकामा उल्लेख गरेअनुसार विश्वराजनीतिमा देखिएको शीत युद्धले साना राष्ट्रहरूमाथि पुऱ्याएको खतराप्रति सचेत हुँदै राष्ट्रवादी चिन्ततन प्रस्तुत गरिएको छ । त्यसैगरी ऐतिहासिक र पौराणिक घटनलाई पृष्ठभूमि बनाइ लेखिरहेको र राष्ट्रियताको सवालमा राष्ट्रका सम्पूर्ण व्यक्तिहरू एकीकृत हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको यस काव्यमा विखण्डनबाट सामाजिक ह्रास हुन्छ भन्ने निष्र्कष प्रकट गरिरहेको छ । राष्ट्रियता, जातीय स्वाभिमान र अधिकारको विषय कुनै पनि हालतमा सम्झौता गर्न नसकिने विषय हो

भन्ने कुरा कविले रावण र अङ्गदका बीच भएको संवादमार्फत्‌व्यक्त गरेका छन्। पूरै संवादात्मक कथनमा आधारित यस काव्यमा दुवैको संवाद अत्यन्त प्रखर छ। मूलत : आलोचनात्मक यथार्थवादी भाव धारामा लेखिएको यस काव्यमा विचारपक्ष अत्यन्त सशक्त छ । रावणका मध्यमबाट कविले सबैलाई राष्ट्रियता, जातीयता र स्वतन्त्रताप्रति सचेत हुन् र जुनसुकै परिस्थितिमा पनि यी विषयमा अरूसँग सम्झौता नगर्न सन्देश दिएका छन्।

प्रस्तुत काव्य शास्त्रीय वर्णमात्रिक छन्दको सुमधुर लयविधानलाई अवलम्बन गरी लेखिएको छ र विभिन्न अलङ्कारद्वारा सजाइएको छ। मूलतः संवादात्मक शैली र सरल शब्दावलीको प्रयोगमा जोड दिइएकाले प्रस्तुत काव्य सरल र सम्प्रेष्य बन्न पुगेको छ। खण्डकाव्यको भूमिकामा रामलाई अमेरिका र रावणलाई भियतनामका रूपमा लिइएको र अमेरिकाले भियतनाममाथि गरेको आक्रमण मन नपरेको भनिएको आधारमा हेर्ने हो भने रामद्वारा रावणमाथि गरेको आक्रमणलाई हाम्रा शास्त्रहरूमा राम्रो मानिएकामा त्यसप्रति कविले असहमति राखी यो काव्य लेखिएको कुरा यहाँ व्यक्त भएको छ। रावण खण्डकाव्य आकार प्रकारका दृष्टिले लघु भए पनि यसभित्र राष्ट्रियता, जातियता स्वतन्त्रता जस्ता कुराहरू समेटिएकाले नेपाली खण्डकाव्यका परम्परामा यसको बेग्लै मूल्य र महत्त्व रहेको छ।

## ४.३.३ सेते खण्डकाव्यको अध्ययन

### ४.३.३.१ रचना र प्रकाशन

**सेते** खण्डकाव्य कवि पीताम्बर अधिकारीद्वारा लिखित प्रकाशनका दृष्टिले तेस्रो खण्डकाव्य हो र यो उनको अहिलेसम्मको पछिल्लो प्रकाशित खण्डकाव्य कृति पनि हो। काव्यकारले प्रस्तुत कृतिको भूमिकामा उल्लेख गरे अनुसार यो

खण्डकाव्य २०३२ सालतिर लेखेको बुझिन्छ ।[डण] यस काव्यको प्रकाशनचाहिँ लेखक आफैबाट २०५८ साल वैशाखमा भएको हो । प्रस्तुत **सेते** खण्डकाव्य पनि **रावण** खण्डकाव्यसँगै सङ्ग्रहित छ ।

### ४.३.३.२ शीर्षकविधान

पीताम्बर अधिकारीद्वारा लिखित **सेते** खण्डकाव्यको नामकरण काव्यको नायकका नामबाट गरिएको छ । सेते काव्यको नायक हो र काव्यको प्रारम्भदेखि अन्त्यसम्मका समग्र विषयवस्तु प्रमुख पात्र सेतेमै केन्द्रित भएकोले यसको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.३.३.३ संरचना

प्रस्तुत खण्डकाव्य चार सर्गमा संरचित छ यसको प्रथमसर्ग ६१ श्लोकमा विस्तारित छ भने दोस्रो सर्ग ५५ श्लोकमा, तेस्रो सर्ग २१ श्लोकमा र चोथो सर्ग ४१ श्लोकमा विस्तारित छ । यसमा कविले संस्कृत वर्णमात्रिक अनुष्टुप छन्दको प्रयोग गरेका छन् । अनुष्टुप छन्दका ६१+५५+२१+४१ गरी जम्मा १७८ श्लोकमा प्रस्तुत खण्डकाव्य पूर्ण भएको छ । यसरी १७८ पद्यहरूमा संरचित **सेते** खण्डकाव्य आकार प्रकारका दृष्टिले लघु प्रकृतिको छ ।

### ४.३.३.४ कथावस्तु

**सेते** खण्डकाव्यमा दासप्रथाको विषयवस्तुलाई समेटिएको छ । सेते पात्रलाई आधार बनाएर कविले समाजमा विद्यमान दासप्रथाप्रति असन्तुष्टि व्यक्त गर्दै व्यङ्ग्य गरेका छन् । सेते कमारो परिवारबाट टिपिएको पात्र हो । यसमा पूर्वी नेपालको कुनै एउटा गाउँको सेते भुजेललाई सम्बोधन गर्दै दासप्रथामा कमारालाई पशुसरह बेचबिखन गर्ने गरिएको सन्दर्भलाई समेटिएको छ ।

[डण] पीताम्बर अधिकारी , 'अर्पण' (भूमिका) , **सेते** (काठमाडौं: लखेक आफै) , २०५८ ।

प्रस्तुत काव्यमा कवि स्वयमले सेतेको चिनारी दिँदै काव्यको थालनी गरेका छन् । कालो भए पनि सेते नाउँ भएको नेपालको पूर्वी पहाडमा बस्ने भुजेल थरको सेतेलाई उसकी आमाले गाईवस्तुजस्तै मानिसको पनि बेचबिखन हुन्थ्यो भन्ने कथा सुनाएको कुरा यहाँ संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस्ता किनबेचमा कमारीहरूको बढी मूल्य पर्ने र उनीहरू मालिकद्वारा यौनशोषणमा पर्ने गरेको सन्दर्भ पनि यस काव्यमा चित्रण गरिएको छ । यसरी दासप्रथाका सन्दर्भ प्रस्तुत गर्नेक्रममा यस्तो प्रथा नेपालमा मात्र नभएर सभ्य भनिने गोराका देशमा पनि कायम रहेको कुरा यस काव्यमा उल्लेख गरिएको छ । गोरा जातिले काला जातिलाई अझै पनि दास मान्छन् र दास बन्नेकै लागि उनीहरू जन्मिएका हुन् भन्ने ठान्दछन् । यसरी मान्छे मान्छे बीचमा मालिक र दासको विभेद भएकामा कविले असन्तुष्टि व्यक्त गर्दै विभिन्न विचारहरू राखेका छन् । यसमा आदि, मध्य, अवसान युक्त कुनै कथानकको आयोजना भएको देखिँदैन । सेते नयाँ पुस्ताको प्रतिनिधिका रूपमा आएको छ । उसप्रति उसका पिता पुर्खाहरूले ठूलो भरोसाराखेका थिए तर सेतेले त्यो बुझ्न नसकेको सन्दर्भ यसमा चित्रित छ । सेतेको साथी रिठेले उसलाई धामी हुने भइस् भन्छ । रिठेका विचारमा यो संसार द्यौताको खेल हो । रिठेका यस्ता कुरा र आफ्नो विवशताबाट सेते छटपटिन्छ र आफ्नो भाग्य सम्झिएर दुःखी बन्छ । उसमा यो दुनयाँ बुझ्ने चेतना छैन र ऊ आफूलाई धिक्कार्छ ।

सेते जागरुक र चेतनशील होस् भन्ने सबैको चाहना छ । सेतेले बुझिदेओस् र मान्छे पशुसरह बेचिने प्रथासँग उसले विद्रोह गरोस् भन्ने चाहना छ तर सेतेले बुझ्दैन । ऊ रिठे, माने, भकुण्डे र भुन्टीसँग मिलेर जाँडरक्सी पिउँछ र शान्तिको अनुभूति गर्छ । उसका पुर्खाहरूले उसलाई जाँड रक्सी नखाओस् भन्ने कामना गरेका थिए र उनीहरूले सेतेलाई महामानव बनोस् भन्ने चाहना राखेका थिए । तर सेते त्यस्तो हुन सकेन । उसले पुर्खाको भनाइ बुझेर पनि केही गर्न सकेन । अज्ञानता र अभावमा सेतेको जीवन बितिरहेको छ । सेते मान्छेको रूपमा रहेको छैन ; ऊ कमारो भएको छ र ऊ मर्दा उसको मालिकले सम्पत्ति नोक्सान भएको ठान्दछ । तर

मान्छेको रूपमा उसको मृत्यु भएमा रोइदिने समेत कोही छैन । सेतेको जीवन दिसापिसाव सरह निरर्थक भएको छ ।

यसरी सेते खण्डकाव्यमा दासप्रथाको उन्मूलन भएपछि त्यसबाटछ मुक्त भएका तर कहीँ सहारा नभएका दासहरूको अवस्थाको वर्णन गरिएको छ । यस क्रममा दासप्रथाका विविध पक्षहरूलाई काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस प्रथाको उन्मूलन भए पनि यसको असर अद्यापि समाजमा कायम रहेको छ भन्ने कुरा देखाइएको छ । दासप्रथामा हुर्किएकाहरू यसको उन्मूलनपछि झन अलपत्र परेका छन् भन्ने कविको विचार छ । दासहरूका आगामी यात्रा कतातिर हो भन्ने अन्योल छ । दास भएर मर्दा  बरु मालिकले चित्त दुखाउँथ्यो तर दास नभई मर्दा रोइदिने समेत कोही हुँदैन भन्दै दासप्रथाबाट मुक्त भएकाहरूको दयनीय अवस्थाप्रति सहानुभूति प्रकट गरिएको छ ।

## ४.३.३.५ चरित्रविधान

पीताम्बर अधिकारीद्वारा लिखिते सेते लघु आयामको खण्डकाव्य हो । यस काव्यमा प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमका पात्रहरूको प्रयोग गरिएको छ । काव्यमा प्रत्यक्ष रूपमा केवल एकजना मात्र पात्रको प्रयोगगरिएको छ । ऊ पनि काव्यभित्र सक्रिय रूपमा उपस्थित छैन । तापनि यही एकजना पात्रका वरिपरि काव्यको समग्र विषयवस्तु समेटिएको छ । यसबाहेक अरू पात्रहरू निष्क्रिय र सूच्य रूपमा आएका छन ।

क) **सेते**

सेते यस काव्यको प्रमुख पात्र हो । सेते आफैमा क्रियाशील पात्र भने होइन । कविले काव्यको गतिलाई अगाडि बढाउन सेतेको सहारा मात्र लिएका हुन् प्रस्तुत काव्यमा सेते दासप्रथाबाट मुक्त भएको तर कहीँकतै सहारा नपाएको पात्रको रूपमा उपस्थित छ । उसका पुर्खाहरू उसलाई महामानव भएको हेर्न चाहन्थे तर ऊ

त्यस्तो हुन सकेको छैन । सेते चेतनाका अभावमा निरीह भएर बाँचेको चरित्रका रूपमा प्रस्तुत छ । ऊ रक्सीको सहारामा शान्ति खोजिरहेछ । त्यसैगरी उसका पुर्खाहरूले उसले रक्सी नखाओस भन्ने चाहेका थिए तर सेतेले त्यो बुझ्न सकेन । सेते केही मात्रामा पुर्खाको प्रतिशोधको भावनाले प्रेरित भए पनि ऊ अज्ञानता र अभावमा पिल्सिएको पात्रको रूपमा उपस्थित छ । सेते नयाँ नयाँ सपना त देख्छ तर उसका ती सपना कहिल्यै पूरा हुन सक्दैनन् । समग्रमा भन्नुपर्दा ऊ लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा सत्, स्वभावका आधारमा गतिहीन र जीवनचेतनाका आधारमा वर्गीय पात्रका रूपमा काव्यमा उपस्थित छ ।

सेतेबाहेक प्रस्तुत काव्यमा पात्रका रूपमा सङ्केत गरिएका पुर्खाहरू प्रत्यक्ष पात्र नभएर सूच्य पात्र हुन् । पुर्खाहरू सेतेका अगाडि देखा पर्दैनन् र उनीहरूले भनेका कुरा सेतेले सुनेर पनि केही गर्न सक्दैन । त्यसैगरी यस काव्यमा आमा, रिठे, माने भकुण्डे र भुन्टीजस्ता पात्रहरू पनि आएका छन् । यीमध्ये आमाको भूमिका अलिक बढी छ । रिठे सेतेलाई धामी हुन्छस् भन्छ भने माने, भकुण्डे र भुन्टी सेतेका जाँडरक्सी खाने साथीका रूपमा मात्र आएका छन् । त्यसैगरी यस काव्यमा उदाहरणका रूपमा गोरा, काला र पौराणिक चरित्र विदुर आदिको पनि नाम उल्लेख भएको छ । यी सबै प्रस्तुत काव्यका परोक्ष पात्रहरू हुन् ।

### ४.३.३.६ परिवेशविधान

परिवेश विधानका दृष्टिले **सेते** काव्यमा नेपालमा दासप्रथा उन्मूलन भएपछिको परिवेश आएको छ । यस क्रममा दासप्रथाका विभिन्न पक्षहरूको चर्चा पनि गरिएको छ । प्रसङ्गवश गोराजाति र काला जातिबीचको विभेदका चर्चा पनि गरिएको यस काव्यमा मूलतः दास जीवनका विभिन्न पक्षको वर्णन गरिएको छ । जाँडरक्सी पिउने, धामीझाँक्री बस्ने परम्परालगायत स्वर्ग, नरक, मृत्यु आदिका प्रसङ्गहरू पनि काव्यमा आएका छन् । यसमा हिमाल, ब्रह्माण्ड, भुमरी खोला आदि प्राकृतिक तथा भौगोलिक

परिवेशको चित्रण गरिएको छ । त्यसैगरी चौरासीलाख जुनिका सन्दर्भहरू, सुत्केरीका प्रसङ्गहरू, दास र मालिकका बीचका सम्बन्धका विविध पक्षहरू, मालिकले दासीसँग गर्ने यौनव्यवहारहरू र खेतीपाती जस्ता सामाजिक तथा सांस्कृतिक परिवेशको चित्रण पनि काव्यमा गरिएको छ । यी सबै सन्दर्भहरू कुनै स्थान वा समाज विशेषसँग सम्बन्धित भने छैनन् ।

#### ४.३.३.७ भाव/विचार

भाव खण्डकाव्यको मूल तत्व हो । भावलाई काव्यको आत्मा पनि भनिन्छ । सेते काव्यमा दासप्रथामा मानिसलाई पशुसरह किनबेच गरिने कार्यको वर्णन गर्दै घोषित रूपमा दासप्रथा उन्मुलन भए पनि व्यवहारमा यो प्रथा कायमै रहेको कुरा उजागर गरिएको छ । दासप्रथगाको पीडा भोगेका पुर्खाहरू आफ्ना सन्तानले सुख पाउन् र अन्याय अत्याचारका विरुद्ध आवाज उठाउन् भन्ने इच्छा राख्दथे तर दासका सन्तानहरू पुर्खाको त्यो चाहनालाई नबुझ्रेर जाँड रक्सीमा भुली अर्कै तरिकाबाट ठूलाठालुको दास बनेका छन् । दासप्रथाको उन्मुलनपछि पनि दासपरिवारका सन्ततिहरूको खासै प्रगति नभएको र उनीहरू स्वतन्त्र भनिए पनि एउटा मान्छेका रूपमा स्वतन्त्र र सुखी भएर रहन नसकेको तीतो यथार्थलाई यस काव्यले उजागर गरेको छ । यहाँ मुख्य पात्र सेतेलाई माध्यम बनाएर कवि स्वयम् बोलेका छन् । बरु दासप्रथा कायमै रहँदा सेतेजस्ता दासहरू मर्दा मालिकले सम्पत्ति नोक्सान भएको अर्थमा भए पनि दुःख मान्दथे । तर अब त सेजेजस्ता मान्छे मर्दा दुःख मान्ने, आँसु झार्नेसमेत कोही हुँदैन भन्ने कविको निष्कर्ष छ । यसरी दासप्रथजाबाट मुक्त भएका मान्छेको दयनीय अवस्थाप्रति कविले चासो र चिन्ता देखाएका छन् । प्रस्तुत काव्य मानवतावादी छ । यसमा केही मनोवैज्ञानिक पक्षको चित्रण पनि गरिएको छ । बाबुबाजेको पालादेखिको दास मानसिकता स्वतन्त्रताको घोषणाले मात्र हराउँदैन भन्ने मनोवैज्ञानिक पक्षको सङ्केत यहाँ गरिएको छ । संसारमा मानिसलाई दास बनाउने

चलन छ । यसले मानिसलाई पशुभन्दा तल्लो दर्जामा पुऱ्याएको छ । स्वतन्त्र भइस् भनिए पनि दासका सन्तानहरूको मानसिकता उक्सिन सकेको छैन भन्ने कुरा चित्रण गर्नु यस काव्यको मूल उद्देश्य रहेको छ ।

### ४.३.३.८ लयविधान

लय कविताको महत्त्वपूर्ण तत्त्व हो । लयबाट नै काव्यलाई साहित्यका अन्य विधाबाट अलग गराउन सकिन्छ । यस दृष्टिले सेते खण्डकाव्यमा अनुष्टुप छन्दको सफल विन्यास गरिएको छ । लयात्मकता भङ्ग नहोस् भनी यस काव्यमा कविसचेत भएको देखिन्छ । त्यसैले कतिपय शब्दमा ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व बनाई प्रयोग गरिएको छ । यस काव्यमा छन्द सौन्दर्यको नमुना देख्न सकिन्छ । छन्दको सचेत प्रयोगले काव्यमा साङ्गीतिकता सिर्जना भएको छ । केवल अनुष्टुप छन्दबाटै सिङ्गो काव्य निर्मित भएको छ र त्यसमा साङ्गीतिकता सिर्जना गर्नका लागि प्रायः अत्यानुप्रासको अनुशासनको परिपालना गरिएको छ । यसका केही उदाहरणहरू निम्नानुसार छन्-

*भुन्टी मुस्काउँदै दिन्छे जाँडका डबका जब*
*एकैपल्ट निथारिन्छ रित्तो छ डाबका अब*

(**सेते**, ३:२)

*कमारी वैंसमा प्रायः सेवा मालिकको गरी*
*इनाम पाउँथे भन्थिन् आमा मख्ख परीपरी*

(**सेतो**, १:११)

### ४.३.३.९ बिम्बविधान

काव्यको महत्त्वपूर्ण तत्त्वअन्तर्गत बिम्ब पनि पर्दछ । बिम्बको शाब्दिक अर्थ प्रतिमा, छायाँ, प्रतिबिम्ब आदि हो । सामान्यतः कुनै दृश्यवस्तुको मानसिक चित्रलाई

बिम्ब भनिन्छ ।[ङज्ञ] **सेते** खण्डकाव्यमा पनि अनेक प्रकारका बिम्बहरूको कुशल संयोजन गरिएको पाइन्छ । दासप्रथाको विषयवस्तु अँगालिएको प्रस्तुत काव्यमा निम्नानुसारको बिम्बहरूको प्रयोग गरिएको छ -

*बजारमा लगिन्थे बेचिन्थे रे उनीहरू*
*गाईजस्तै जानुपर्थ्यो बेचिएर लुरुलुरु*

(**सेते**, १:४)

*कुहिराको कागजस्तै अगि बढ्दै छ जीवन*
*ओ हो ! यो युगको बोझा लेख्दा लेख्दै ममा पनि*

(**सेते** , १:५७)

*हुन्डरीको बाँसुरी झैं सारङ्गी आँधी बीचको*
*सेतेको मन उम्लन्छ डराएझै कता कता*

(**सेते** , ४:१६)

*घामजस्तै चर्कियूँ म धर्ती जस्तै निधाउँदै*
*हिमाल चुचुरा माथि चढेर कुर्लिदै अनि*

उपर्युक्त उदाहरणहरूमा गाईवस्तु, काग, बाँसुरी, सारङ्गी, आँधी, घाम, धर्ती जस्ता सामाजिक सांस्कृतिक तथा प्राकृतिक जगत्का बिम्बहरूको रोचक प्रयोग गरिएको छ । यी बिम्बहरूले सम्बन्धित भावको अभिव्यक्तिलाई प्रभावशाली तुल्याउने काम गरेका छन् ।

### ४.३.३.१० प्रतीकविधान

प्रतिकविधानका दृष्टिले हेर्दा प्रस्तुत काव्यमा सेते पात्र नै प्रतीकात्मक छ । काव्यमा ऊ सम्पूर्ण दासहरूको प्रतीकको रूपमा आएको छ । त्यसैगरी काव्यमा उसको पुर्खाहरू उसलाई महामानव भएको हेर्न चाहन्थे तर ऊ त्यस्तो बन्न सकेन ।

---

[ङज्ञ] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १२६ ।

मानवको रूपमा म कसरी स्वतन्त्र हुँ भनेर सेतेका मनमा द्वन्द्व चलेको देखिन्छ । त्यसैले उसलाई स्वतन्त्र मानवको प्रतीकको रूपमा पनि लिन सकिन्छ । त्यसैगरी वर्तमानका सभ्य र आफूलाई मालिक भनाउनेहरू शोषकको प्रतीकका रूपमा काव्यमा चित्रित छन् । यसरी प्रतीक प्रयोगका दृष्टिले पनि यो काव्य सफल देखिन्छ ।

## ४.३.३.११ अलङ्कारविधान

अलङ्कार काव्यसौन्दर्यको एक महत्त्वपूर्ण साधन हो तर अनिवार्य तत्व भने होइन र भावगत गहिराइमा डुब्नेहरू अलङ्कारको खासै वास्ता राख्दैनन् यद्यपि काव्यमा कुनै न कुनै रूपले अलङ्कारको प्रयोग भएकै हुन्छ । प्रस्तुत काव्यमा पनि उपमा, दृष्टान्त, उत्प्रेक्षा र सम्भावना आदि अलङ्काहरूको सहज र स्वाभाविक प्रयोग भएको देखिन्छ । जस्तै

उपमा -

*पशुझैँ बेचिँदा मान्छे चित्त दुख्दैन हो किन*
*किन यस्तो प्रथा आयो ? टेवा मिल्छ अझै किन*

(**सेते**, १:२२)

दृष्टान्त -

*कमारो नै भए मर्दा नोक्सान मान्छ मालिक*
*सेते मर्‍यो भने आसु झार्ने छैन जगत् भर*

(**सेते**, ४: ४०)

उत्प्रेक्षा -

*मानौ संसारमा सेते एक्लै छ छैन क्वै अरू*

*जिन्दगी एउटा हाट फलैचामा बसिकन*

(**सेते** , ४:३७)

सम्भावना -

*हाम्रा पुर्खा पुगे होलान् स्वर्गमा भेटेर देवता*

*त्यहाँ कुरा हुँदा होलान् सेते नाति छ कामना ।*

(**सेते**, ४:३१)

यसरी विभिन्न अलङ्कारहरूको स्वाभाविक आयोजनाले गर्दा काव्यको शिल्पपक्ष सुन्दर बन्न पुगेको छ ।

## ४.३.३.१२ भाषाशैली

**सेते** काव्यमा जनजिब्रोमा आधारित सरल, सहज नेपाली भाषालाई टिपिएको छ । यस काव्यमा प्रचलित संस्कृत तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको सन्तुलित प्रयोग पनि पाइन्छ । यसमा 'युद्ध, असत्य, प्रणाम, शून्य, रक्त , मन, मस्तिष्क, देह, दूर, अतीत, विष, विद्वान् वृक्ष, वाणी, हंस' आदि तत्सम शब्द, 'झट्ट, सर्ट, अलमल्ल, स्वाट्ट' जस्ता अनेक अनुकरणात्मक शब्द र 'स्कुल, कहानी' जस्ता आगन्तुक शब्दहरू आएका छन् । त्यसैगरी पात्रानुकूलको भाषाप्रयोग एवम् अन्त्यानुप्रासिक शब्दको सौन्दर्य पनि यस काव्यमा पाइन्छ । कविले काव्यमा आवश्यकताअनुसार योजक चिह्न (-) अल्पविराम चिह्न (,) उद्धर चिह्न (" ") पूर्णविराम चिह्न (।) र प्रश्नवाचक चिह्न ( ?) को प्रयोग गरेका छन् । यस काव्यमा कविले प्रवाहमय वर्णनशैलीको प्रयोग गरेका छन् । भावुकतापूर्ण र केही रहस्यात्मक प्रस्तुति पनि यस काव्यमा पाइन्छ ।

## ४.३.३.१३ निष्कर्ष

पीताम्बर अधिकारीद्वारा लिखित **सेते** खण्डकाव्य चारवटा परिच्छेद र १७८ श्लोकमा संरचित लघु काव्य हो । दासप्रथाका सन्दर्भहरूलाई समेटेर लेखिएको यस

काव्यमा दासप्रथाको विरोध गर्दै मानवीय स्वतन्त्रताको पक्षमा वकालत गरिएको छ । प्रस्तुत काव्यमा कविले दासप्रथाको उन्मूलनका सन्दर्भमा त्यसका विकृतिहरू खोतल्दै यस प्रथाको सामाप्ति पछि पनि दासदासीका सन्तानहरू स्वतन्त्र र पूर्ण मानव भएर बाँच्न नसकेको यथार्थलाई व्यक्त गरेका छन् । यसैगरी सेतेकै जीवन कथाका माध्यमबाट कविले दासप्रथामा हुने गरेका विकृत कार्यप्रतिको आक्रोशलाई पनि प्रकट गरेका छन् । मूलतः यस काव्यमा विचार पक्ष अत्यन्त सशक्त छ । सेतेलाई दास मानवको प्रतिनिधिको रूपमा उभ्याइएको प्रस्तुत काव्यमार्फत् कवि अधिकारीले मानवता र स्वतन्त्रताको पक्षमा आफ्नो विचार व्यक्त गरेका छन् ।

प्रस्तुत काव्य अनुष्टुप छन्दको सुमधुर लयविधानलाई अवलम्बन गर्दै उपमा, दृष्टान्त, उत्प्रेक्षा, सम्भावना आदि विभिन्न अलङ्कारहरूको समुचित र सहज प्रयोग गर्दै वर्णनात्मक शैलीमा लेखिएको छ । यस काव्यमा कविले मान्छे मान्छे बीचमा दास र मालिकको विभेद रहेकोप्रति व्यङ्ग्य र असन्तुष्टि प्रकट गरेका छन् । यसरी हाम्रो समाजमा विद्यमान दास र मालिकको विभेदको विरोध गरी लेखिएको प्रस्तुत खण्डकाव्यको नेपाली खण्डकाव्य परम्परामा आफ्नै मूल्य र महत्त्व रहेको छ ।

## ४.४ फुटकर कविताहरूको अध्ययन

### ४.४.१ फुटकर कविताहरू र अध्ययनका आधारहरू

पीताम्बर अधिकारीका तीनवटा काव्यकृतिबाहेक केही फुटकर कविताहरू पनि प्रकाशित भएका छन् । अधिकारीले आफ्ना साहित्यिक यात्राका आरम्भदेखि नै कविता सिर्जनामा रुचि लिँदै आएका छन् र उनका कविताहरू **युवा, संचेतना, कविता,** पत्रिकामा प्रकाशित भएका छन् । उनका कविताहरूको खेस्रा **सँगालो, कविता कुसुम** हालसम्म अप्रकाशित नै छ । उनका हालसम्म प्रकाशित फुटकर कविता यस प्रकार छन् :

| कविताको शीर्षक | प्रकाशन स्थान | प्रकाशन मिति |
|---|---|---|

| | | |
|---|---|---|
| मान्छे | संचेतना | २०४३, वैशाख अङ्क १० |
| नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका | कविता | २०३६, मार्ग पौष<br>पुनः प्रवेशाङ्क १ |
| उदबोधन | युवा | २०३५ श्रावण आश्विन अङ्क २ |
| अद्वैत संस्था | अन्तिमविचार खण्डकाव्यभित्र | २०३९ जेठ |

पीताम्बर अधिकारीका जम्मा ४वटा फुटकर कविताहरू प्रकाशित भएका छन् । उनका फुटकर कविता कृतिहरूको विषयवस्तु, संरचना, लय, भाषाशैली जस्ता कविताका आधारभूत तत्त्वहरूका आधारमा विवेचना गरिएको छ ।

### ४.४.२ विषयवस्तु

पीताम्बर अधिकारीले विभिन्न विषयवस्तुमा आधारित भएर कविता लेखेका छन् । आफूले जीवनमा देखे भोगेका र अनुभव गरेका कुराहरूलाई नै विषयवस्तु बनाएर लेखिएका उनका कविता खास गरी प्रकृतिपरक देशप्रेम, मानवतावादी चिन्तन, ईश्वरवादी दृष्टिकोण जस्ता विषयवस्तुमा आधारित छन् ।

#### ४.४.२.१ प्रकृतिवर्णन

पीताम्बर अधिकारीले आफ्ना सबैजसो कवितामा प्रकृतिलाई विषयवस्तु बनाएको पाइन्छ । उनले आफ्ना कवितामा प्रकृतिको वस्तुपरक तथा आत्मपरक वर्णन गरेका छन् । प्रकृतिका आकाश, तारा, जल, वनपाखा, हिमाल, नदी हावा , धर्ती जून, घाम, माटो झर्ना जस्ता विविध पक्षहरूको प्रयोग आफ्ना कवितामा उनले कुनै न कुनै रूपमा प्रकृतिका उपयोग गरेकै छन् । उनले कतिपय कविता प्रकृतिलाई नै विषयवस्तु बनाई रचना गरेका छन् भने कतै प्रकृतिलाई सान्दर्भिक सामग्रीका रूपमा उपयोग गरेका छन् । प्रकृति चित्रण गर्दा अधिकारीले प्रकृतिको सौम्य, शान्त

र सुन्दर रूपको परिचय दिएका छन् । उनका चारवटा प्रकाशित फुटकर कवितामध्ये तीनवटा कविता प्रकृतिवर्णनमा आधारित छन् ।

यसरी उनका कवितामा गरिएको प्रकृतिवर्णनलाई हेर्दा उनले प्रकृतिलाई ज्ञानको श्रोतका रूपमा लिएको देखिन्छ । प्रकृतिले नै मान्छेलाई ज्ञान र शक्ति दिएर दक्ष बनाउँछ भन्ने विचार उनले आफ्ना कवितामा अभिव्यक्त गरेका छन् । यिनका कवितामा नेपाली प्रकृतिले अभिव्यक्त पाएको छ । यस क्रममा उनले नेपालका रनवन हिमाल-पहाड, खोला-नाला घाम-पानी, बादल आदिको ज्यादै सुन्दर चित्र खिचेका छन् । उनका प्रकृतिपरक कवितामा नेपाली सामाजिक जीवनपद्धति अभिव्यञ्जित भएको पाइन्छ ।

### ४.४.२.२ मानवतावादी चिन्तन

पीताम्बर अधिकारीका कविताको विषयक्षेत्र मानवतावादी चिन्तन पनि रहेको देखिन्छ । यस क्रममा उनले मान्छे के हो अर्थात् यस संसारमा मान्छेको के अस्तित्व छ ? मानव भएर जन्मिएपछि उसले गर्नुपर्ने काम कर्तव्यहरू के के हुन् भन्ने कुराहरू अभिव्यक्त गरेका छन् । मान्छे जब यस संसारमा जन्म लिन्छ त्यस समयमा उसले अनेक प्रकारका सुन्दर सपनाहरू देख्छ तर कालान्तरमा केही ठूलो भएपछि विभिन्न प्रकारका विकृति र विसङ्गतिमा फसेर उसले मानवतालाई बिर्सन्छ । ऊ आफ्नो कर्तव्यबाट बिमुख हुन्छ भन्ने मानवतावादी चिन्तन उनका कवितामा पाइन्छ । जब मानिस जीवनमा आइपर्ने विभिन्न घटना र परिस्थितिसँग जुध्छ तब मात्र उसले संसार के हो र मानवता के हो कर्तव्यबोध गर्दछ भन्ने विचार पनि उनका कविताहरूमा व्यक्त भएको पाइन्छ । मानवलाई अल्छीपनबाट छुटाउँदै सबल सक्षम, र सभ्य नागरिक बनाउने अभिप्रायले अधिकारीले आफ्ना कविता मार्फत् जागरुकताको शङ्खघोष गरेका छन् । उनका कवितामा मानवतावादी चिन्तन यसरी व्यक्त भएको छ -

*कैल्यै मेरो अतुल महिमा यत्ति हो तोकिँदैन*

*बढ्दै जाने गगगन गति यो रोकिँदै रोकिँदैन*
*छाला मासू रगत यतिले मात्र मान्छे हुँदैन*
*सानो होला मुटु तर यहाँ मात्र आकाश छैन*

(मान्छे , पृ)

यसरी मानिसको कर्तव्यपरायणताको वर्णन उनका कवितामा गरिएको पाइन्छ ।

### ४.४.२.३ देशप्रेम

कवि पीताम्बर अधिकारीले आफ्ना कवितामा आफ्नो जन्मभूमि नेपालप्रतिको गहिरो प्रेमलाई व्यक्त गरेका छन् । उनका कवितामा राष्ट्रियताप्रतिको भाव जुर्मुराएको हुन्छ । गोली आएर छेडिए पनि वीरको आत्मा कहिल्यै मर्दैन भन्ने भाव अत्यन्त मार्मिकरूपमा व्यक्त भएको छ । यसैगरी उनले नेपाल र नेपालीका निम्ति राष्ट्रिय एकता अत्यन्त महत्त्वपूर्ण छ भन्ने भाव व्यक्त गरेका छन् ।

### ४.४.२.४ आध्यात्मिक चिन्तन

पीताम्बर अधिकारीले आध्यात्मिक चिन्तनमा आधारित भएर पनि कविता लेखेका छन् । उनको आध्यात्मिक चिन्तनमा आधारित भएर लेखिएको कविता **अद्वैत संस्था** हो । जीवनको उत्तरार्द्धतिर अधिकारी वेदान्ती चिन्तनतर्फ आकृष्ट भएकाले अद्वैत संस्थाको परिचय दिँदै ईश्वरवादी दृष्टिकोण वा ईश्वरको सर्वव्यापकताको अत्यन्त सुललित वर्णन यस कवितामा गरेका छन् । त्यसैगरी अधिकारीले यस कवितामार्फत् जीवनका निस्सारता, विसङ्गति, मृत्युबोध र शून्यतालाई अभिव्यञ्जित गर्ने प्रयत्न पनि गरेका छन् । कवि पीताम्बर अधिकारीले पूर्वीय अध्यात्मदर्शनबाट प्रभावित भएर यो कविता लेखेको देखिन्छ ।

यसरी पीताम्बर अधिकारीले उपर्युक्त विविध विषयवस्तुमा आधारित कविताहरू प्रस्तुत गरेका छन् ।

### ४.४.३ संरचना

संरचनाका दृष्टिले हेर्दा कवि अधिकारीले कविताको लघुरूप फुटकर कविता लेखेको पाइन्छ । उनका सबै कविताहरू पद्यलयमा रचिएका छन् । उनको **मान्छे** शीर्षकको कविता तीन श्लोकमा संरचित छ भने **नदी र पाखुरा हाम्रा भाग्य रेखा नेपालका**, कविता ६ श्लोकमा संरचित छ । त्यसैगरी **उद्बोधन** कविता ९ श्लोकमा संरचित छ । अधिकारीका हालसम्म प्रकाशित जम्मा चारवटा कवितामध्ये सबै भन्दा लामो कविता **अद्वैत संस्था** हो । यो कविता १९ श्लोकमा संरचित छ ।

### ४.४.४ लयविधान

पीताम्बर अधिकारीका सबै फुटकर कविताहरू पद्यलयमा रचिएका छन् । उनका प्रकाशित चारवटा फुटकर कवितामध्ये **मान्छे** र **नदी र पाखुरा हाम्रा भाग्य रेखा नेपालका,** कविता मन्दाक्रान्ता छन्दमा रचिएका छन् भने **उद्बोधन** कविता इन्द्रबज्रा छन्दमा रचिएको छ । त्यस्तै **अद्वैत संस्था** कविता अनुष्टुप छन्दमा लेखिएको छ ।

अधिकारीले आफ्ना सबै कवितामा अनुप्रासको प्रयोग गरेका छन् । यसबाट उनका कवितामा लयात्मकता थपिएको पाइन्छ । तल पीताम्बर अधिकारीका छन्दोबद्ध कविताका केही नमुनाहरू प्रस्तुत गरिएका छन्-

*मेचीकाली सरसर हवा बीचमा रोकिँदैन*
*तन्नेरीका सबल भुज यो छेकिदा छेकिदैन*
*कोशी हाम्रो विपुल महिमा दानले सिद्धिदैन*
*थोपा थोपा सकल सकिए भावना रित्तिदैन*
*(नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका)*

*बटुल्न ए ! वर्ग त वीर जस्तो*

*शहीद जस्तो अनि साधु जस्तो*

*उठेर के सर ! गिरेर जाने*

*बलेर के झ्याप निभेर जाने*

(**उद्बोधन**)

*त्यसैले जसरी हुन्छ जीवनमुक्त सबै बनौँ*

*जहाँ जहाँ बसेका छौँ त्यहीबाट सिँढी चढौँ*

(**अद्वैत संस्था**)

### ४.४.५ बिम्ब र अलङ्कार

कविताको महत्त्वपूर्ण तत्त्व बिम्ब र अलङ्कार पनि हुन् ; यिनले कवितालाई अलङ्कृत तुल्याउँछन् । अधिकारीका फुटकर कवितामा रहेका केही बिम्ब र अलङ्कार यसप्रकार छन् -

क) *कोल्टो फेर्ला युग सँगसँगै झुल्कलान जून घाम*

*आँखा खोल्दा मृतक लहरा जिन्दगीको बिहान*

(**नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका**)

ख) *अनन्तको जीवन सिन्धुबाट*

*झर्ना झरेको तँ नवीन फाँट*

*प्रकाश झैँ ए! अब फैलिदे त*

*विकास झै जीवन हाँसिदे त*

(**उद्बोधन**)

उपर्युक्त उदाहरण (क) मा जून-घाम जस्ता बिम्बको प्रयोग भएको छ भने अन्य कविताभित्र बादल, आकाश, मासु, रगत, गगन, हिमगिरि जस्ता बिम्बको

प्रयोग भएको छ । उदाहरण (ख) मा जीवनलाई विकाससँग तुलना गरिएको हुनाले उपमा अलङ्कारका रूपमा प्रयुक्त भएको छ ।

### ४.४.६ कथनपद्धति तथा भाषाशैली

पीताम्बर अधिकारीका उपर्युक्त सबै फुटकर कविताहरू वर्णनात्मक पद्धतिमा आधारित छन् । उनका सबै कविता तृतीयपुरुष शैलीमा लेखिएका छन् ।

अधिकारीले आफ्ना उपर्युक्त कविताहरूमा सरल, सरस र सुबोध भाषाको प्रयोग गरेका छन् । नेपाली पदावलीको समुचित विन्यास उनको भाषाशैलीगत वैशिष्ट्य हो । गोधुली अगम, अणु, जलथल, गगन, सबल, कण, हिमगिरि, मृदुल, गाथा, वीर, सिन्धु, नवीन, हिमशैल, कर्म, ब्रह्माण्ड, सृष्टिजस्ता प्रचलित तत्सम शब्दहरू उनका कवितामा प्रयोग भएका छन् । त्यसैगरी उनले स्वाट्ट, सर्र, सरसर जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग गरी आफ्ना कविताको भाषाशैलीलाई आकर्षक तुल्याएका छन् ।

### ४.४.७ निष्कर्ष

पीताम्बर अधिकारीले आफ्ना सिर्जनायात्राका प्रारम्भदेखि नै फुटकर कविता सिर्जना गर्न थालेका हुन् तापनि उनको जम्मा चारवटा कविता मात्र हालसम्म प्रकाशित भएका छन् । विभिन्न विषयवस्तुमा आधारित उनका कविता संरचना, लय, कथनपद्धति तथा भाषाशैलीका दृष्टिले निकै सफल छन् ।

## ४.५ फुटकर लेखनिबन्धहरूको अध्ययन

### ४.५.१ लेख-निबन्धहरूको कालक्रमिक विवरण

पीताम्बर अधिकारी २०३५ सालदेखि फुटकर लेखरचनातर्फ प्रवृत्त हुँदै आएका हुन् । उनको पहिलो प्रकाशित फुटकर रचना, **'मसान नाटक र गोपालप्रसाद रिमाल'**

शीर्षकको समालोचना हो । प्रस्तुत समालोचना विहङ्गम दृष्टि (२०३५ असोज) मा प्रकाशित भएको थियो । त्यसपछि उनका लेखहरू **ललिता, बालक, मिर्मिरे, पशुपति क्षेत्रजस्ता** विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएको पाइन्छ । पीताम्बर अधिकारीका आजसम्म प्रकाशित लेखहरूको कालक्रमिक विवरण यसप्रकार छ -

| लेखशीर्षक | विधा | सङ्कलित पत्रिका/ग्रन्थ |
|---|---|---|
| मसान नाटक र गोपालप्रसाद रिमाल | समालोचना | **विङ्गम दृष्टि** वर्ष १, अङ्क १, २०३५, असोज |
| चार पाइला एकफड्को | समालोचना | **ललिता** वर्ष ११, प्रकाशन ६, २०३५, फागुन |
| देशभक्ति | निबन्ध | **बालक** द्वैमासिक, वर्ष २४, अङ्क ४, २०४५, असोज-कार्तिक |
| कोइराला र मैनाली | समालोचना | **मिर्मिरे** पूर्णाङ्क १०६फागुन-चैत्र, २०५० |
| वर्णाश्रम व्यवस्था | वैचारिक लेख | **पशुपति** क्षेत्र वर्ष १०, अङ्क १३, २०६० कार्तिक |

यहाँ यी  रचनाहरूको समान्य चर्चा गरिएको छ ।

### ४.५.१ मसान नाटक र गोपालप्रसाद रिमाल

**मसान नाटक** र **गोपालप्रसाद रिमाल पीताम्बर** अधिकारीको सबभन्दापहिलो प्रकाशित समालोचनात्मक लेख हो । प्रस्तुत समालोचनात्मक लेख २०३५ साल असोजको **विहङगम दृष्टि** त्रैमासिकको वर्ष १, अङ्क १ मा प्रकाशित भएको छ । यसमा अधिकारीले गोपालप्रसाद रिमालको सर्जक व्यक्तित्वका बारेमा सङ्क्षिप्त चर्चा गर्दै **मसान** नाटकको कथासार, चरित्र चित्रण, समस्यामूलकता, द्वन्द्व र यसको अन्त्यको स्थितिबारे चर्चा गरेका छन् । समालोचना, भए पनि यसमा लेखकले समालोचनाको भाषाभन्दा पनि निबन्धात्मक भाषाको प्रयोग गरेका छन् । छोटा र

प्रायः कर्ताहीन वाक्यको प्रयोग भएको यस समालोचनामा **मसान** नाटकको सटीक विश्लेषण गरिएको छ ।

### ४.५.३ चारपाइला एक फड्को

**चारपाइला एक फड्को** पनि पीताम्बर अधिकारीको समालोचनात्मक लेख नै हो । प्रस्तुत लेख पाटन संयुक्त क्याम्पसद्वारा प्रकाशित **ललिता** वार्षिक (वर्ष ११, प्रकाशन ६, २०३५ : १-५) मा छापिएको छ । यसमा पारि**जातका शिरीषको फूल, तोरीबारी बाटा र सपनाहरू, महत्ताहीन, र वैंसको मान्छे** कृतिलाई **पारिजातका चारपाइला**का रूपमा प्रस्तुत गरिएको छ । यो समालोचनात्मक लेख भए पनि यसको प्रस्तुति भने निबन्धात्मक र काव्यात्मक छ । यस लेख पीताम्बर अधिकारीले आफ्नै शैलीमा तर्क र भावनाको समिश्रणबाट पारिजातका उपर्युल्लिखित चारवटा कृतिको चर्चा गरेका छन् । यसमा मूलतः तुलनात्मक पद्धतिको प्रयोग गरिएको छ । यसमा पारिजातका चारवटा उपन्यासको विषय र सारसँग पारिजातको जीवनलाई तुलना गर्दै काव्यात्मक ढङ्गको समालोचना गरिएको छ ।

### ४.५.५ देशभक्ति

**बालक,** द्वैमासिकको वर्ष २४,अङ्क ४ (२०४५:३१-३४) मा छापिएको 'देशभक्ति' शीर्षको निबन्ध बाल निबन्ध हो । मुख्यतः किशोर किशोरीहरूमा देशभक्तिको भावना जगाउने उद्देश्यले लेखिएको यस निबन्धले ढुङ्गा, माटो, नदी, मैदान, प्राकृतिक सौन्दर्य वा भेष-भूषा र संस्कृतिलाई मात्र देश भन्न सकिँदैन देश भनेको यी सबैका अतिरिक्त सम्पूर्ण देशवासीको आपसी प्रेम सद्भाव र ममताको समिश्रण पनि हो भन्ने सन्देश दिएको छ । यसमा नेपालको प्राकृतिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक , धार्मिक, राजनीतिक सन्दर्भको सङ्क्षिप्त चर्चा गर्दै देशभक्तिको महिमा गाइएको छ । आफ्नो राष्ट्रप्रति गहिरो सद्भाव राख्ने अधिकारीले यस निबन्धमार्फत् सच्चा देशभक्त बन्नका लागि आफ्नो राष्ट्रको संरक्षण र सम्बर्द्धन

गरी राष्ट्रका हरेक संरचनाप्रतिको गहिरो प्रेमका साथै प्रत्येक संरचनालाई आस्था र उपयोगिताका प्रमुख केन्द्रका रूपमा स्थापित गर्नुपर्ने शिक्षा दिएका छन् ।

### ४.५.५ *कोइराला र मैनाली*

*कोइराला र मैनाली* पीताम्बर अधिकारीको **मिर्मिरे** (पूर्णाङ्क १०६, २०५० फागुन-चैत्र) मा प्रकाशति समालोचनात्मक लेख हो । प्रस्तुत समालोचनात्मक लेखमा विश्वेश्वरप्रसाद र कोइराला र गुरुप्रसाद मैनालीद्वारा लिखित कथाहरू क्रमशः **शत्रु** र **परालको आगो**का तुलनात्मक चर्चा गर्दै कोइरालालाई मनोवैज्ञानिक कथाकार र मैनालीलाई सामाजिक कथाकारको रूपमा चिनाइएको छ । **परालको आगो** र **शत्रु** कथाको तुलना गर्ने सन्दर्भमा कथा र लघुकथा, कथासँग निबन्ध र एकाङ्कीको सम्बन्धका बारेमा पनि चर्चा गरिएको छ । यसमा **शुत्र** कथाका पात्र कृष्ण राय र उक्त कथामा वर्णित घटनाहरूबारे सूक्ष्म तर सङ्क्षिप्त रूपमा लेखकले टिप्पणी गरेका छन् । साथै **परालको आँगो** कथाका पात्र चामे र गौथली । त्यसमा घटित घटनाका बारेमा पनि यस लेखमा टिप्पणी गरिएको छ । यसमा लेखकले **शत्रु** कथालाई विश्लेषणात्मक र **परालको आँगो** कथालाई चलचित्रात्मक भन्दै यी दुई कथाका विभिन्न पक्षको तुलना गरिएको छ । यसरी तुलना गर्दा यी दुई कथाका बीचमा देखिने समानता र भिन्नताको सूक्ष्म पहिचान दिन सक्नु यस समालोचनाको प्राप्ति हो ।

### ४.५.६ वर्णाश्रम व्यवस्था

पीताम्बर अधिकारीद्वारा लिखित प्रस्तुत वैचारिक लेख **पशुपतिक्षेत्र** पत्रिका (वर्ष १०, अङ्क १३, २०६०: ५९-६०) मा छापिएको छ । प्रस्तुत लेखमा हिन्दू धर्मशास्त्रको मुल आधार वेदमा वर्णन भएबमोजिम वर्णाश्रम व्यवस्थाका बारेमा प्रकाश पारिएको छ । यसमा चारवर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र तथा चार आश्रम ब्रह्मचर्य , गृहस्थी, वानप्रस्थ र सन्यासको चर्चा गरिएको छ । वर्ण र आश्रम मिलेर

बनेको वर्णाश्रमबारे स्पष्ट पार्ने प्रयत्न लेखकले यसमा गरेका छन् । यसमा वैदिक सनातन धर्म अर्थात् वेदले बताएअनुसार भगवान्का मुखबाट ब्राह्मण, पाखुराबाट क्षेत्री, कम्मरबाट वैश्य र चरणबाट शुद्र उत्पन्न भएका हुन् तर चरणबाट जन्मिएकाले शुद्र तल्लो जात हुन सक्दैन । एउटै पिताका सन्तान विभिन्न जात कसरी हुन सक्छन् भन्दै ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र सबै समान छन् भन्ने लेखको आशय रहेको छ ।

त्यस्तै आश्रमका सम्बन्धमा उमेर-अवस्थाअनुसार २५ वर्षसम्म ब्रह्मचर्यको पालना गर्दै शिक्षा आर्जन गर्ने र २५ वर्षदेखि ५० वर्षसम्म गृहस्थाश्रममा प्रवेश गरी कर्म गर्ने, ५० देखि ७५ वर्षसम्म वानप्रसथ अर्थात् विस्तारै शरीर वा इन्द्रियलाई निग्रह गर्ने र ७५ देखि १०० वर्षको अवस्था भनेको सन्यास अर्थात् सबै भौतिक पदार्थहरूलाई त्यागेर मोक्ष प्राप्तिको चाहना राख्दै परमात्मको ध्यान गर्ने अवस्था हो र यस अवस्थामा शरीर अत्यन्त शिथिल हुन्छ भन्दे चार आश्रमका बारेमा चर्चा गरेका छन् ।

प्रस्तुत लेखमा हामी रोगी हौ, संसार ठूलो अस्पताल हो भन्दै लेखकले भगवान्लाई डाक्टरको रूपमा मानेका छन् । यस वैचारिक लेखमा मूलतः वर्णाश्रम व्यवस्थाको अर्थ र सान्दर्भिकताका बारेमा चर्चा गरिएको छ ।

## ४.५.७ निष्कर्ष

पीताम्बर अधिकारीले आफ्ना उपर्युक्त लेखहरूमा वर्णनात्मक, विवेचनात्मक तथा तुलनात्मक शैली अँगालेका छन् । उनका **मसान नाटक र गोपालप्रसाद रिमाल**, **चार पाइला एकफड्को र कोइराला र मैनाली** समालोचनात्मक लेखमा तुलनात्मक तथा विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । त्यस्तैगरी कोइराला र मैनाली मा भने तार्किक शैलीको पनि प्रयोग भएको पाइन्छ । त्यसैगरी ‘देशभक्ति’, निबन्धमा वर्णनात्मक शैलीको प्रयोग छ भने ‘वर्णाश्रम व्यवस्था’ वैचारिक लेखमा वर्णनात्मक

तथा विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । उनका सबैजसो लेखहरू सरल भाषामा लेखिएका छन् । विषयवस्तुका दृष्टिले चाहिँ उनले तुलनात्मक र प्रभावपरक समालोचना लेख्न रुचाएको देखिन्छ । यीबाहेक उनले देशप्रेम, संस्कृतिजस्ता विषयमा आधारित भएर पनि लेखहरू लेखेका छन् । निर्धारित शीर्षकको सेरोफेरोमा केन्द्रित रही निजी अनुभूति तर्क र विचारबाट उनले आफ्ना लेखहरू सिँगारेका छन् । उपयुक्त अनेक विशेषतासहित लेख निबन्ध सिर्जनामा सक्रिय पीताम्बर शर्मा अधिकारी नेपाली साहित्यमा एक सृजनशील लेखकका रूपमा पनि प्रतिष्ठित छन् ।

## ४.६ साहित्येतर कृतिको अध्ययन

पीताम्बर अधिकारीले उपन्यास कविता, समालोचनाजस्ता विधाका अतिरिक्त भाषा व्याकरणका विषयमा पनि कलम चलाएका छन् । उनको **सिङ्गो नेपाली व्याकरण** (२०४४) भाषा व्याकरणसँग सम्बन्धित ग्रन्थ हो । श्रीमती राधादेवी अधिकारी प्रकाशक रहेको यस ग्रन्थमा डा. वासुदेव त्रिपाठी र हेमाङ्गराज अधिकारीको मन्तव्य (भूमिका) रहेका छन् । आई. ए. र बी.ए. को अनिवार्य नेपाली व्याकरणलाई चाहिने जति पूरा सामग्री दिने पुस्तकका रूपमा रहेको भनी यस ग्रन्थको प्रकाशकीयमा उल्लेख भएकाले यो पुस्तक उल्लिखित तहको शैक्षिक प्रयोजनका लागि लेखिएको स्पष्ट हुन्छ । यस ग्रन्थमा लेखकको प्राक्कथनलाई **समर्पण पन्चक** शीर्षकको कविताका साथै **मेरो भन्नु** शीर्षकमा राखिएको छ ।

पीताम्बर अकिारी नेपाली विषयका शिक्षक हुन् । आफूले शैक्षिक जीवनमा बटुलेका अनुभवको आधारमा नै उनले प्रस्तुत कृतिको रचना गरेका हुन् । नेपाली भाषाको व्याकरण लेखन परम्परामा धेरै अगाडिदेखि नै विभिन्न प्रयास हुँदै आएका छन् । यसै परम्परामा रहेर पीताम्बर अधिकारीले पनि विद्यार्थीहरूलाई आई. ए. र बी.ए. को अनिवार्य नेपाली विषयको सबै पाठ्यवस्तु समेटिएको व्याकरणको पुस्तक नभएको महसुस गरी विद्यार्थीहरूको समस्यालाई ध्यानमा राखेर यो पुस्तक लेखेको

देखिन्छ । यस कृतिका माध्यमबाट नेपाली भाषाका व्याकरणका नियमहरू सजिलै पढ्न सकिन्छ । यस पुस्तकमा लेखकले व्याकरणका नियम र सूत्रहरूलाई सरल रूपमा प्रस्तुत गरेका छन् । सिङ्गो नेपाली व्याकरण आकारप्रकारका दृष्टिले मध्यम खालको छ । जम्मा १९८ पृष्ठमा संरचित यस पुस्तकमा वर्णविन्यासदेखि वाक्यसम्मका भाषा व्याकरणका विषयवस्तुलाई समेटिएको छ ।

यस ग्रन्थमा जम्मा तीन भाग छन् । यसको प्रथम भागमा वर्णविन्यास, चिह्न परिचय, छपाइ शुद्धि, शब्दभण्डार, कृत् र तद्धित प्रत्यय, नामधातु, समास, अनुकरणात्मक शब्द र प्राविधिक पारिभाषिक शब्दका विषयमा चर्चा गरिएको छ । यसको द्वितीय भागमा नाम, सर्वनाम, विशेषण, क्रियापद, काल, अव्यय र यिनका प्रकारका बारेमा चर्चा गरिएको छ भने तृतीय भागमा वाक्य र यसका प्रकार, वाक्यका अङ्क, पदसङ्गति, वाक्यान्तरण, वाक्यसंश्लेषण, वाक्य विश्लेषण र उक्ति परिवर्तनबारे चर्चा गरिएको छ । त्यस्तैगरी यस ग्रन्थमा जम्मा चार परिशिष्ट छन् । तीमध्ये पहिलो परिशिष्टमा लिङ्ग नियम, दोस्रो परिशिष्टमा वचन नियम, तेस्रो परिशिष्टमा सन्दर्भग्रन्थ (सपरिचय) सूची र चौथो परिशिष्टमा केही प्रश्नहरू राखिएका छन् ।

यस ग्रन्थमा वर्णको लिपिगत अध्ययन गरिएको जनाइएको छ । वर्णविन्यासअन्तर्गत ह्रस्वदीर्घ श-ष-स, ब, व, व-ओ, य, ए, ये, ऋ-रि, क्ष- छे , क्षय, छय, शिरबिन्दु, हलन्त पदयोग, पदवियोग, चिह्नपचिरय, छपाई शुद्धि आदि बारेमा चर्चा गरिएको छ । शब्दनिर्माण प्रक्रियाका साथै प्राविधिक र पारिभाषिक शब्दहरूका बारेमा यस ग्रन्थमा विस्तृत चर्चा गरिएको छ । **मध्यचन्द्रिका, बहृत् नेपाली व्याकरण राम्रो रचना मीठो नेपाली, रचना केशर, नेपाली व्याकरणको सङ्क्षिप्त दिग्दर्शन, नेपाली वर्ण विन्यास, व्याकरणबोध विवेचना, अनिवार्य नेपाली व्याकरण निर्देशिका** जस्ता पूर्वप्रकाशित ग्रन्थहरूलाई आधार मानेर लेखिएको यस ग्रन्थमा शब्द वर्गका बारेमा, वाक्यका प्रकारका बारेमा पनि विस्तृत चर्चा गरिएको छ ।

प्रस्तुत ग्रन्थ मूलतः पाठ्यक्रमसँग सम्बन्धित भएकाले यसको प्राप्ति र सीमा त्यही अनुरूप छ । त्यसैले लेखकको मौलिक विशिष्टता भन्दा पनि आफ्नो लामो शिक्षण अनुभवलाई सरल ढङ्गमा प्रस्तुत गरिएको यस ग्रन्थले नेपाली व्याकरणका पक्षमा प्रशस्त जानकारी दिएको छ । यो व्याकरण सरल, सुबोध एवम् सम्प्रेष्य भाषाशैलीमा लेखिएको छ । विद्यार्थीहरूको शैक्षिक स्तरलाई ध्यानमा राखेर लेखकले यसमा सरल भाषा र रसिलो शैलीको प्रयोग गरेका छन् । अधिकारीले व्याकरणका कठोर नियमलाई यसमा विभिन्न रमाइला उदाहरणका माध्यमबाट सहज तरिकाले प्रस्तुत गरेका छन् । यस कृतिले विद्यार्थीहरूको ध्यान नेपाली भाषाव्याकरणतर्फ आकृष्ट गर्न सक्ने देखिन्छ ।

# पाचौँ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

पीताम्बर अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा प्रस्तुत शोधपत्रका दुई, तीन र चार परिच्छेदमा विवेचना गरी सकिएको छ । अब यस परिच्छेदमा उपर्युक्त परिच्छेदहरूमा गरिएको विवेचनाको निष्कर्ष प्रस्तुत गरिएको छ ।

पिता षडानन्द र माता कौशलादेवी अधिकारीका कोखबाट जन्मका दृष्टिले चौथो र जीवित सन्तानका दृष्टिले तृतीय सन्तानका रूपमा २००५ साल श्रावण २१ गते हालको भोजपुर जिल्लाको केउरेनीपानी गा.वि.स. धारापानी मा जन्मिएका पीताम्बर अधिकारी प्राध्यापन पेसालाई जीवननिर्वाहको माध्यम बनाई साहित्य सिर्जना एवम् सम्पादन कार्यमा योगदान पुऱ्याउने क्रियाशील व्यक्तित्व हुन् । मध्यम वर्गीय परिवारमा जन्मिएका अधिकारीको बाल्यकाल आफ्नै घर धारापानीमा पारिवारिक स्नेह र ममतापूर्ण वातावरणमा बितेको पाइन्छ । तत्कालीन परिवेशअनुसार अक्षर चिन्नदेखि लिएर रुद्री , चण्डी , वेद आदि ग्रन्थहरूको अध्ययन गर्ने अवसर उनले आफ्नै बाबु षडानन्दका काखमा घरमा नै प्राप्त गरेका थिए । त्यसपछि उनको औपचारिक शिक्षाको थालनी २०१५ सालमा दसवर्षको उमेरबाट मात्र भयो । त्यतिबेला पढ्नुपर्छ भन्ने विचार लिएर उनी आफै विद्यालय गएका थिए । उनले पढेको पहिलो औपचारिक शिक्षण संस्था दिङ्लाको सीताराम संस्कृत प्रधान पाठशाला हो । त्यहीँबाट नै उनले २०२० सालमा पूर्वमध्यमासम्मको पढाइ पूरा गरे । त्यसपछि अधिकारी मध्यमा तहको पढाइका लागि काठमाडौं आएर काठमाडौंस्थित तत्कालीन राजकीय संस्कृत महाविद्यालय (हालको वाल्मीकि विद्यापीठ) मा अध्ययन गरी २०२१ सालमा प्रथम श्रेणीमा मध्यमा र त्यहीँबाट २०२३ सालमा प्रथम श्रेणीमा शास्त्री परीक्षा उत्तीर्ण गरे । त्यसपछि स्नातकोत्तर तहको अध्ययनतर्फ नलागी उनले शिक्षणकार्य आरम्भ गरे ।

२०२४ सालमा हाङपाङ मा.वि. ताप्लेजुङमा अध्यापक भई जागिरे जीवन आरम्भ गरेका अधिकारीले प्राध्यापन पेसालाई नै जीवननिर्वाहको साधन बनाएका छन् । यस सन्दर्भमा उनले मेदीबुङ मा.वि. ताप्लेजुङ, दिङ्ला मा.वि. भोजपुर, सुनसरी प्रा.वि. सुनसरी, प्रकाशपुर नि.मा.वि. सुनसरी, लेटाङ नि.मा.वि मोरङ र रामकोट मा.वि. काठमाडौंमा शिक्षक भएर अध्यापन कार्य गरेको देखिन्छ । २०३२ मा रामकोट मा.वि. मा अध्यापन कार्य गरिरहेकै बेला उनले शिक्षण पेसालाई निरन्तरता दिँदै नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन प्राइभेट छात्रका रूपमा पूरा गरे । स्नातकोत्तर तहको अध्ययन पूरा भएपछि पुनः पुल्चोक इन्जिनियरिङ क्याम्पस पुल्चोक काठमाडौं, कीर्तिपुर बहुमुख क्याम्पस शिक्षाविभाग जस्ता विभिन्न शिक्षण संस्थामा अध्यापन गर्दै २०३४ सालदेखि पाटन संयुक्त क्याम्पस ललितपुरमा नियुक्त भई अध्यापन गर्न थालेका र हाल त्यहीँ नेपाली विभागमा सह-प्राध्यापकका रूपमा कार्यरत रहेका छन् भने २०३३ सालदेखि उनी अद्वैत संस्था नामक धार्मिक संस्थामा पनि आबद्ध रहँदै आएका छन् ।

उच्च शिक्षा आर्जन गर्ने क्रममा भोजपुरबाट काठमाडौं आएका अधिकारीको जागिरे जीवनको क्रमसँगै नेपाली साहित्यका प्रतिभाहरू प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.ठाकुरप्रसाद पराजुली, प्रा दैवज्ञराज न्यौपाने प्रा.डा. हेमागङ्गराज अधिकारी, समालोचक निनु चापागाईं आदिसँग भेट भयो । उनीहरूको सङ्गत र प्रेरणाबाट साहित्यतर्फ आकर्षित हुँदै आएका अधिकारीको हालसम्म उपलब्ध प्रथम रचना 'कोइराला र मैनाली' शर्षिकको समालोचनात्मक लेख (वि.सं २०३६) हो । त्यसपछि उनले हालसम्म निरन्तर नेपाली साहित्यको सेवा गरिरहेका छन् । आफ्नो सिर्जनयात्राको आरम्भदेखि हालसम्म उनले आधादर्जन जति कविता केही लेख निबन्धहरू , तीनवटा खण्डकाव्य र एउटा उपन्यासमेत लेखेका छन् भने एउटा साहित्येतर कृति पनि प्रस्तुत गरेका छन् । साहित्यतर्फ उनले कविता, खण्डकाव्य, समालोचना, उपन्यास र लेख निबन्ध विधामा कलम चलाएका छन् भने साहित्येतर विधाअन्तर्गत उनले भाषा व्याकरणको क्षेत्रमा कलम चलाएका छन् । यसरी फुटकर

रचनाहरूबाहेक उनका साहित्यिक र साहित्येतरसमेत गरी जम्मा पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् ।

पीताम्बर अधिकारीको प्रथम प्रकाशित पुस्तकाकार कृति **झोडा भित्र** (२०३८) उपन्यास हो । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यस उपन्यासमा उनले पञ्चायतकालीन नेपालको राजनैतिक गतिविधिको चित्रण गरेका छन् र परापूर्वकालदेखि नै नेपाली समाजमा गरिब माथि धनीले गर्ने गरेको शोषणको विरोध गरिएको छ । यसपछि २०३९ सालमा उनको दोस्रो पुस्तकाकार कृति **अन्तिम विचार** खण्डकाव्य प्रकाशित भयो । यसमा उनले जीवन, मुक्ति, पाप, अविधा, ज्ञान, दान, धर्म आदि विषयवस्तुलाई काव्यात्मक रूपमा अभिव्यक्त गरेका छन् । त्यस्तै ज्ञानविना मुक्तिको सम्भव छैन र ज्ञानी भएमा परमात्माको निवास शरीरमा नै हुन्छ, ईश्वर खोज्न अन्यत्र कतै दौड्नु पर्ने आवश्यकता छैन भन्दै मानवलाई ज्ञानी बन्ने सन्देश कवि अधिकारीले यस काव्यमार्फत् दिएका छन् । त्यस्तै साहित्यकार अधिकारीको **सिङ्गो नेपाली व्याकरण** (२०४४) तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । यो कृति भाषा व्याकरणसँग सम्बन्धित छ । आई.ए. र बी.ए. को अनिवार्य नेपाली पत्रलाई चाहिए जति सामग्री दिने उद्देश्यले यो पुस्तक तयार गरिएको देखिन्छ । **रावण** खण्डकाव्य (२०५८) उनको चौथो प्रकाशित पुस्तकाकार कृति हो । यसमा उनले राष्ट्रियता, जातीयता, संस्कृति, मानवीयता जस्ता भावनाहरूलाई समेटेका छन् । त्यसैगरी यसमा अन्तर्राष्ट्रिय स्तरमा शक्तिसम्पन्न राष्ट्रहरूले कमजोर र गरिब राष्ट्रमाथि गरेका अमानवीय व्यवहारको पनि भर्त्सना गरिएको छ । **सेते** खण्डकाव्य (२०५८) उनको अन्तिम पुस्तकाकार कृति हो । यसको विषयवस्तु ऐतिहासिक छ । यसमा दासप्रथाका विकृतिहरूलाई उजागर गरिएको छ र दासप्रथाबाट मुक्त भएकाहरूको दयनीय अवस्थाप्रति सहानुभूति प्रकट गरिएको छ ।

यसरी पीताम्बर अधिकारीका ५ वटा पुस्तकाकार कृतिहरू र केही फुटकर कविता, लेख, निबन्ध र समालोचनाहरू पनि प्रकाशित भएका छन् । यहाँनेर के कुरा

स्मरणीय छ भने पीताम्बरले कतैकतै पीताम्बर अधिकारी 'सरस्वती' नामबाट पनि आफ्ना रचनाहरू प्रस्तुत गरेका छन् र प्रस्तुत शोधपत्रमा उनका पाइएसम्मका सबै रचनाहरू समावेश गर्ने प्रयास गरिएको छ । तर पनि पूर्वप्रकाशित कतिपय पत्रपत्रिकाहरूको अनुपलब्धताले गर्दा उनका सबै फुटकर रचनाहरू यति नै हुन भनी किटानसाथ भन्न सकिने स्थिति चाहिँ छैन ।

पीताम्बर अधिकारीको २०३६ सालदेखि सुरु भएको साहित्य साधनाका क्रममा उनले विविध विषयवस्तुमा आधारित विविध विधाका पुस्तकाकार कृति तथा फुटकर लेखहरूको रचना गरेका छन् । यसरी विविध विधामा कलम चलाएर उनले आफूलाई लेखक, निबन्धकार, उपन्यासकार, कवि, समालोचक तथा भाषा व्याकरणकारका रूपमा परिचित तुल्याएका छन् तापनि तुलनात्मक रूपमा उनलाई अन्य विधामा भन्दा कविता विधामा बढी सफलता प्राप्त भएको देखिन्छ । उनी सिर्जनात्मक सक्रियताका दृष्टिले पनि अन्य विधाका तुलनामा कविता विधामा बढी सक्रिय देखिन्छन् । उनले **अन्तिम विचार** , **रावण** र **सेते** जस्ता तीनवटा खण्डकाव्य र आधादर्जन जति फुटकर कविताहरू प्रस्तुत गरेका छन् ।

आयामका दृष्टिले हेर्दा अधिकारीले कविताका लघु तथा मध्यम रूपको सिर्जना गरेका छन् । यसरी उनी मूलतः फुटकर कविता र खण्डकाव्य सिर्जनामा प्रवृत्त रहेको देखिनछ ।

विषयवस्तुका दृष्टिले हेर्दा पीताम्बरले आफ्ना आफ्ना कवितामा प्रकृतिलाई विषयवस्तु बनाएको पाइन्छ । यसबाहेक उनले दार्शनिक विषयवस्तुका साथै विश्वशान्ति, मानवता देशभक्तिका भावनाहरूलाई पनि समेटेका छन् । त्यसैगरी यिनका रचनामा गाउँ, समाज र राष्ट्रमा व्याप्त सामाजिक विकृति, विसङ्गति, आर्थिक शोषण तथा अन्याय र अत्याचारमा पिल्सिरहेका मान्छेहरूको मार्मिक अभिव्यक्ति पनि पाइन्छ । यसरी उपर्युक्तः विविध विषयवस्तुलाई समेटेर तिनलाई कलात्मक पाराले प्रस्तुत गर्न सक्नु उनको खुबी हो ।

पीताम्बरका कविता काव्यमा विचार पक्षको गहिरो प्रभाव देखिन्छ । उनले आफ्ना तीनवटा खण्डकाव्य र विभिन्न फुटकर कविताका माध्यमबाट स्वदेश तथा धरतीप्रति आस्था राख्नुपर्ने विचार व्यक्त गरेका छन् भने अन्तर्राष्ट्रिय स्तरमा शक्ति सम्पन्न राष्ट्रहरूले कमजोर र गरिब राष्ट्रमाथि गर्दै आएका अमानवीय व्यवहारको भर्त्सना पनि गरेका छन् ।

छन्दविधानका दृष्टिले हेर्दा पीताम्बर अधिकारीले आफ्ना कविता र काव्यकृतिहरूमा शास्त्रीय छन्दको सफल प्रयोग गरेका छन् । उनले आफ्ना कविता काव्यमा शार्दूलविक्रीडित, अनुष्टुप, उपजाति, इन्द्रबज्रा, उपेन्द्रबज्रा, मन्दाक्रान्ता आदि छन्दको प्रयोग गरेका छन् तापनि अनुष्टुप छन्दको प्रयोगमा उनको ज्यादा रुचि रहेको देखिन्छ । यसरी उनी मूलतः शास्त्रीय छन्द अनुसार गर्ने कविका रूपमा स्थापित छन् । उनको छन्दविधानलाई हेर्दा कतैकतै नेपाली व्याकरणका प्रचलित नियमहरूको परिपालन हुन नसकेको देखिन्छ । त्यस्तै भाषाशैलीका दृष्टिले हेर्दा पनि उनका कविता, काव्यमा प्रयुक्त भाषाशैली सरल, सहज, हुँदाहुँदै पनि ठाउँ ठाउँमा उनले अप्रचलित संस्कृतका शब्दहरूको समेत प्रयोग गरेको पाइन्छ । अन्तमा पीताम्बर अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचनाका आधारमा के भन्न सकिन्छ भने अधिकारी एक प्रतिभाशाली बहुआयमिक साहित्य साधक हुन् । खासगरी काव्यको सिर्जनामा प्रवृत्त अधिकारीले नेपाली काव्य परम्पराको सम्बर्द्धनमा योगदान पुऱ्याएको देखिनछ । स्वतन्त्रता, समानता, राष्ट्रियता, संस्कृति, विश्वशान्ति तथा भातृत्वमा आधारित मानवतावादी भावना, आध्यात्मिक चिन्तन, सुधारात्मक भावना, उनका काव्यगत विशेषता हुन् । त्यस्तै प्राकृतिक, दार्शनिक, पौराणिक, ऐतिहासिक सन्दर्भहरू र समसामयिक समाज पीताम्बर अधिकारीका कविता काव्यसिर्जनाका विषयवस्तु हुन् भने वर्णनात्मक, उपदेशाात्मक र संवादात्मक शैली तथा सरल सुबोध शब्दयोजना उनका शैलीगत वैशिष्ट्य हुन् । यसरी पीताम्बर अधिकारी नेपाली कविता परम्परामा स्वच्छन्दवादी तथा काव्यशैलीका दृष्टिले परिष्कारवादी कविका रूपमा स्थापित हुन् पुगेका छन् ।

पीताम्बर अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित यस शोधपत्रमा उनको कृतित्वका बारेमा सामान्य अध्ययन मात्र गरिएको छ । त्यसैले पीताम्बरका कृतित्वका बारेमा भविष्यमा हुन सक्ने त्यस्ता सम्भाव्य शोधशीर्षकहरू यसप्रकार छन्-

- पीताम्बर अधिकारीको खण्डकाव्यकारिताको अध्ययन

- पीताम्बर अधिकारीका काव्यकृतिमा समेटिएको वैचारिक पक्ष आदि ।

# सन्दर्भसूची


अधिकारी, पीताम्बर, **झोडाभित्र**, झापा : विवेचना प्रकाशन, २०३८ ।

अधिकारी, पीताम्बर, **अन्तिम विचार,** काठमाडौंः भरत घिमिरे, अद्वैत संस्था, २०३९ ।

अधिकारी, पीताम्बर, **रावण**, काठमाडौंः लेखक स्वयम्, २०५८ ।

अधिकारी, पीताम्बर, **सिङ्गो नेपाली व्याकरण**, काठमाडौंः श्रीमती राधादेवी अधिकारी , २०४४ ।

अधिकारी, पीताम्बर, **सेते,** काठमाडौंः लेखक स्वयम् , २०५८ ।

प्रधान, कृष्णचन्द्र सिंह ,**नेपाली उपन्यास र उपन्यासकार,** ललितपुरः साझा प्रकाशन, २०५२ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौंः साझा प्रकाशन, २०५६ ।

बराल कृष्णहरि र एटमनेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं : साझा प्रकाशन, २०५८ ।

भट्टराई, घट्टराज, **नेपाली लेखककोश**, काठमाडौं.: लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान , २०५६ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौंः ने.रा.प्र.प्रं, २०६० ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसीः भूमिका प्रकाशन,२०५३ ।

## सन्दर्भ पत्रिकासूची

अधिकारी, पीताम्बर, 'मसान नाटक र गोपालप्रसाद रिमाल', **विहङ्गम दृष्टि,** वर्ष १, अङ्क १, २०३५ असोज ।

अधिकारी, पीताम्बर, 'चार पाइला एक फड्को' **ललिता,** वर्ष ११, २०३५ फागुन ।

अधिकारी, पीताम्बर, 'देशभक्ति', **बालक,** वर्ष २४, अङ्क ४, २०४५ असोज- कार्तिक ।

अधिकारी, पीताम्बर, 'कोइराला र मैनाली', **मिर्मिरे,** २०५० फागुन-चैत्र ।

अधिकारी, पीताम्बर, 'वर्णाश्रम व्यवस्था', **पशुपतिक्षेत्र,** वर्ष १०, अङ्क १३, २०६० कार्तिक ।

अधिकारी, पीताम्बर, 'उद्बोधन', **युवा,** अङ्क २, २०३५ श्रावण-आश्विन ।

अधिकारी, पीताम्बर, 'नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका', **कविता,** मार्ग-पौष पुनः प्रवेशाङ्क १, २०३६ ।

अधिकारी, पीताम्बर, 'अद्वैत संस्था', **अन्तिम विचार खण्डकाव्यभित्र,** २०३९ जेठ ।

अधिकारी, पीताम्बर, 'मान्छे', **संचेतना,** वैशाख अङ्क १०, २०४३ ।